# अमर ज्योति

६५

साहित्यिक त्रैमासिक



फागुन–२०८१

(नेपाल विद्युत प्राधिकरणको साहित्यिक प्रकाशन)


नेपाल विद्युत प्राधिकरण
स्थापित-२०४२
ESTD. 1985
NEPAL ELECTRICITY AUTHORITY
विद्युतीय भान्छा, विद्युतीय यातायात ।
स्वच्छ वातावरण, खर्चमा किफायत ।।

जि.प्र.का. काठ. द.नं. १७७/०७२/०७३

वर्ष : २१, पूर्णाङ्क ६५
(पुस–फागुन, २०८१)

# अमर ज्योति

साहित्यिक त्रैमासिक


संरक्षक

**कुलमान घिसिङ**

प्रधान सम्पादक

**कृष्णदेव रिमाल 'शब्दसेना'**

कार्यकारी सम्पादक

**विष्णुप्रसाद आचार्य 'अतृप्त'**

सम्पादक समिति

**मुकुन्दप्रसाद प्रसाईं**
**आविष्कार कला**
**मिमन पुलामी**

व्यवस्थापक

**भोला शर्मा**
**रीता चालिसे (खनाल)**
**सङ्गीता अधिकारी (पौडेल)**
**शारदा भट्टराई पोखरेल**
**बलराम पुडासैनी**
**शारदा पराजुली**

आवरण कला

**उपेन्द्र शिवाकोटी**

सल्लाहकार

**मातृका पोखरेल**
**कुलप्रसाद पराजुली**
**वीरेन्द्र पाठक**
**केशवप्रसाद रूपाखेती**
**विष्णुबहादुर सिंह**
**पुण्य घिमिरे**
**रामेश्वर राउत 'मातृदास'**

**स्थानीय प्रतिनिधिहरू**

बद्री न्यौपाने, विराटनगर,
नवराज भट्ट, नेपालगन्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा
लोकविक्रम मल्ल, सुदूरपश्चिम प्रदेश
खगेन्द्र अधिकारी, खोटाङ
सुशीला रायमाझी, हेटौंडा



प्रकाशक

**विद्युतकर्मी साहित्यिक समाज**

नेपाल विद्युत प्राधिकरण



सम्पर्क

रत्नपार्क, काठमाडौं, नेपाल
विद्युतीय ठेगानाः amarjyoti@nea .org .np, फोन नं. : ०१–४१५३०८९


मूल्य रुः १२०.००

आवरण चित्र : इलाम

नोटः *अमरज्योतिमा प्रकाशित रचनाको सम्पूर्ण जिम्मेवारी लेखक स्वयम्मा नै रहने छ ।*

# सघन साहित्यिक विमर्शको अपरिहार्यता

मनोगत विश्लेषणले आत्मगत सत्य जन्माए तापनि त्यस्तो सत्यले सामाजिक अनुमोदन प्राप्त गर्न सक्तैन । तसर्थ, बहुस्वीकार्य तथ्यको सन्धान गर्न र त्यसको प्रभावकारी कार्यान्वयनका लागि विषय केन्द्रित सामूहिक बहस अपरिहार्य हुन्छ ।

गाउँमा हुने स्वतःस्फूर्त ‘चकटी बहस’ होस् वा शहरको कौचमा बसेर गरिने औपचारिक ‘हाइ टि’ सेमिनार; त्यहाँ विविध विषयमा छलफल भए पनि एकाध बाहेक भाषा, साहित्य, कला र संस्कृतिको प्रवर्द्धन गर्ने विषयले मुख्य एजेन्डा बन्ने सौभाग्य पाएको बिरलै सुन्न पाइन्छ ।

कला, संस्कृति, भाषा र साहित्यको उमारक्षेत्र गाउँ नै भएकाले उक्त सम्पदाहरूको जगेर्ना गर्ने सामर्थ्य पनि गाउँसँगै हुन्छ । गाउँबासीमा यस विषयमा सङ्गठित जागरण उत्पन्न नभएकाले सो क्षेत्रमा सिर्जित सम्पदाहरू स्याहारसंभार बिना असरल्ल फुलेका जङ्गली फूलसरह भएर रहेका छन् । शहरमा हुने एकाध गतिविधिले मात्र नेपालीपन बोकेको यस्तो विराट ऐतिहासिक र मौलिक भाषिक–साहित्यिक विरासतलाई धान्न सक्ने अवस्थाको परिकल्पना गर्न पनि सकिँदैन ।

प्रायोजित बाहेक नेपालका गाउँ–शहरमा स्वतःस्फूर्त रूपमा हुने छलफलमा ‘राजनीति’ र ‘अर्थनीति’ नै मूल विषयवस्तु बनेको देखिन्छ । नेपालको सन्दर्भमा संघदेखि स्थानीय सरकारसम्मको गठन–विगठन, तिनीहरूको कार्यशैली, सरकारको आयु र भावी कार्यदिशा, गरिबी निवारण, रोजगारी सिर्जना आदिका बारेमा व्यक्तिहरू बीच गरमागरम बहस चल्ने गरेको सन्दर्भ जगजाहेर नै छ ।

मानव जातिले स्वभावतःप्रत्यक्ष र तत्काल लाभ प्राप्त हुने व्यावहारिक विषयमा ध्यान केन्द्रित गर्छन् । उत्पादन, रोजगारी, आय आर्जन, लगानी जस्ता आधारभूत व्यावहारिक ज्ञान प्राप्त गर्न आर्थिक–राजनीतिक प्रणाली र अर्थराजनैतिक दर्शन बुझ्नै पर्ने हुन्छ । तसर्थ नेपाल जस्तो अति कम विकसित मुलुकमा हालसम्म साहित्यिक भन्दा अर्थराजनीतिक विषयले बढी चर्चा पाउन स्वाभाविक पनि छ ।

यता साहित्यलाई चाहिँ प्रत्यक्ष आर्थिक वा व्यवसायिक फाइदा हुने क्षेत्र मानिँदैन । कला, कल्पना, भावनात्मक संवेदनशीलता, सौन्दर्य आदि पक्षसँग सम्बन्धित हुनाले यसलाई मनोरञ्जनको माध्यमका रूपमा मात्र लिने चलन छ । राजनीति र अर्थनीतिले भोकको ज्वाला साम्य गर्न रोटी खोज्ने उपाय प्रदान गर्छ भने साहित्यले फूल र जूनको सौन्दर्यपान गरेर कल्पनामा रमाउन मात्र सिकाउँछ भन्ने आम विश्वास रहि आएको छ ।

हुन पनि हो, लियोनार्दो दा भिन्ची यदि भोकै थिए भने उनी मोनालिसाको ओठबाट फुस्कन लागेको सौन्दर्यलाई घण्टौँसम्म टोलाएर हेर्ने र त्यसलाई चित्रमा उतार्ने लेठोमा लाग्नुको सट्टा रोजीरोटीको पेशा खोज्नेतर्फ उद्यत हुने थिए होलान् ।

आधारभूत आवश्यकता पूरा भएपछि मान्छेले खोज्ने भनेको चाहिँ मनोरञ्जन र सौन्दर्य नै हो । त्यस्तो सौन्दर्य/मनोरञ्जन भाषा, साहित्य, कला र संस्कृतिबाट सविचार प्रकट हुन्छ । हाल नेपालमा आर्थिक समृद्धिका लागि प्रशस्तै पूर्वाधारहरूको विकास हुँदै गरेको अवस्था छ । त्यसैले यस अघि जेजसो भए पनि अब हुने डबली र चौतारीका जमघटहरूमा अन्य विषयमा झैं भाषा, साहित्य, कला र संस्कृतिका विविध आयामहरूका बारेमा समेत सघन विमर्श गरिनै पर्छ ।

यस्तो विमर्शले जनमनको मानसिक विरेचन गर्दै नागरिकमा नैतिकता, सदाचार, सहिष्णुता, सहअस्तित्व, मेलमिलाप, बौद्धिक चेतनाजस्ता अध्यात्मप्रेरित आधारभूत मूल्यहरू थप्ने कार्य गर्छ । 'नपाउन्जेल सत्ताको मोह र पाएपछि सत्ताको मात'को मान्यतालाई अवलम्बन गर्ने र 'राजनीतिमा कोही स्थायी शत्रु र मित्र हुँदैनन्' भन्ने 'रेडिमेड दर्शन' बोक्ने राजनैतिक दलमा आबद्ध व्यक्तिहरूमा वैचारिक शुद्धिकरण ल्याउन समेत साहित्य र समकक्षी यस्तै विधाहरूबाट मात्र सम्भव हुने देखिन्छ ।

साहित्य विनाको राजनीति र अर्थनीति संवेदनहीन हुन्छ । फेरि यी दुवै क्षेत्रलाई शुद्ध, सङ्लो र परिष्कृत नतुल्याई देश निर्माणको अभियान सफल हुन पनि सक्तैन । यसका लागि राजनीतिज्ञ र अर्थविदहरूको रगतमा प्रचुर मात्रामा नैतिक र मानवीय मूल्य घोलिदिनु पर्छ । यो कार्यभार साहित्य र सो सरहका यस्तै समकक्षी विधाहरूलाई औजार बनाएर मात्र पूरा गर्न सकिन्छ ।

'सर्वाङ्गीण विकास'को मीठो फल आस्वादन गर्न भौतिक विकास र मानव विकासका क्रियाकलापहरूलाई समानान्तर रूपले अगाडि बढाइनु आवश्यक छ । विकासभित्र मानव विकास पनि पर्ने र मानवको आचार-विचार र व्यवहारमा परिवर्तन नभई मानव विकास भएको नमानिने हुँदा सामाजिक मर्यादा अनुकूल हुने गरी मानव व्यवहारको विकास गर्दै समाजको नैतिक, सांस्कृतिक र मानसिक स्तर उकास्नका लागि चिया पसल, चौतारी, डबली, पार्क, मठमन्दिर, पार्क आदिमा साहित्यिक विमर्श चलाउन अब विलम्ब गर्नु हुँदैन ।

– अतृप्त

# ◆ विषय-क्रम


● **कथा/लघुकथा**

केबुलकारकी केटी — मोहनराज शर्मा/५
माया — राजु शर्मा/३५
शरण — लीलाराज दाहाल/६९
अवतरित सपनासँगको जम्काभेट — भीमराज कडरिया/७२

● **कविता/गीत/मुक्तक/चारु**

जस्तो कि प्रेमध्वज प्रधान — ठाकुर बेलवासे/१८
हाम्रो समाधिस्थल — आत्माराम न्यौपाने 'गोगने'/४२
कविता शरणार्थी होइन — सानुराजा श्रेष्ठ 'अन्जान'/७९
पचास प्रतिशत छुट — जयराम आचार्य/८०
उच्चस्तरीय संयन्त्र गठन गरौं — अनिल पौडेल/८२
गीत — श्यामकृष्ण डंगोल 'प्रतीक्षा'/८३
यस्तो होस् कविता — सृजना सरोवर/४७
गीत — सुमन शिरीष पोखरेल/७०
पाँच मुक्तक — नारायणप्रसाद आचार्य/५६
तीन थान चारु — अतृप्ताचार्य/७१

● **निबन्ध/नियात्रा/संस्मरण**

अब ती दिन हाम्रा रहेनन् — चिरञ्जीवी दाहाल/२८
छैमलेको छानोमा, चुपचाप चौकोटदेवी — शोभा शरभ/४८
संस्मरणमा गढीमाई मेला — अच्युतप्रसाद पौडेल 'चिन्तन'/४३

● **लेख**

नेपाली नागरिकताको प्रमाणपत्र नै
हाम्रो राष्ट्रिय परिचयपत्र हो । — रामेश्वर राउत 'मातृदास'/२१
मास्टरीमा रुचि नभएका हेडमास्टर — हरिप्रसाद अधिकारी/५७

● **कृति विचरण**

नेपाल, पशुपति र शिवलिङ्ग चिनाउने ज्ञान सूचक — युवराज शर्मा/८४
पाठकको लहरी-लहरी — अरुणबहादुर खत्री 'नदी'/८७

# केबुलकारकी केटी



मोहनराज शर्मा

केबुलकारको बट्टा डोरीमा झुल्दैझुल्दै हावामा घस्रिंदै छ । बट्टाभित्र म छु ऊ छ र हरू कोही छैन । यतिखेर केबुलकारमा बम पड्काउने हल्ला बढी फिंजिएको हुँदा मानिसको घुइँचो एकदमै घटेको छ । पूरै वातावरणमा त्रासको तीखो तेजाब र आतङ्कको कडा बारुद टन्कने किसिमले गानिएको छ ।

एउटै बट्टाको यात्री भए पनि ऊ को हो भन्ने मलाई थाहा छैन र म को हुँ भन्ने उसलाई थाहा छैन । ऊ पल्लो सिटमा बसेकी छ र म वल्लो सिटमा बसेको छु, एकदमै आमुन्नेसामुन्ने । आफ्नो ठाउँमा, कुचुक्क परेर ऊ आफूभित्र गुँडुल्किएकी छ, घमलङ्ग बिरानोपन ओढेर । म पनि आफूभित्रै गुँडुल्किएको छु, घमलङ्गै बिरानोपन ओढेर । बट्टाभित्र मेरो बिरानोपन र उसको बिरानोपनको नरमाइलो हुस्से धुम्मिएको धुम्मियै छ ।

ऊ राम्री छ, घाम परेको ऐनाको टुक्रा झैं धप्पै बलेकी छ । ऊ तन्नेरी छ, बैंसको दैलो मचक्क टेकेर उभिएकी छ । उसले नाइटोभन्दा मास्तिर – कसिएको गुलाफी भेस्ट र नाइटोभन्दा तलतिर कसिएकै जिनप्यान्ट लगाएकी छ । भेस्ट र प्यान्टको बीचमा उसको गोरो छालाको उदाङ्ग भूमध्यरेखा छ, जुन रेखाको केन्द्रमा टल्कने सिताराले बुट्टा भरिएको उसको नाइटो प्रकाश र रङ्को अनौठो उपग्रह झिलमिल गर्दो छ ।

अघि म बट्टाभित्र छिर्दा उसले एकपटक मतिर पुलुक्क हेरेकी थिई पानीमा सलबलाएका माछाजस्ता अस्थिर आँखा घुमाएर । त्यसपछि उसले मतिर नहेरे पनि उसलाई धेरै पटक हेरिसकेको छु र बारम्बार उसको चिल्लो अनुहारबाट तल चिप्लिएका आफ्ना आँखा उसका उन्नत छातीमा अड्याएको छु ।

उसका कसिला, भरिला, बाटुला र उम्लेर भुकलुक्क बाहिर आउलान् जस्ता छाती त्यसैत्यसै मेरा आँखामा गाडिएर बसेका छन् । मैले जबजब उसतिर आँखा

फालेको छु, तबतब ऊ कि मास्तिर आकाश कि तलतिर भुइँ हेरिरहेकी हुन्छे। अहिले बट्टामास्तिर फिंजिएको सारा आकाशमा बादलको कालो अजिङ्गर मडारिंदै छ र बट्टातल पसारिएको समुच्चा धरतीमा खडेरीको विशाल बँदेल लडिबुडी खेल्दै छ ।

उता शून्यमा केबुलकार झन्झन् गति बढाएर कुदेको छ भने यता बट्टाभित्र धुम्मिएको बिरानोपनले रिसाएको बिरालो झैं मलाई दर्फराउन थालेको छ । म त्यस झन्झन् लुछ्दो र नङ्ग्रयाउँदो बिरानोपनलाई पन्छाउन के गरौं र कसो गरौं भनेर सोच्दै मात्र हुन्छु, एक्कासि केबुलकारको बट्टा घ्याच्च घ्याच्च झड्का खान र बेसरी हल्लिन थाल्छ । के भएको हो भन्ने आतेसमा डुबेका आँखाले ऊ अकस्मात् मतिर हेर्छ र बिरानोपनको खोल ध्यारै च्यातेर मुख उघार्छे - लौ न, के भाको ?

- तिमी पहिलो पटक केबुलकार चढेको ?

- हो ।

- आत्तिनु पर्दैन, यस्तै हो । केही  भएको छैन ।

- ओहो ! कस्तो डरलाग्दो गरी  हल्लेको !

- धेरै डर लागेको भए मेरो हात समाऊ, डर भाग्छ ।

- आम्मै, मेरो त मुटु पनि कस्तरी ढुक्क गरेको !

- त्यसको पनि उपाय छ । ल, मेरा काँधमा यसो मुन्टो अड्याऊ, तत्काल तिम्रो मुटुको ढुकढुक मथ्थर हुन्छ ।

- बाफ्रे, यो केबुल झर्छ क्यारे, अब मरिन्छ क्यारे !

- मेरा अँगालामा आऊ, यो तल झरे पनि म तिमीलाई मर्न दिन्नँ ।

- खबरदार, मलाई एक्लै देखेर जथाभावी कुरा नगर, म त्यस्ती-उस्ती होइन ।

- म पनि त्यस्तो उस्तो होइन । त्यसो भए अहिले एक्कासि किन तिम्रा आँखाबाट वासनाका भोका जनावर चिहाउँदै छन् त ?

- अहिले म अलिकति भावुक र अलिकति रसिक भएको छु, तर कामुक चाहिँ भएको छैन । एकपटक मेरा आँखा राम्ररी नियालेर हेर, तिनमा तिमी वासनाको भोका जनावर होइन दयामायाका शान्त जनावर देख्नेछ्यौ ।

- चुप लाग ।

- म चुप लागेर बस्न र मनका कुरा पोका पारी लुकाउन जान्दिनँ ।

- त्यसो भए फतफत गर त !

- फतफत होइन, तिमीलाई देखेर मेरा मनमा जागेका सच्चा चाहनाहरू भन्न चाहन्छु, भनौं ?

- भन ।

- ल सुन, तिमी सुन्दर छ्यौ, म तिमीलाई माया गर्न चाहन्छु ! तिम्रा सुडौल वक्षले मलाई लोभ्याएका छन् म तिनलाई छोएर अनुभव गर्न चाहन्छु । अब कुरो किन लुकाउनु, म तिमीलाई भोग्न पनि चाहन्छु तर बलात्कार भने गर्न चाहन्नँ ।

- उस् !

- उस् र इस् होइन, साँच्चै । त्यसो भए के तिमी बलात्कार गर्दिनँ भनेर बाचा गर्छौ त ?

- बाचा गर्छु, म तिम्रो बलात्कार गर्दिनँ भनेर बाचा गर्छु ।

- त्यसो भए तिमी र म साथीसाथी ।

- हो साथीसाथी ।

बाचा माग्दामाग्दै उसले आफ्ना दुवै हात मेरा सामु थापेकी हुन्छे भने बाचा गर्दागर्दै मैले आफ्ना दुवै हात उसका हातमा राखेको हुन्छु । एकछिन्पछि उसले आफ्ना हात सरक्क तान्छे र सारै सन्चो मानेर सास फेर्छे । त्यतिन्जेलमा बट्टा हल्लिन छाडेर स्थिर गतिले उकालो चढ्न थालेको हुन्छ । ऊ तल भुइँमाथि उम्रेको जङ्गलमा दौडिँदै गरेका रूखहरूसँगै लागेर कताकता बरालिन र हराउन लागेकी छ । ऊ त्यतै बरालिएर नहराओस् र फेरि परिवेशलाई बिरानोपनले नगाँजोस् भनेर म हत्त र पत्त कुरो कोट्याउँछु– हामी साथीसाथी भयौं भने चिनजान गरौं न ।

- हुन्छ, चिनजान गरौं । भन साथी, तिम्रो नाम के ?

- म बेदप्रकाश हुँ । साथी, तिमीले मलाई बेदू भने हुन्छ । अनि ...अनि तिम्रो नाम के नि ?

- म सिम्रिक ।

- सिम्रिक, तिमी केबुलकार चढ्न हिँडेकी अथवा दर्शन गर्न ?

- दर्शन गर्न, अनि केबुलकार चढ्न पनि । तिम्रा नि, बेदू ?

- त्यस्तैत्यस्तै हो, दर्शन जुरे दर्शन गर्न र चढ्न जुरे चढ्ने ।

- तिम्रो भनाइ सोझो हो भने ठीक छ, तर घुमाउरो हो भने त खतरनाक छ ।

- अँ हो, मेरो भनाइ सोझो बुझ्नेलाई सोझो हो र घुमाउरो बुझ्नेलाई घुमाउरो हो । सिम्रिक, तिमीले सोझो बुझ्यौ कि घुमाउरो ?

- बेदू, मन्दिर पुग्न अब कति बाटो बाँकी छ ?

- ओहो, कुरा छलेकी ! सिम्रिक, भर्खर त देवीदर्शनको यो यात्रा शुरु मात्र भएको छ ।

- केबुलकारको सवारी क्या रमाइलो होला भनेको त सारै पट्यारलाग्दो हुँदो रैछ ! साथी, मलाई त ओर्लूँ ओर्लूँ भइसक्यो ।

- रमाइलो मानेर गरेको यात्रा रमाइलो हुन्छ र झर्को मानेर गरेको यात्रा पट्यारलाग्दो हुन्छ । हेर सिम्रिक, यो केबुलकार पहिला यस पहाडको टुप्पामा पुग्छ, अनि त्यहाँबाट तल झर्छ अनि अर्को पहाड उक्लिन्छ अनि अर्को डाँडो काट्छ, अनि तल ओर्लिन्छ अनि... !

- अनि के ?

- अनि सब खतम, यो रमाइलो यात्रा समाप्त ।

- एहे, मन्दिर त टाढा पो रैछ !

केबुलकार पहिलो पहाडको उकालो चढेर थकाइ मारे जस्तै गरी एकदमै बिस्तारै हिँड्न लागेको छ । हिँडेको हो कि होइन जस्तो भएपछि सारै झिजिँदै ऊ आफ्ना टाउकाको क्याप फुकाल्छे । क्यापभित्र लुकेर बसेको कालो, चिल्लो र मोटो नाग फुक्का भएर उसका गर्धनमा झर्छ र केस्राकेस्रा भएर कुममा ढलमल गर्दै सलबलाउन थाल्छ । खुल्ला केशले घेरिएको उसको मुहार अहिले स्त्रीत्वको झन् मत्याउने लागू पदार्थ बन्न पुगेको छ । म बल्ल देख्छु उसका निधारतिर लत्रिएका काला कपालका माझमाझमा केही लट्टा हलुका सुनौला रङमा रङ्गिएका छन् । म उसका तिनै काला र सुनौला केशको इन्द्रजालमा अल्झिँदै र बल्झिँदै गरेका बेला मेरा कानमा उसका चर्काचर्का शब्द पर्छन्– बेदू, ए बेदू, कता हरायौ भन्या ? ल, यो लेऊ ।

- के हो यो ?

- चुइङ्गम हो, ल समात ।

- यो त मलाई पनि मन पर्छ, तर यसमा तिमीले लठ्ठ पार्ने औषधि त मिसाएकी छैनौ ?

- के रे ?

- नरिसाऊ न, मैले त यसो ठट्टा पो गरेको !

हलुका हप्की मिसाएर आँखा तर्दै उसले मतिर पिठ्यूँ फर्काउँछे र केबुलकारको झ्यालबाट बाहिर चिहाएर ध्वाँसे शून्यको विराट फलक नियाल्न थाल्छे । म चाहिँ उसको गोरो, चिल्लो र कतै कुनै दागी नभएको नाङ्गो पिठ्यूँ हेरेको हेर्‍यै हुन्छु । उसको पिठ्यूँलाई भेस्टको एउटा पातलो तुनाबाहेक हरू केहीले छोपेको छैन । उसको सुनजल्पे उदाङ्ग पिठ्यूँ देखेर मेरो मनको पोखरीमा उत्तेजनाका भुराहरू चलमलाउन थाल्छन् । र मलाई आफ्ना ओठ उसका पिठ्यूँमा टाँसिदिएर ती चञ्चले भुराहरूलाई त्यहीँ ओकलिदिऊँ जस्तो लाग्छ । म त्यसै गर्थें होला, तर केबुलकार पहिलो पहाडको उकालोबाट लगातार तलतल ओर्लन लागेको हुँदा मेरो कान चिरिक्क गर्छ र दुख्नदुख्न खोज्छ । म उसले दिएको चुइङ्गम मुखमा हाल्छु र चपाउन थाल्छु । त्यसो गर्दा मेरो कानको दुखाइ मथ्थर हुने गर्छ । ऊ पनि देब्रे कान थिचेर मतिर फर्किन्छे र रुन्चे स्वरमा भन्छे– कान दुख्यो !

- मुख चलाऊ दुखाइ बन्द हुन्छ ।

- के गरी मुख चलाउने ?

- चुइङ्गम चपाएर, सुपारी टोकेर, सुकुमेल खाएर अथवा कुरा गरेर ।

- के कुरा गर्ने ? मलाई त कुरा गर्न पनि आउँदैन ।

- तिमी मसँग मबारे जे पनि सोध्न सक्छ्यौ ।

- भन त बेदू तिमी के काम गर्छौ ?

- म सानोसानो उद्योग चलाउँछु ।

- कस्तो उद्योग ?

- ब्रा उद्योग ।

- के रे ?

- ब्रा उद्योग ।

- साँच्चै कि मलाई ढाँटेको ?

- ढाँटेको होइन साँच्चै । ल भन  के किरिया खाऊँ ? तिम्रो कालो कपालको किरिया खाऊँ कि, तिम्रो सुनौलो कपालको किरिया खाऊँ कि, तिम्रो... ?

- भोभो, मसँग केटी फकाउने खालका कुरा नगरे हुन्छ ।

- त्यसो भए म आफूबारे एउटा अचम्मको कुरो भनौं त !

- हुन्छ, भन ।

- म कुनै पनि आइमाईको बूढीऔंलो छामेर उसलाई लाग्ने ब्राको साइज भन्न सक्छु ।

- तिमी हेर्दा त सोझासोझा देखिन्छौ, तर मान्छे त सारै जाली रैछौ ।

- मैले जाली कुरो होइन, ठीक कुरो गरेको हुँ । पत्याउन्नौ भने तिम्रो बूढीऔंलो यता देऊ ।

- दिन्नँ ।

- नदेऊ, तिम्रो इच्छा हो, तर तिमीले मेरो एउटा अद्भूत शक्ति जाँच्ने ठूलो मौका गुमाउँदै छ्यौ ।

- गुमोस् ।

- तर सिम्रिक, म तिमीलाई यो मौका गुमाउन दिन्नँ ।

म जुरुक्क उठेर उसका छेउमा जान्छु । उसको छेउमा पुगेर मलाई घना चन्दनवनको सबैभन्दा सुगन्धित रुखमा पुगे जस्तो लाग्छ । उसले विरोध गरे पनि अलिकति निहुरेर म उसको नारी समाउँछु । उसका नारीमा सञ्चित बैंसको मनतातो प्रवाह मेरा हातमा सनन्न सर्छ र मतिर बग्न थाल्छ ।

उसले बेसरी मुठी कसेर दुवै बूढीऔंला लुकाएकी हुँदा सानोसानो सङ्घर्ष गरेर म उसको मुठी खोल्न र बूढीऔंला छाम्न सफल हुन्छु । उसका बूढीऔंला छामेपछि म घोर विस्मयमा डुब्छु । मैले छाम्दै गरेका उसका बढीऔंला मेरा हातबाट फुत्त फुत्त छुटेपछि ऊ पनि कस्ती कस्ती एकतमासकी हुन्छे । थोरै आतङ्क र धेरै आश्चर्यका स्वरमा उसले सोध्छे - के भो ?

- गजप भो !

- के गजप भो ?

- अहँ, मैले तिम्रो साइज ठम्याउन सकिनँ !

- आजसम्म मलाई यस्तो अलमल कहिल्यै भएको थिएन । सिम्रिक, मैले बलजफ्ती तिम्रो बूढीऔंला छामेँ, मलाई माफ गर ।

- मैले माफ गरेँ ।

भन्दाभन्दै उसका आँखा रसाइदिन्छन् । एक्कासि उसका आँखाका दहमा बाढी आउँछ र छताछुल्ल बगेको धारले दुवै गाला भिजाउन थाल्छ । उसले टाउको निहुराउँछे । घोसे मुन्टो लगाएर लामालामा सास फाल्छे । अरू औंला मुठीभित्र कसेर उसले दुवै बूढी औंला ठाडा ठाडा पार्छे र तिनैलाई एकोहोरो हेरेर अतीतको कुनै समयटुक्रामा हराउँछे । उसमा आएको यो परिवर्तन देखेर मलाई उकुसमुकुस हुन खोज्छ । अकस्मात् चिउँडो समाएर म उसको अनुहार मास्तिर उचाल्छु र गालाको आँसु पुछिदिँदै भरङ्ग परेको स्वरमा सोध्छु के भो - साथी ?

- केही भएको छैन ।

- आँखाबाट आँसुको भेल किन त ?

- नारीका आँखामा आँसु भनेको केही हुँदा पनि छचल्किन्छ र केही नहुँदा पनि छचल्किन्छ ।

- सिम्रिक, अहिलेचाहिँ के भएर छचल्किएको ?

- आँखामा कसिङ्गर पसेर ।

- हेरहेर ढाँटेकी !

- ढाँटेको भने ढाँटेकै हो ! बेद, अब मेरो चिउँडोबाट हात पन्छाउँछौ कि ?

- किन पन्छाउने ?

- किनभने केही पल अघिसम्म तिम्रा औंलाबाट मेरो चिउँडो र सर्वाङ्गमा सहानुभूतिको सुगन्धित तरङ्ग आउँदै थियो, तर अहिले एक्कासि वासनाको दुर्गन्धित तरङ्ग आउन थालेको छ ।

- यो अस्वाभाविक होइन, स्वाभाविक हो । सिम्रिक, जब मधुवनमा कुनै लोभी भमरा छिर्छ तब त्यहाँ योगको होइन भोगको लहर चल्छ ।

- कविता नछाँट बेद, मेरो चिउँडो छाड ।

उसले अप्ठ्यारो मान्न लागेको देखेर म उसको चिउँडोबाट औंला झिक्छु । म अझै पनि ठिङ्ग उभिराखेको हुँदा उसका छेउमा थचक्क बस्छु र झ्यालबाट बाहिर आँखा फालेर क्षितिजसम्मको मुक्त परिवेश हेर्छु । ऊचाहिँ बाहिर होइन बट्टाभित्रकै बन्द परिवेश क्वारक्वार्ती हेर्छे । त्यसै बखत विपरीत दिशाबाट आएको केबुलकार ख्याट्याक ख्याट्याक गर्दै तीव्र वेगले गुज्रिन्छ । म झसङ्ग भएर भित्रको परिवेशमा फर्किन्छु । ऊ चाहिँ भित्रकै परिवेशमा गुटमुटिएकी हुन्छे । भित्रको वातावरणमा फेरि बिरानोपन थुप्रिन थालेकाले म त्यसलाई बढार्न मुख

खोल्छु - सिम्रिक, तिमी के काम गर्छ्यौ ?

- तिमीलाई ढाँट्दिन बेदू म कसैकी रखौटी हुँ ।

- के रे ?

- जे तिमीले सुन्यौ त्यही, म रखौटी हुँ ।

- को हो त्यो ?

- त्यो एउटा बूढो हो । बेदू, त्यो बूढो शहरको एउटा ठूलो डिपार्टमेन्टल पसलको मालिक हो । पोहर उसकी स्वास्नी क्यान्सर भएर मरी, यसपालि उसको एक्लो सन्तान लागू पदार्थको दुर्व्यसनी भएर मऱ्यो । अब मबाहेक उसको हरू कोही छैन ।

- तिमी आफ्नो जीवनबाट सन्तुष्ट छ्यौ ?

- छु क्यारे र छैन क्यारे !

- के मतलब ?

- उसको उमेर ढल्किसकेको छ, तसर्थ उसबाट मेरो देह अतृप्त रहन्छ, तर उसले आफ्नो सम्पूर्ण कमाइ मलाई दिन्छ, तसर्थ मेरा अन्य चाहना सन्तुष्ट भइरहन्छन् । बेदू, ऊ मेरो आर्थिक आडभरोस् हो र म उसको शारीरिक ओछ्यान हुँ !

- कस्तो शारीरिक ओछ्यान ?

- बूढो मलाई असाध्यै माया गर्छ । राति पसल बन्द गरेपछि ऊ आँखा चिम्लेर सोझै घर आउँछ । उसको क्षीण पुरूषत्वले मेरो उद्दाम नारीत्वलाई कहिल्यै संतृप्त पार्न सकेको छैन भन्ने उसलाई थाहा छ, तसर्थ ऊ आफ्नो भालेपन जगाउन घण्टौं रक्सी खान्छ । मात लाग्दै जाँदा अन्त्यमा आफूलाई बलिष्ठ घोडा भएँ भन्ने ठानी बेसरी हिर्लिंदै ऊ ओछ्यानमाथि मलाई ओछ्यान झैं ओच्छ्याउँछ, मेरो उत्तेजनाको ज्वालामुखीलाई खोसेर भड्काई आफू स्वाँस्वाँ गर्दै निस्लोट भएर ठाउँको ठाउँ ढल्छ । त्यसपछि मेरो काम उसको जिउँदो लाश आफूमाथिबाट पन्छाउनु र उसले भड्काएको उत्तेजनामा रातभरि पाकेर उम्लनु र छड्किनु मात्र हो ।

बोल्दाबोल्दै हुरुक्क भएर सुँक्क सुँक्क गर्दै ऊ मलाई छाँद हाल्न आइपुग्छे । उसले त्यसो गर्दा उसका चौडा वक्षमा हलक्क बढेका कोमल कठोर मांसपिण्डहरू मेरा छातीमा आएर पूरै जोतिन्छन् । म ती पिण्डहरूको न्यानो हलचल र भक्कानो छुटेर सुँक्क सुँक्क गरेको तीव्र पिरलो एकै पटक बेहोरेर विचित्रसँग हल्लिन

लागेको छु । यतिखेर केबुलकारको चाल पनि गरूङ्गो हुन पुगेको छ, सके त्यो दोस्रो पहाड उक्लन थालेको छ । एक्कासि ऊ मबाट पन्छिन्छे, रूमालले गाला पुछ्दछे, बोतलको पानी घुटुक्क खान्छे र हाँसे जस्तो गरेर मतिर हेर्दै भन्छे - साथी, मेरा लागि यति धेरै सुर्ताउनु पर्दैन !

- सिम्रिक, तिम्रो मूल घर कहाँ हो ?

- ब्युटिहोमका नाममा चलेको एउटा वेश्यालय ।

- के रे ?

- झड्का लाग्यो बेदू, तर सत्य त्यही हो । सस्ता र महँगा थरीथरीका रन्डी उत्पादन गर्ने त्यस वेश्यालयमा म पालिएँ, पोसिएँ, सिकाइएँ, सघाइएँ र अन्त्यमा देहव्यापारका लागि बेचिएँ !

- तिमी कुन ठाउँमा बेचियौ ?

- ठाउँ त थाहा छैन, तर त्यहाँ लैजाँदा पुलिसले गाडीमा छापा मार्‍यो ।

- त्यसपछि ?

- म र हरू केही चेलीबेटीहरूको उद्धार गरियो र सबैलाई शहरमा ल्याएर बेवारिसे फालियो ।

- अनि ?

- अनि के, काम खोज्ने सिलसिलामा डिपार्टमेन्टल पसल पुगें र बूढाको रखौटी बनें ।

- सिम्रिक, तिमी यहाँ किन एक्लै, बूढो खोइ त ?

- ऊ अस्पतालमा छ ।

- किन ?

ऊ कोमामा परेको तीनचार महिना भइसक्यो । मर्नु र बाँच्नुको दोसाँधमा काठको मुढा डङ्ग्रङ्ग पछारिएको छ । साथी, अहिले म उसैका लागि मन्दिर जाँदै छु त ह्वाँह्वाँ...।

एक्कासि ऊ मेरा काखमा घोप्टेर बलिन्द्र आँसु झार्दै रुन लाग्छे । म सहानुभूतिमा उसको टाउको मुसार्न थाल्छु । उसका आँखाबाट बगेको तात्तातो आँसु मेरो प्यान्ट भिजाउँदै तिघ्रातिर पुग्छ र चर्को सिरिङ सिरिङ उमार्दै त्यहाँबाट भित्र भित्र पस्छ । मलाई त्यो सिरिङसिरिङ असह्य हुन थालेपछि म कुम समाएर उसलाई

उठाउँछु र आफूभित्र उत्पन्न वासनाको कीरा पन्छाउन कुरा गर्न थाल्छु- सिम्रिक, आफूलाई अलिक समाल !

- कसरी समालूँ बेदू, कसरी ? शारीरिक कमीकमजोरी भए पनि ऊ मेरो बलियो ओत हो र अहिले ऊ नै कोमामा हुँदा मेरो अस्तित्व पनि कोमामा पुगेको छ ।

- भन त, बूढो कसरी कोमामा पुग्यो ?

- कुरो अलि कस्तो कस्तो छ !

- कस्तो कस्तो ?

- भन्न पनि गारो र सुन्न पनि गारो ।

- त्यसो भए सिम्रिक, म तिमीलाई भन भनेर कर गर्दिनँ !

- भन्छु बेदू, सुन ! कुरो चारपाँच महिनाअघिको हो । एकदिन बूढो पसल बन्द गरेर घर आइपुगेको लगत्तै पाँच जवान लाठे लाठे ठिटाहरू पनि ढिम्किए ।

- को थिए ती ?

- त्यो त थाहा छैन, तर ठिटाहरू अलि बेग्लै पाराका थिए ।

- कस्तो बेग्लै पाराका ?

- अलि उग्र उग्र हुन् कि जस्ता ।

- अनि ?

- अनि तिनले एकछिन बूढासँग खासखुस कुरा गरे । के कुरा गरे, मलाई थाहा भएन । त्यसपछि तिनीहरू औंला ठड्याउँदै, भित्तामा मुड्की बजार्दै र ढोकामा लात हान्दै बाहिर निस्किए । तिनीहरू गएपछि मैले बूढासँग सोध्दा उसले चन्दा माग्न आएका थिए भनेर बतायो ।

- कति चन्दा ?

- एक लाख ।

- के कामका लागि त्यत्रो चन्दा मागेका ?

- पसलको सुरक्षाका लागि । सातौं दिन आउँदा चन्दा नपाए पसल बमले उडाइदिने रे !

- त्यसपछि के भयो त ?

- सातौं दिन बूढो पसलबाट फर्किने बित्तिकै तिनै पाँच लाठेहरू डाङडाङ र

डुङडुङ गर्दै आइपुगे । संजोगले म पनि त्यही थिएँ । बूढाले त्यत्रो रकम दिन नसक्ने भनेपछि तिनीहरू उससँग गलबद्दी गर्न थाले ।

– कस्तो गलबद्दी ?

– चन्दाको रकम घटबढ गर्ने गलबद्दी । बूढाले बीस हजारभन्दा बढी दिनै नसक्ने अडान लिएपछि तीमध्ये नाइकेजस्तो देखिने ठिटाले केहीबेर नाइँनास्ति गर्दागर्दै रकम सकाऱ्यो । हरू ठिटाहरूलाई रकम गन्ने जिम्मा दिएर ऊ इतरिँदै र मस्किँदै मेरा छेउमा आइपुग्यो । उसले मेरो गाला मुसार्दै सोध्यो– ए ! च्वाँक केटी, तँ बूढाकी छोरी कि बैनी ?

– सिम्रिक, तिमीले के जवाफ दियौ ?

– बेदू, म सधैँकी तिर्खाएकी काकाकुल, एउटा मस्त तन्नेरीको मायालु स्पर्शले अङ्ग अङ्गमा जागा गराएको मादक रोमाञ्चमै भुलिरहेँ, बक नफुटेर भित्री उत्तेजनामै कामिरहेँ । त्यस्तैमा नाइके ठिटाले एक्कासि मलाई आफ्ना छातीमा टाँस्दै भन्यो– सुन् च्वाँक्, बाँकी रकम असुल्न हामी तेरो सामूहिक बलात्कार गर्छौं । मसँग त्यति भनेर ऊ हरू ठिटाहरूतर्फ फर्केर चिच्यायो– केटा हो, त्यस बूढालाई भुइँमा पल्टाएर यता आओ, एकछिन मोज गर्ने ।

– अनि ?

– ती ठिटाहरूले त्यहाँ फूलदान, पेपरवेट, पानीको जग र हरू जे जे पाए त्यसैले बूढाका टाउकामा निर्घातसँग हानेर उसलाई अधमरो तुल्याई भुइँमा घोप्ट्याए । त्यसपछि । तिनीहरू बलात्कार गर्ने जोशमा उफ्रिँदै र नाच्दै मेरा छेउमा आए ।

– त्यसपछि ?

– अब मेरो बलात्कार हुन्छ भन्ने कुराले म कत्ति पनि तर्सिनँ, बरु रमाएँ । म खडेरीले धाँजाधाँजा परेकी धरती बल्ल घनघोर वर्षाले छताछुल्ल हुने भएँ भनेर आफूभित्रै हराएँ । त्यसैबेला पाँचै जवानले मिलेर मलाई जुरुक्क उचाले र मेरै ओछ्यानमा लगेर लडाए । पाँचपाँच लाठेहरूको युवा सास, स्पर्श र घर्षणले मलाई लट्ठ पार्दै लगेको थियो । त्यस्तैमा नाइके ठिटो करायो– ए ! गगन, तँ यस च्वाँकका रसिला रसिला ओठ चुस् । ए सन्जे, तँ यसका स्याउ जस्ता राता रात गाला मुसार । ए दिगन्त, तँ यसको फरिया पल्टाएर काम थाल् । ए ! प्रबल, तँ यसको चोलो फुकाल् । खबरदार, छाती छोलास् नि, त्यो मेरो भाग हो ।

– अनि ?

- अनि सबै ममाथि खनिँदै र ओइरिँदै आफ्ना आफ्ना काममा लागे । मचाहिँ कहिल्यै चाख्न नपाएको फलको स्वादमा डुब्दै गएँ, उत्रिँदै गएँ, डुब्दै गएँ, उत्रिँदै गएँ । वर्षौं भोकभोकै रहेर एकैचोटि अघाउन पाउँदा गजबको मात लागेर म बिचेत हुन पुगें ।

- त्यसपछि के भयो ?

- के भयो ? अँ, तूफानपछि तूफान आयो र तूफानपछि तूफान । मलाई ओल्टाइपल्टाइ गरेर गयो । तूफान थामिएको कतिबेर पछि हो कुन्नि मेरो होश फिर्‍यो । होश फिर्दा त्यहाँ कोही थिएन, चारैतिर चकमन्न थियो । मैले बिस्तारै उठ्न खोजेँ, तर मेरो सम्पूर्ण शरीर भयङ्कर पिलो झैं टन्केर दुखेकाले म उठ्नै सकिनँ । मेरा अङ्गअङ्गमा र खासगरी छातीमा तीव्र पीडा चर्केकाले म फेरि मुर्छा परेँ ।

- अनि ?

- झिसमिसे हुन लाग्दा मेरो होश फेरि फर्क्यो । सम्पूर्ण शरीर र छातीमा चर्को दुखाइको अस्मेल भेल बगेकै थियो । कुनै प्रकारले उठेर मैले चारैतिर आँखा घुमाएँ। चोटैचोट लागेर रगताम्मै भएको बूढो मरणासन्न हालतमा भुइँमा लडिराखेको थियो । हस्याङ्फस्याङ् गर्दै एम्बुलेन्स डाकेर अस्पताल पुर्‍याउँदा ऊ कोमामा पुगिसकेको थियो । छातीको असह्य पीडा सहन नसकेर म पनि त्यही डाक्टरको टेबलमा डङ्ग्रङ्ग पछारिएँ । गुडाउने स्ट्रेचरमा राखेर अप्रेसन कोठातिर लैजाँदा लैजाँदै म फेरि बिचेत भएँ ।

- त्यसपछि ?

- त्यसपछि म तिम्रोसामु यस केबुलकारमा छु र कोमामा परेर जीवन सङ्घर्ष गर्दै गरेको बूढाका लागि भाकल गर्न मन्दिर जाँदै छु ।

त्यसै बेला मेरो कान फेरि चिरिक्क दुख्छ । यसको अर्थ केबुलकार दोस्रो पहाड उक्लेर तल झर्न लागेको छ । अब छिटै केबलकारको बिसौनी आइपुग्छ र यो यात्रा सकिन्छ । उसलाई सारै खिन्न भएर बसेको देख्ता मेरो मन बेसरी कुँडिन्छ । म आफूलाई दरो पार्छु र गम्भीर स्वरमा भन्छु – साथी, हामी बिसौनीका छेउछाउ पुग्न लागेका छौं, म तिमीलाई आफ्नो उद्योगमा बनेको यो ब्रा सम्झाउने-बिर्साउने कोसेलीका रूपमा दिन्छु, स्वीकार गर !

- साथी, म यो कोसेली लिन्न, मलाई माफ गर ।

- किन नलिने, सिम्रिक ?

- बेदू, जुन कुरो म लगाउन्नँ त्यो कुरो कोसेली लिएर मैले के गर्नु ?

- तिमी  ब्रा किन लगाउन्नौ ?

- त्यसै !

- सिम्रिक, कोसेली नलिने भए नलेऊ, तर लगाउन्न भनेर नढाँट ।

- मैले ढाँटेकी होइन, यता हेर बेदू !

मैले झोक्किँदै फनक्क आँखा घुमाएर उसतिर हेर्दा उसले आफ्नो भेस्ट माथिसम्म उचालेकी हुन्छे । उसले त्यसरी छाती उदाङ्गो पारेर देखाएकै बेला त्यहाँ राखिएका स्तन जस्ता दुई डल्ला प्याड फुत्त फुत्त तल झर्छन् । उफ्, उसका दुवै स्तन च्वाट्टै काटिएका छन् र त्यहाँ हेर्दै विरक्त लाग्ने काला काला पाप्रा जमेका छन् । म विस्मित भएर सोध्छु यो कसरी भयो सिम्रिक ?

- बेदू, त्यो नाइके ठिटाले आफ्नो भाग भनेर स्वाट्टै काटेर लग्यो !

आम्मै, कस्तो राक्षस रैछ त्यो ! त्यतिन्जेलमा केबुलकारको बट्टा बिसौनीमा पुगिसकेको हुँदा घ्यार्रघ्यार्र गर्दै त्यसको ढोका खुल्छ । म हत्त र पत्त उसको भेस्ट तल तान्छु र पाप्रैपाप्राले उत्पन्न गरेको भय तथा करुणामिश्रित एउटा त्रासदीको पटाक्षेप गर्छु । आफूले उपहार दिन चाहेको ब्रा म उसका काँधमा राखिदिन्छु, तर ऊ त्यसको वास्तै नगरी तल झरेका प्याड कुल्चेर ढोकातिर लाग्छे । जिल्ल पर्दै म पनि उसको पछि पछि लाग्छु र ढोकाबाट तल भुइँमा झर्छु ।

*स्व. मोहनराज शर्मा नेपाली साहित्यका विख्यात ब्याकरणविद् एवम् प्रतिष्ठित साहित्यिक व्यक्तित्व हुन् ।*



# जस्तो कि प्रेमध्वज प्रधान

ठाकुर बेलवासे

सबै नामले अर्थ बोक्न
र, सबै अर्थले नाम बोक्न
सक्ने भए
सबै मानिस
आकाश बन्थे
सबै मानिस देउता हुन्थे ।

कोही व्यक्तिसँग जोडिएका शब्दहरू
जो नामको परिचयमा स्थापित बनेर
संसारलाई मुग्ध बनाउन सक्छन्
जस्तो कि प्रेमध्वज प्रधान ।

कसैको निधारमा प्रेम शब्दको
टीका लगाइदिंदैमा
शब्द या त्यही व्यक्ति प्रेमिल हुन्छ भन्ने छैन
कोही व्यक्तिसँगको सम्बन्धले
शब्दले पनि प्रधानता प्राप्त गर्दारहेछन्
जस्तो कि प्रेमध्वज प्रधान ।

कुनै व्यक्तिसँग
जोडिएको प्रेम
गाँसिएको ध्वज
पहिचान खोज्दै उभिएको प्रधान शब्दले
अक्षरका माझमा
महाअक्षर

शब्दहरूका बीचमा
सिङ्गो ग्रन्थ बन्ने अवसर पाउँदा रहेछन्
जस्तो कि प्रेमध्वज प्रधान ।

सबै नाम सुनाम
र, सबै सुनाम
नाम पनि त हुँदैनन्
सङ्घर्षका डोजरले खनेका जीवनका
राजमार्गहरूमा
शालीनताले निर्माण गरेका जिन्दगीका
आकाशहरूमा
विश्वमानवलाई स्वागत गर्न सकेपछि
नाम सुनाम बन्दो रहेछ
जस्तो कि प्रेमध्वज प्रधान ।

हो,
जीवनका
ताल
सुर
र, लयहरूलाई
स्वरमा उनेर
जिन्दगीहरू गाउने
नाम अर्थात् व्यक्ति
आकाशलाई पनि मन पर्छ
जस्तो कि प्रेमध्वज प्रधान ।

तारा
जून
अनि घामलाई दर्शक बनाएर
सङ्गीतमा मग्न हुन
देवताहरूलाई पनि मनपर्छ
त्यसैले त
मनलाई शान्त राख्न

तनलाई सौम्य बनाउन
यस पटक
आकाश र देवता सल्लाह गरेरै
धर्तीमा आए
अनि
सङ्गीतको ताल
गीतको सुर
बोकेर गए ।

कहिलेकाँही देवताप्रति पनि दया लाग्छ
आकाशको चौडाइ पनि साँघुरो देखिन्छ
सायद
प्रेमध्वजले
अब आकाशलाई थप चौडा बनाउनुहुन्छ
देउतालाई सङ्गीत र जीवन पढाएर
जीवनको महत्त्व सिकाउनु हुन्छ
आफैं आकाश बनेर
आफैं देउता बनेर
जस्तो कि प्रेमध्वज प्रधान ।

सबै नामले अर्थ बोक्न
र, सबै अर्थले नाम बोक्न
सक्ने भए
सबै मानिस
आकाश बन्थे
सबै मानिस देउता हुन्थे
जस्तो कि प्रेमध्वज प्रधान ।

# नेपाली नागरिकताको प्रमाणपत्र नै हाम्रो राष्ट्रिय परिचयपत्र हो ।



**रामेश्वर राउत 'मातृदास'**

जीव र निर्जीव यो संसारमा दुई तत्त्व छन् । यी दुवै तत्त्व विधिको बाटोबाट सञ्चालित छन् । विधिले वेष्टित र व्यवस्थित भएको राष्ट्र र समाजको मात्र दीर्घायु र सभ्यताको महत्त्व र महानता प्रबल हुन्छ । हाल यो संसारमा २३४ वटा राष्ट्रहरू अस्तित्वमा छन् । यी मध्ये १९७ वटा देशहरू संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र छन् र नेपाल पनि सदस्य राष्ट्र हो । संयुक्त राष्ट्रसंघ युनेस्कोको घोषित नीति सबै सदस्य राष्ट्रहरूका लागि समान हुन्छ । युनेस्कोको घोषित नीतिअनुसार कुनै पनि देशको भाषा, साहित्य, कला, धर्म, संस्कार, संस्कृति, सभ्यता, पहिचान आदि हटाउन, घटाउन, मास्न, मेटाउन पाइँदैन । हरेक देशका आ-आफ्नो संविधान, ऐन, कानून र नीति नियम छन् । प्रत्येक देशहरूले आफ्नो राष्ट्र र समाजलाई आफ्नै ऐन, कानून र संविधानको प्रावधानअनुसार व्यवस्थित र व्यवस्थापन गर्दै आइरहेका छन् ।

१. प्रथम र दोस्रो युद्धबाहेक संसारको इतिहासमा गणितका सङ्ख्याले गनेर र भनेर नसकिने लाखौं युद्धहरू भैसके र भैराखेका छन् । ती युद्धहरूमा केही जायज र नाजायज लडाइँको भुङ्ग्रोमा परेर अनाहकमा लाखौं मान्छेहरूलाई आफ्नो अमूल्य जीवन अकालमा खेर फाल्न बाध्य र विवश बनाइएको छ । यसरी भएका जायज वा नाजायज युद्धमा युद्धरत एउटा राष्ट्रले अर्को राष्ट्रका नागरिकहरू माथि आजसम्म कहिल्यै कतै नगरेको गैरकानूनी, असंवैधानिक अत्याचार नेपाल सरकारले आफ्नै देशको संविधानले आफ्नै देशका नागरिकहरूलाई प्रत्याभूत गरेको नैसर्गिक मानवाधिकार, भाषिक अधिकार, सांस्कृतिक हक, गोपनियताको हक र संयुक्त राष्ट्र संघ, युनेस्कोको घोषित नीति समेतको बर्खिलाप र विपरीत हुने दण्डनीय अपराधजन्य अन्याय 'राष्ट्रिय परिचयपत्र' नामको असंवैधानिक पाशो तमाम नेपालीहरूले जोरजबरजस्ती लिनैपर्ने र नलिएमा राज्यले प्रवाह गर्ने सम्पूर्ण सरकारी सेवाहरूबाट प्रत्येक नागरिकलाई वञ्चित गर्ने भन्ने गैरकानूनी एवं असंवैधानिक उर्दी मिति २०८१/०३/१० गते गृहमन्त्रालय मार्फत नेपाल राजपत्रमा प्रवाह भयो ।

२. यो गैरकानूनी एवं असंवैधानिक अडबाङ्गे उर्दीले तमाम नेपालीहरूलाई नेपालको संविधान २०७२ को धारा १(१), धारा ५(१) र (२), धारा ३, धारा ९(३), धारा १०(२), धारा ११, धारा १२ धारा १३, धारा १४, धारा १५, धारा २५, धारा २८, धारा ३२(३), नागरिक अधिकार ऐन २०१२, मुलुकी देवानी आचार संहिता २०७४ को दफा २१ र संयुक्त राष्ट्रसंघ, युनेस्कोको घोषित नीति समेतको बर्खिलाप र विपरीतको असंवैधानिक अन्यायलाई तमाम नेपालीहरूमा जोरजबरजस्ती लादेर दिन र लिन बाध्य र विवश बनाउँदै आएकाले वरिष्ठ साहित्यकार एवं अधिवक्ता रामेश्वर राउत 'मातृदास'ले सम्मानित सर्वोच्च अदालतमा उक्त असंवैधानिक, गैरकानूनी कार्य उत्प्रेषणलगायतका आज्ञा, आदेशद्वारा बदर गरी नेपाली नागरिकहरूको संविधान प्रदत्त अधिकारबाट वञ्चित नगर्ने/नगराउने परमादेश मागको अपिल (रिट) दायर भयो ।

३. उक्त अपिल (रिट) माथि सम्मानित सर्वोच्च अदालतका माननीय न्यायाधीशद्वय डा. मनोज कुमार शर्मा र माननीय न्यायाधीश श्री तीलप्रसाद श्रेष्ठको संयुक्त इजलाशबाट विपक्षीहरूको समेत लिखित जवाफ झिकाइ दुवै पक्षको बहस पैरवी सुनी नेपाल सरकार, गृहमन्त्रालयबाट मिति २०८१/०३/१० गते राजपत्रमा जारी भएको सूचनाद्वारा नेपालको संविधानद्वारा तर्जुमा भै उमेर पुगेका नेपाली नागरिकहरूले नागरिकताको प्रमाणपत्रका आधारमा प्राप्त गर्दै आएको र राज्यद्वारा प्रवाह हुँदै आएको कुनै पनि सेवा सुविधाहरूबाट कुनै पनि नेपाली नागरिकहरूलाई वञ्चित नगर्नू नगराउनू भन्ने अन्तरिम परमादेश मिति २०८१/०५/०७/०६ मा विधिवत रूपमा जारी भएको छ ।

४. सम्मानित अदालतमा उपस्थित हुँदा सफा हात र पवित्र भावना राखेर विधिको बाटो अवलम्बन गरी, मात्र न्यायको आशा र उद्देश्य राखेर उपस्थित हुनुपर्ने न्यायको सर्वमान्य सिद्धान्त सर्वकालिक जीवन्त छ । व्यक्ति या केही व्यक्तिहरूको मात्र निजी स्वार्थ पूर्तिका लागि सार्वभौम सत्तासम्पन्न नेपाल र तमाम नेपालीहरूले संविधानको धारा १०(२), ११, १२, १३, १४ र १५ले प्रत्याभूत गरेको वंशज, जन्मसिद्ध, अङ्गीकृत र सम्मानित पृष्ठभूमिमा कायम रहेको संवैधानिक प्रावधान यथावत हुँदाहुँदै नेपाली नागरिकताको प्रमाणपत्रलाई पूर्णतः प्रयोजनहीन एवं निष्प्रयोजित गरेर मौजुदा संविधानले नै नचिनेको र कतै व्यवस्था समेत नभएको 'राष्ट्रिय परिचयपत्र' नामको गैरकानूनी पाशो संविधानको धारा १(१) विपरीत हुने पञ्जिकाधिकार ऐन, २०७६ को बक्रबाटो प्रयोग गरेर नेपालीहरूको सक्कली राष्ट्रिय परिचयपत्र नेपाली नागरिकताको प्रमाणपत्रलाई खोटो बनाउन नेपाल सरकारले

आफ्नो सम्पूर्ण संयन्त्र प्रयोग र परिचालन गरेर बाल, वृद्धा, वनिता सबै नेपालीहरूले उक्त असंवैधानिक पाशो लिन जोरजबरजस्ती बाध्य र विवश बनाएकाप्रति स्वदेश तथा विदेशमा बसोबास गर्नुहुने तमाम जिम्दा नेपाली नागरिकहरूले आआफ्नो क्षेत्रबाट विरोध र विमति जनाउँदै आइराख्नु भएको छ । यो अपिल (रिट) सम्मानित सर्वोच्च अदालतमा दायर गर्नुपूर्व वरिष्ठ साहित्यकार अधिवक्ता (रारामा) रामबहादुर राउत 'मातृदास' ले वरिष्ठतम् वरिष्ठ अधिवक्ता कानून न्यायका भीष्मपितामह कृष्णप्रसाद भण्डारी, वरिष्ठ अधिवक्ता महादेव यादव, वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी, वरिष्ठ अधिवक्ता डा. विश्वदिप अधिकारी, वरिष्ठ अधिवक्ता विश्वप्रकाश भण्डारी, वरिष्ठ अधिवक्ता हरिशङ्कर निरौला, वरिष्ठ अधिवक्ता ध्रुवलाल श्रेष्ठ, वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपाने, वरिष्ठ अधिवक्ता शम्भु थापा, वरिष्ठ अधिवक्ता चण्डेश्वर श्रेष्ठ, वरिष्ठ अधिवक्ता हरिहर दाहाल, अधिवक्ता कीर्तिनाथ शर्मा, अधिवक्ता श्याम कुमार खत्री, अधिवक्ता अमर राउत, अधिवक्ता डा. गोपीचन्द्र भट्टराई, अधिवक्ता भरतबहादुर राउत समेत ७११ जना वरिष्ठ अधिवक्ता एवं विद्वान् अधिवक्ताहरूको हस्ताक्षर समेत लिई सम्मानित सर्वोच्च अदालतमा रिट दायर भएको र उक्त रिटलाई सम्मानित सर्वोच्च अदालतमा रहनुभएका सबै न्यायाधीशहरूले एक वा दुई चरणको सुनुवाई गरी लगातार तीन वटा अन्तरिम परमादेश भएको छ । सात प्रदेश सतहत्तरै जिल्लाका ९२७ जना विद्वान् कानून व्यवसायीहरूले उक्त असंवैधानिक अराष्ट्रिय परिचयपत्रका विरूद्धमा आफूहरूले निःशुल्क वकालत गर्नका लागि अनुरोध गर्नुभएको अवस्था छ । संयुक्त राष्ट्रसंघ, युनेस्कोको घोषित नीति समेतको बर्खिलाप र विपरीत भएको हुँदा परिआए आईसीसी कोर्ट, हेगमा समेत राष्ट्र र नेपाली नागरिकहरूको नैसर्गिक मानवाधिकार रक्षाका लागि बहस गर्न २७ जना कानून व्यवसायीहरूले तत्परता देखाउनु भएको छ । आमनेपालीहरूलाई कुनै थाहा जानकारी समेत नदिई पूर्णतः गुमराहमा राखेर २०७५ सालदेखि गोप्य रूपमा परीक्षणका रूपमा वितरण गर्न थालिएको यो असंवैधानिक पाशो 'राष्ट्रिय परिचयपत्र' सिंहदरबारभित्र कार्यरत कर्मचारी र पाँचथर जिल्लाबाट आरम्भ भएको पाइन्छ ।

५. पञ्जिकाधिकार निर्देशिका-२०७५ को आधारमा टेकेर तमाम नेपालीहरूलाई संविधानअनुरूप प्रदान हुँदै आएको वंशज, जन्मसिद्ध, अङ्गीकृत र सम्मानित चार(४) पृष्ठभूमिमा आधारित नेपाली नागरिकताको प्रमाणपत्रलाई पूर्णतः निष्प्रयोजित र प्रयोजनहीन बनाउने अन्तर्यलाई यो गैरकानूनी असंवैधानिक राष्ट्रिय परिचयपत्रको कानूनी हैसियत शून्य छ । किनकि, पञ्जिकाधिकार निर्देशिकाको कार्यादेश भनेको (क) जन्म, (ख) मृत्य (ग) विवाह र (घ)

बसाइँ सराइलाई पञ्जिकृत अर्थात् अभिलेख राख्ने मात्रै हो । यो भन्दा उता यो पञ्जिकाधिकार निर्देशिकालाई कुनै अन्य अधिकार प्रत्याभूत भएको छैन ।

६. अधिकार नै नभएको र कानूनी हैसियत नै नभएको पञ्जिकाधिकारका र निर्देशिकालाई टेकेर संविधानको धारा १०(२), ११, १२, १३, १४ र १५ एवं २५, २८, ३२(३) समेतका आधारमा दिइएको नेपाली नागरिकताको प्रमाणपत्रलाई नै प्रयोजनहीन एवं निष्प्रयोजित बनाउने 'राष्ट्रिय परिचयपत्र' को क्रमशः व्यापक असन्तुष्टि र जनमानसले विरोध गर्न थाल्यो । यही बाह्य विरोध र विमतिलाई वैधानिकता दिन पञ्जिकाधिकार निर्देशिका २०७५ लाई नै संविधानको धारा १(१) विपरीत हुने गरी पञ्जिधिकार ऐन, २०७६ ल्याएर राष्ट्रिय परिचयपत्रलाई निरन्तरता दिने दुष्प्रयास गुपचुप रूपमा भित्रभित्रै वितरण गर्न थालियो । सरकारले गरेको यो असंवैधानिक कार्यलाई कुनै न कुनै रूपमा हामीहरूले विरोधको स्वर घन्काउन छाडेनौँ । सरकारले ल्याएको योजना, आयोजना र परियोजनाहरू मनसा, वाचा, कर्मणा सार्वभौम नेपाल र नेपालीहरूको संविधान प्रदत्त अधिकारलाई संरक्षण हुने गरी आउनु पर्नेमा त्यसो नभै अन्यथा भइरहेकै समयमा मिति २०८१/०४/१० गते नेपाल सरकार गृहमन्त्रालयले राजपत्रमा सूचना जारी गरेर उसले निर्धारण गरेको मितिभित्र राष्ट्रिय परिचयपत्र नलिएमा राज्यले प्रदान गरेको कुनै पनि सेवा सुविधाहरू प्रवाह नगरिने निरङ्कुशतापूर्ण जहानियाँ राणा शासनमा समेत नभएको र नगरिएको हुकुमप्रमाङ्गी गऱ्यो । यो असंवैधानिक हुकुमबाट तमाम नेपालीहरूलाई बाध्य र विवश बनाएर आफ्नो वैधानिक राष्ट्रिय परिचयपत्रको रूपमा रहेको नपाली नागरिकताको प्रमाणपत्रलाई सरासर खोटो, प्रयोजनहीन र निष्प्रियोजित गरियो । यो गैरकानूनी, किर्ते र असंवैधानिक कार्य मानव इतिहासका सर्वाधिक निर्दयी इदिअमिन मानिएको छ त्यसलाई पनि माथ गर्ने दुष्टता भएको आम जनधारणा रहेको छ । किनकि, इदिअमिनले त उसको दृष्टिमा परेका केही सीमित सुन्दरी युवतीहरूलाई मात्र उसको मनोकाङ्क्षा पूरा भएपछि हत्या गरेर गिदी खान्थ्यो । यो 'राष्ट्रिय परिचयपत्र' नामको अराष्ट्रिय असंवैधानिक अन्यायबाट हरेक नागरिकहरूको दायाँ आँखाको रेटिनाको ९० अमेरिकी डलर बायाँ आँखाको रेटिनाको मूल्य ८० डलर एवं दश औंलाको ल्याप्चे र हस्ताक्षर समेत प्रतिनागरिकको रू. १५,०००/- हजारमा मूल्य निर्धारण भएको भन्ने तथ्य आईटीका विषयविज्ञहरूको तथ्यगत राय छ ।

७. मान्छेको शरीरमा भएको जैविक तत्त्व भनेको ज्यादै महत्त्वपूर्ण र अत्यन्त दुर्लभ मानिएको छ । यो समुद्र मन्थन गरेर प्राप्त भएको एक थोपा अमृत

जस्तै हो र यो एकफेर गुमाएपछि फेरि फर्काएर ल्याउन नसकिने यस सम्बन्धमा ज्ञान हासिल गर्ने विद्वान्हरूको अभिमत रहँदै आएको छ । आफ्नो सार्वभौम अस्तित्व र महत्त्वलाई चिरकाल पर्यन्त दिन तत्कालीन गृह तथा उपप्रधानमन्त्री रवि लामिछाने र युरोपभरि बदनाम कमाएको एउटा फ्रान्सेली कम्पनी IDEMIA सँग सामान्य खरिद बिक्रीको प्रक्रियालाई समेत पूरा नगरिकन सम्झौता भएको पाइन्छ । हामी नेपालीहरूको तीनै पुस्ता अर्थात् हाम्रा विगत हुनुभएका पूर्वजहरू, वर्तमानमा स्वदेशभित्र जीवित तीन करोड र देशभन्दा बाहिर भएका सवा करोड एवं जन्मन बाँकी सन्ततिहरूको समेत भाग्य र भविष्यमा गम्भीर र दीर्घकालीन घात हुने यो आत्मघाती असंवैधानिक पाशोलाई यथाशीघ्र रद्द र बन्द गरेर हामी तमाम नेपालीहरूले मानेको र संविधानले चिनेको नेपाली नागरिकताको प्रमाणपत्रलाई नै प्रविधिमैत्री बनाएर हाम्रो सम्पूर्ण डाटा नेपाल सरकारकै मातहतमा रहने नेपाली सर्भरको प्रबन्ध हुनु र गरिनु अनिवार्य छ ।

८. संविधानले नै नदिएको अधिकार क्षेत्र ग्रहण गरेर तमाम नेपालीहरूको नैसर्गिक मानवाधिकार, भाषिक, सांस्कृतिक, साम्पत्तिक, गोपनियताको हक र संयुक्त राष्ट्र संघ युनेस्कोको घोषित नीति समेतको विपरीत र बर्खिलाप गरेर जोरजबरजस्ती नागरिकहरूलाई लिन र दिन विवश बनाइएको यो असंवैधानिक पाशो हामी सार्वभौम नेपालीहरूका लागि अभिशाप भएकाले यो रद्द र बन्द हुनु सबै र सधैँको लागि हितकर छ ।

९. हरेक व्यक्ति जन्मेपछि जन्म दर्ता प्रमाणपत्र दिइन्छ, विद्यार्थीलाई विद्यार्थी प्रमाणपत्र, शिक्षकलाई शिक्षक परिचयपत्र, विवाह भएपछि विवाह दर्ता प्रमाणपत्र, बसाइँ सरेको भए बसाइँसराइको प्रमाणपत्र, प्रहरीलाई प्रहरी परिचयपत्र, सशस्त्रलाई सशस्त्र परिचयपत्र, सेनलाई सेना परिचयपत्र, कर्मचारीलाई कर्मचारी परिचयपत्र, न्यायाधीशलाई न्यायाधीश परिचयपत्र, कानून व्यवसायीलाई कानून व्यवसायी परिचयपत्र, योभन्दा माथि हरेक बालिगहरूलाई मतदाता परिचयपत्र र यसभन्दा माथि नेपाली नागरिकताको प्रमाणपत्र दिने प्रावधान किटानी साथ नेपालको संविधान २०७२ को भाग २ को धारा १०(२), ११, १२, १३, १४ र धारा १५ मा प्रष्ट छ । संविधानको यो संवैधानिक प्रावधान संशोधन या खारेज भएको छैन । संविधानको यो संवैधानिक प्रावधानलाई सिधै मिचेर र नेपाली नागरिकताको प्रमाणपत्रलाई सधैँका लागि निष्प्रयोजित गर्ने विषाक्त उद्देश्य र योजनामा ल्याइएको र जोरजबरजस्ती लादिएको असंवैधानिक, गैरकानूनी राष्ट्रिय परिचयपत्रको कुनै पनि औचित्य नै छैन । कुनै पनि देशका दूतावासहरूले समेत मान्यता नदिएको यो राष्ट्रिय

परिचयपत्र नामको तगारोले न त राहदानी वा पार्सपोर्टकै काम गर्छ । यो असंवैधानिक, गैरकानूनी पाशोको एकमात्र उद्देश्य तमाम नेपालीहरूको आँखाको रेटिना दशै औंलाको ल्याप्चे दस्तखत र हस्ताक्षर गरेर आफ्नो जैविक तत्त्व सधैँका लागि हस्तान्तरण मात्रै भएको पुष्टि दिनको लागि हो भन्ने तथ्य घाम झैं छर्लङ्ग भएको छ । आफ्नै देशको सरकारले, आफ्नै देशका नागरिकहरूको संवैधानिक अधिकारलाई गैरकानूनी बाटोबाट गोप्य रूपमा एउटा कालो सूचीमा परेको विदेशी कम्पनीको हातमा सुम्पने अत्याचार हाम्रा लागि कुनै पनि हालतमा मान्य र स्वीकार्य नहुने हुँदा यो अन्यायको पाशोलाई यथाशीघ्र रद्द र बन्द गरेर नेपाली नागरिकताको प्रमाणपत्रलाई नै हरू बढी व्यवस्थित, विश्वसनीय र प्रविधिमैत्री बनाएर नेपालभित्र भएका तमाम नेपालीहरूको वैधानिक अधिकारलाई सुरक्षित, व्यवस्थित र प्रभावशाली बनाउन सकिन्छ र बनाउनु पर्दछ । हाम्रो गोपनियताको हक, साम्पत्तिक अधिकार, मानवाधिकारलगायतका वैधानिक अधिकारलाई एउटा बदनामी कमाएको र कालोसूचीमा परेको कम्पनीलाई सुम्पने मूर्खतापूर्ण अत्याचार यथाशीघ्र बन्द र रद्द हुनु अनिवार्य छ ।

१०. यो संवैधानिक, गैरकानूनी अराष्ट्रिय तर 'राष्ट्रिय परिचयपत्र' को आवरणमा जोरजबरजस्ती लादिएको किर्ते नकामलाई ढाकछोप गर्न 'पैसा र प्रविधि' को यत्रतत्र सर्वत्र खुब व्याख्या र वर्णन गरिएको पाइन्छ । आफ्नो देशको सार्वभौम अस्तित्व र महत्त्वसँग अभिन्न रूपमा जोडिएको र गाँसिएको, संविधानमा व्यवस्था भएको नेपाल नागरिकता ऐन, २०६३ को दफा २, ३, ४, ५, ६, ७ एवं नेपाल नागरिकता नियमावली २०६३ को दफा १३ लाई समेत पूर्णतः बर्खिलाप र विपरीत हुने गरी विषाक्त योजनामा आएको राष्ट्रिय परिचयपत्र यथार्थमा हाम्रा लागि अभिशापको पाशो हो । आफ्नो राष्ट्रले तय गरेको विधिविधानअनुरूप परिपालना गर्नुपर्ने राष्ट्र धर्मको दायित्व र कर्तव्यलाई वेवास्ता वा अवज्ञा गरेर एउटा कालोसूचीमा परेको पूरै युरोपभरि बदनाम कमाएको फ्रान्सेली कम्पनीका भरियाहरूले नेपाल र नेपालीहरूको महत्त्व र महानतालाई "पैसा र प्रविधि" को प्रलोभनमा पारेर सधैँका लागि तहस नहस गर्न सकिने आँकलन गरेर हामीहरूमाथि भएको यो मूर्खतापूर्ण अन्याय हाम्रा लागि कुनै पनि हालतमा मान्य र स्वीकार्य छैन र हुँदैन । फेरि पैसा र प्रविधि कसैले कसैलाई दया माया र मरमोलाकाज राखेर हामीहरूले मात्र दान दक्षिणा पाएको वस्तु हैन । पैसा र प्रविधि यो संसारभरि आएको छ । यही प्रविधिलाई प्रयोग गरेर मानव समाजले आफ्नो राष्ट्रको अभूतपूर्व भौतिक विकासका पूर्वाधार विस्तार गरेर नागरिकहरूलाई आधुनिक सुख सुविधाहरूबाट सुसज्जित गराइएको छ । चन्द्रमा र मङ्गल ग्रहमा पनि

यही पैसा र प्रविधिहरूलाई उपयोग गरेर मानव समाजले खोज अन्वेषण गरिराखेको छ । यही पैसा र प्रविधि प्रयोग गरेर हामी नेपालीहरूले चाहिँ आफ्नो वैधानिक मान्यता प्राप्त राष्ट्रिय परिचयपत्रको रूपमा रहेको नेपाली नागरिकताको प्रमाणपत्रलाई समेत निष्प्रयोजित वा प्रयोजनहीन बनाएर आफ्नो हैसियतलाई पहिचानबिहीन जन्तु र जनावरभन्दा पनि तलको बन्न र बनाउने अन्धकार बेइमानीलाई स्वीकार र समर्थन गर्नुपर्ने हुन्छ ? किमार्थ हाम्रा लागि यो अन्यायको पाशो स्वीकार्य छैन र हुँदैन, यो तगारो रद्द र बन्द हुनु अनिवार्य छ ।

११. के नेपाली नागरिकताको प्रमाणपत्रले मुलुकमा भ्रष्टाचार र अनियमितता गरेको हो ? नेपाली नागरिकता प्रमाणपत्रलाई प्रयोजनहीन वा निष्प्रयोजित गरेपछि एनसीएलले राज्यलाई तिर्न बुझाउन पर्ने ७० अर्ब रुपियाँ उठ्छ ? नेपालमा भएका सम्पूर्ण विकृतिहरू नेपाली नागरिकताको प्रमाणपत्रले नै गरेको हो ? यदि त्यही हो भने मौजुदा संविधानको संवैधानिक प्रावधानलाई खारेज वा संशोधन गरिदिए भइहाल्यो नि ! त्यसपछि तस्कर र माफियाहरूका भरियाहरलाई आफूखुशी मनोमानी गर्ने सबै ढोकाहरू खुल्लमखुला हुन्छ । अदालतको अन्तरिम आदेशले हामीहरूलाई 'ल्याम डग' बनायो भन्ने जस्ता अत्यन्त गैरजिम्मेवारीपूर्ण कुराहरू समेत सम्मानित इजलाससमक्ष प्रस्तुत भयो । के तस्कर र माफियाहरूका भरियाहरूले मौजुदा ऐन, कानून र संविधानलाई मिचेर गरेका गैरकानूनी कार्यलाई अदालतले वैधानिकता दिन मिल्छ र हुन्छ ? भन्ने दर्बिला प्रश्नहरू हामी आम सार्वभौम नागरिकहरू समक्ष उपस्थित भएको छ । सबैले बुझ्े हुन्छ, राष्ट्रभन्दा माथि र जनताभन्दा ठूला शक्ति र ताकत कोही पनि छैन । देश रहेन र जनता भएनन् भने बाँकी सबै पदहरू शून्य हुने छ । हिजो हाम्रा पूर्वजहरूले आजको विरासतलाई बचाइदिनु भएको थियो र आज हामीहरूले पाएका छौं । वर्तमानमा सार्वभौम रहेका हामी तमाम नेपालीहरूले पनि भोलिका पिँढीलाई केही अडिने धरातल बचाइदिएनौं भने हाम्रो चिहानले पनि हामीहरूलाई थुक्ने छ र धिक्कार्ने छ । आम जिम्दा नागरिक मात्र हैन जन्मन बाँकी सन्ततिहरूलाई समेत पराधीन बनाउने अन्धकार अत्याचारको असंवैधानिक पाशो हो राष्ट्रिय परिचयपत्रको तगारो । "पराधीन स्वप्नोही सुख नहीं" सबैमा चेतना भया !

*रारामा –वशिष्ठधाम, निर्झर दिलचेत, सिन्धुवस्ती*

*लेखक विद्युतकर्मी साहित्यिक समाजका निवर्तमान अध्यक्ष हुनुहुन्छ ।*



# अब ती दिन हाम्रा रहेनन्

चिरञ्जीवी दाहाल

वर्तमान आधुनिक संसारमा सबै वस्तु सहजै पहुँचयोग्य हुँदै गएका छन् भने सोही गतिमा खपत पनि भइरहेका छन् । यसरी हरेक वस्तु जस्तै उपभोग्य वस्तु पनि तीव्र गतिमा उपलब्ध हुन थालेपछि, अब उहिलेजस्तै महिनौँ अगाडिदेखि चाडबाड, विवाह व्रतबन्धको तयारी गरिरहनु पर्दैन । त्यस्तो अवस्थाको लगभग अन्त्य भइसकेको छ । यसरी सबै प्रकारका चाडबाड, बिहे व्रतबन्ध र अन्य पूजाआजा र समारोहमा लामो समय लगाएर सम्पन्न हुने गरेको देख्ने र भोग्ने पुस्ता केही जीवित छन् र अझै केही वर्षसम्म पनि जीवितै रहिरहन सक्छन् । पुरानो पुस्तालाई अनौठो लागे पनि वर्तमान पुस्तालाई भने तीव्र गतिमा हुने गरेका कार्यहरू सामान्य लाग्न सक्छन् । सबै कुरा तीव्र गतिमा दौडिएपछि समाज पनि स्वतः सोही गतिमा दौडनुपर्छ । यथार्थ जेसुकै होस्, यसैलाई समयको माग भन्ने गरिएको छ ।

केही समय अघिसम्म बिहेको आगमनमा महिनौँ दिन लगाएर ढिकीमा धान कुटेर चामल बनाउने, चिउरा कुट्ने, सालको पात ल्याएर टपरी गाँस्ने, घरमा कालिगढ बोलाएर सुनका गहना बनाउने, बालीघरे सूचीकार घरमा बोलाएर हप्तौँसम्म कपडा सिलाउने, भोजभतेरका लागि दाउराको बन्दोबस्त गर्ने, पाहुनापासाका लागि सिरक डसना तयार गर्ने, भतेर पकाउन भाँडावर्तन जुटाउने कार्यमा प्रशस्त समय खर्च गर्नु पर्थ्यो । त्यसबेला वर्तमान समयमा जस्तै सबै वस्तु तीव्र गतिमा उपलब्ध हुने र सम्पन्न हुनसक्ने सम्भावना पटक्कै थिएन । यसको लागि छरछिमेक, इष्टमित्र र बन्धुबान्धवसँग सहयोग लिने गरिन्थ्यो । सहयोग दिनेले पनि कुनै किसिमको आनाकानी नगरी सहयोग दिने गर्थे । यस किसिमको सहयोग आदानप्रदानले समाजमा भाइचाराको सम्बन्ध विकसित हुन्थ्यो । सबैलाई आफन्त र दाजुभाइसरह समान दृष्टिले हेर्ने गरिन्थ्यो । समग्रमा त्यसबेलाको समाज एक ढिक्का थियो, परिपक्व थियो र आदर्श समाज मानिन्थ्यो ।

समयले कोल्टे फेर्‍यो, समाजका हरेक कार्य तीव्र गतिमा सम्पन्न हुन थाले । वर्तमान अवस्थामा यस प्रकारका सहयोग र अर्मपर्मका कार्यहरू पनि बिस्तारै हराउँदै जान थाले । सहयोग न त लिन खोजिन्छ न दिन खोजिन्छ ! समाजले, सम्बन्धभन्दा पैसाको भूमिका महत्त्वपूर्ण मान्न थाल्यो । हुँदाहुँदै छिमेकीको घरमा बुहारी भित्रिएको महिना दिनसम्म पनि अर्को छिमेकीले थाहा पाएन भने पनि आश्चर्य मान्नु पर्दैन । छिमेकी बिरामी पर्दा सबै मिलेर उपचार गर्ने, अस्पताल लैजाने गरिन्थ्यो भन्दा अहिलेको पुस्ताले हतपती पत्याउन सक्दैनन् । तीव्र परिवर्तनसँगै वर्तमानमा यी र अन्य यस्तै कामधन्दाका लागि खासै समय खर्च गर्नु पर्दैन । छरछिमेक र समाजले गर्ने सहयोग आदानप्रदानको कार्य अचेल पैसाले गर्ने गरिएको छ । पैसा नहुनेहरू समाजबाट एक्लिँदै जाने डरलाग्दो अवस्थाको विकास भएको छ ।

अचेल नातागोता, छरछिमेक, इष्टमित्रसँग र साथीभाइले बिहेका लागि केटाकेटी देखाउन, कुरा चलाउन, खेतबारी र अन्य भौतिक जायजेथा बुझ्न/बुझाउन, पढाइ र पेशा बुझ्न, कुलघराना बुझ्न अधिकांश मान्छेले आवश्यक ठान्दैनन् । त्यस समयमा महत्त्वपूर्ण मानिने यी योग्यताको ठाउँ, अहिले डि.भी, पि.आर. नाम गरेका योग्यताले लिने गरेका छन् । बिहेका लागि लम्बेचौडे प्रक्रियामा अल्झिन कसैलाई पनि फुर्सद छैन । बरु सामान्य बोलचाल र चिनजानको भरमा आज कुरा मिलाएर भोलि सजिलै बिहे सम्पन्न हुने गरेको छ ।

प्रेषित गरेको महिना दिनमा प्रापकको हात पर्ने गरेको चिठी, आज व्यक्तिलाई सम्झनासाथ खबर पुग्ने मात्र होइन, तत्काल अनुहार हेरेर दोहोरो सम्वाद गर्न सकिन्छ । यी त तीव्र गतिमा सम्पन्न हुने गरेका कार्यका प्रतिनिधि उदाहरण मात्र हुन् ।

अहिले लगभग सबै कुरा तीव्र गतिमा सम्पन्न हुन्छन् । जसलाई वर्तमान पुस्ताले बानी पारिसकेको छ । बरु थालनी गरिएका कार्य तुरून्त सम्पन्न नहुने हो भने हामीमा चिडचिडाहट हुने, असहज परिस्थिति उत्पन्न भएजस्तै हुन्छ । बिहेको कुरा चलेपछि हामी महिनौं कुर्न नसक्ने भएका छौँ । अहिले बिहे मात्र होइन, सबैकुरा तत्काल सम्पन्न हुनुपर्छ । जतिबेला निकै समय लगाएर सबै तयारी गर्नु पर्ने अवस्था कायम थियो, मान्छेले हिजोआज तिनै कुरा यतिसम्म सहज र सरल होला भनेर कल्पनासम्म गरेको थिएन ।

यसरी हतार हतारमा कार्य सम्पन्न गर्दा, नतिजा भने तयार नभई भित्र्याएको अन्न बाली जस्तो हुने गरेको छ । जुन कुरा कसैलाई पनि हेक्का भएको बुझिँदैन । बारीको अन्न, पूर्णरूपमा नपाक्दै काँचो अवस्थामा थन्क्याउने हो भने छिटै किरा लाग्छ, सडेर जान्छ र नोक्सानी बेहोर्नु पर्छ । अन्नबाली मात्र होइन, हरेक कुरालाई पूर्ण समय दिनुपर्छ । प्रत्येक वस्तु तयार हुन र परिपक्व हुन निश्चित समय चाहिन्छ । बाली रोपाइँपछि नपाकुन्जेलसम्म धैर्यधारण गर्न सक्नुपर्छ । पूरा समय खेतबारीमा रहन पाउने हो भने मात्र बाली छिप्पिन्छ । यसरी नै समय दिएर विकसित भएको सम्बन्ध पनि पाको र छिप्पिएको अन्न जस्तै हुन्छ । दुःखको साथ भन्नुपर्छ, 'ते हि नो दिवसा गताः' अर्थात् अब ती दिन हाम्रा रहेनन् ।

यसरी हरेक क्षेत्रका कार्य तीव्र गतिमा सम्पन्न हुने गरेका कारण व्यक्ति तथा समाजलाई सहज त भएको छ तर यही कारण हामीमा एउटा नराम्रो अभ्यास विकसित भएको छ । त्यो हो धैर्य धारण गर्न सक्ने क्षमतामा ह्रास । हरेक कार्य तीव्र गतिमा सम्पन्न हुन थालेपछि हामी कुनै पनि कुराको प्रतीक्षा गर्न नसक्ने भएका छौँ । हामी सबै कुरा तत्काल सम्पन्न भएको हेर्न चाहान्छौँ, अत्यन्त छिटो । जसरी महाकाव्य छोडेर खण्डकाव्य, खण्डकाव्य छोडेर कविता, कविता छोडेर चार हरफको मुक्तक र मुक्तक छोडेर तीन हरफको हाइकुतिर पाठकको रुचि बढेको देखिन्छ । कथाको ठाउँ लघुकथाले लिने गरेको छ । यस विषयमा कुनै औपचारिक अनुसन्धान नभए पनि हामी आफ्नै आनीबानीबाट पनि यसको अनुमान गर्न सक्छौं । हुन त यी सबै साहित्य सिर्जना हुन् तर हामीलाई जतिसक्दो छोटो, छिटो र छरितो मात्र चाहिएको भने पक्कै हो । यसरी पढ्न मात्र होइन हामी हिंड्न, डुल्न, कमाउन र रमाउन पनि लामो र वैधानिक बाटो होइन छोटो र अवैधानिक बाटो रोज्ने गरेका छौँ । हरू त हरू सरकारमा पुग्नेहरू र भर्खर किशोरावस्थामा पाइला टेक्नेहरूले समेत यही बाटो अवलम्बन गरेको देख्दा भने दुःख लाग्नु स्वाभाविक हो । छिटो चाँडो गर्न केही मान्छेले चोर बाटोको प्रयोग गर्ने गरेका छन् । यसबाट चोर बाटो हिंड्नेहरूलाई तत्काल फाइदा देखिए पनि दीर्घकालमा यसले व्यक्ति र मुलुकको भलो हुँदैन ।

अचेल अधिकांश मान्छेमा धैर्यधारण गर्ने क्षमतामा तीव्र रूपमा ह्रास हुँदै गएका कारण मानिसहरू मानसिक समस्याको शिकार बन्ने गरेका छन् । तीव्र गतिको अभ्यासले समाजमा प्रत्यक्ष असर त गर्छ नै यसले व्यक्तिमा मानसिक तनाव समेत निम्त्याउने गरेको कुरा विभिन्न अनुसन्धानले बताउने गरेको छ ।

सबै वस्तु जस्तै अचेल माया, प्रेम र सम्बन्धहरू समेत तीव्र गतिमा कायम गर्ने

गरिएको छ । सोही कारण केही समय अघिको तुलनामा विवाहबन्धन जस्तो पवित्र र विश्वासको सम्बन्ध, छिट्टै सम्बन्धविच्छेदमा समाप्त हुने गरेको छ । यही कारण जताततै दुःखी मान्छे र दुःखी समाजको बढोत्तरी हुने क्रम द्रुततर गतिमा फैलिएको देखिन्छ । हुँदा हुँदा आधुनिक जीवनमा, हामीले माया, प्रेम र सम्बन्धहरू विकसित गर्न पनि तीव्र गतिको सहारा लिन थालेका छौं । हामी माया, प्रेम र सम्बन्धहरू तुरुन्त स्थापित गर्छौं । त्यसबाट तत्काल आफ्नो स्वार्थ पूरा भएको हेर्न चाहन्छौं । स्वार्थ पूरा नभए निमेष भरमा जस्तोसुकै सम्बन्ध पनि विच्छेद गरिदिन्छौं किनकि, अचेल हामीसँग धैर्यधारण गर्न सक्ने शक्ति लेश मात्र पनि बाँकी छैन ।

हामी आजको निर्णयले बिहे गर्छौं, भोलिपल्ट नै आफ्नो स्वार्थ पूरा भएको हेर्न चाहन्छौँ । स्वार्थ पूरा नभए वा पूरा नहुने आशङ्का भएमा हामी निराश हुन्छौँ । त्यसैले पर्सिपल्ट सम्बन्धविच्छेद गरिदिन्छौँ । अहिले अधिकांश क्षेत्र र व्यक्ति यही रोगबाट ग्रसित भएको देख्न सकिन्छ । यो एक प्रकारको गम्भीर मानसिक समस्या हो । यसले समाज रूपान्तरणको दिशालाई नै अधोगतितर्फ धकेलिदिन सक्छ ।

बरु हामीलाई सबै प्रकारका जिम्मेवारी लिन, आफूभित्रको अभिमानलाई बलिदान दिन, माया प्रेम वृद्धि गर्न र सम्बन्ध कायम राख्ने कुरामा भने हामी तीव्र गतिको सहारा लिन सकिरहेका हुँदैनौं । यसका लागि समय धेरै लाग्ने मात्र होइन हामीले त्यसका लागि कुनै प्रयास समेत गर्न छोडिसकेका छौं । हामी आफूले सामना गर्नै पर्ने सानातिना समस्याबाट पनि भाग्ने गरेका छौं, हार मान्ने गरेका छौं । केही वर्ष अघिसम्म कुनै गाउँ समाजमा सम्बन्धबिच्छेदका एउटा घटना पनि देखिँदैनथियो । अचेल सम्बन्धबिच्छेदको दर निरन्तर बढ्दै गएको देखिन्छ । सम्बन्धहरू "एउटा जान्छ र अर्को आउँछ" भन्ने तर्कको साथ दीर्घकालीन सम्बन्धलाई अल्पकालीन सम्बन्धहरूले प्रतिस्थापन गरिरहेका हुन्छन् । किनभने हामीले एक आपसमा जोडिएका भावनाका सम्बन्ध समेत सामान्य कारणले गुमाइरहेका छौँ ।

लामो समयसम्म सँगै रहनुपर्ने र सुखद जोडी बनाउनु पर्ने पति पत्नीको सम्बन्ध समेत एकाएक र एकदम छिटो अन्त्य हुने गरेको छ । सम्बन्ध जोड्दा महत्त्वपूर्ण तत्त्व बिना जोड्ने गरिन्छ । बिनाशर्त सम्बन्ध गाँस्न छोडिएको छ । हरेक शर्तसहितका सम्बन्धमा समर्पण र प्रतिबद्धताको अभाव हुन्छ । बिनाप्रतिबद्धता र बिनासमर्पणको सम्बन्धमा विश्वासको अभाव खट्किएको हुन्छ । जब एक अर्कामा विश्वासको कमी हुन्छ, सम्बन्धहरू टुट्ने गर्छन्, जसरी हिजो आज प्रशस्त मात्रामा टुटिरहेका छन् ।

सम्बन्धमा विश्वासको भावना र प्रेमको सारलाई बढावा दिने मुख्य कारकतत्त्व प्रतिबद्धता हो । अर्को शब्दमा भन्दा यसलाई भक्ति भनिन्छ । एउटा व्यक्तिले केवल एउटा सम्बन्धमा मात्र माया र मायाको अनुभूति गर्न सक्छ, जसमा उसले विश्वास गरिरहेको हुन्छ । उता अर्को व्यक्ति अनिवार्य रूपमा कुनै पनि कुरामा प्रतिबद्ध हुन सक्दैन भने सम्बन्धमा चिसो पस्छ । दाम्पत्य जीवनमा प्रतिबद्धताको अर्थ पुरूष र महिलाबीचको सम्बन्धमा इमान्दारी, खुलापन र स्थिरता हो । उल्लिखित बुँदाहरूमा प्रतिबद्ध रहन सक्ने हो भने सबै सम्बन्धहरू चिरस्थायी बन्न सक्छन् । अन्यथा सम्बन्धहरूमा दिगोपन आउन सक्दैनँ ।

सम्बन्धलाई दीर्घायु बनाउन स्वतन्त्रताले मात्र पनि पुग्दैन । इमान्दारी र अनुशासनमा रहन सक्नुपर्छ । कतिपय दम्पतीले स्वतन्त्रताको आडमा इमान्दारी र अनुशासनको खिल्ली उडाउने गरेको पाइन्छ । यसरी अधिकांश दम्पतीको सम्बन्ध बीचमै दुर्घटनामा पर्ने गरेको छ । दम्पती दुवैले इमान्दारी बन्ने प्रतिबद्धता जाहेर गर्ने मात्र होइन त्यसलाई व्यवहारमा समेत उतार्न सक्नुपर्छ ।

यस्तो प्रतिबद्धता मौखिक र अलिखित हुन्छन् । दुई दम्पतीबीचको सम्बन्ध चिरस्थायी बनाई राख्न लिखित प्रतिबद्धता तयार गर्ने प्रचलन आजसम्म छैन । प्रतिबद्धता भनेको सम्बन्ध जारी राख्ने वाचाबन्धन र विश्वास हो । यो प्रतिबद्धताले दम्पतीलाई नवजीवन प्रदान गर्दछ । आपसी सम्बन्ध मजबुत बनाउन ऊर्जाको काम गर्छ ।

प्रतिबद्धताका तीन महत्त्वपूर्ण चरणहरू हुन्छन् । प्रतिबद्धता स्थापित गर्ने, प्रतिबद्धता कायम राख्ने र प्रतिबद्धता भङ्ग गर्ने । प्रतिबद्धता पूरा गर्न रातारात सम्भव हुँदैन । भावनाहरू आदान-प्रदान गरेर, सुनेर र एकअर्कालाई बुझेर समर्थन गरेपछि मात्र प्रतिबद्धताहरू पूरा हुन्छन् । उता प्रतिबद्धता कायम राख्न भने प्रसस्त धैर्य धारणको खाँचो पर्छ । सामान्य भनाभन, घर झगडा र शङ्का र आशङ्काको भरमा प्रतिबद्धता भङ्ग नगरी राम्रोसँग बुझेर एकआपसमा छलफल गरेर समाधान खोज्न सक्नुपर्छ । धैर्यधारण गर्न नसक्ने हो भने प्रतिबद्धता भङ्ग हुन कत्ति पनि बेर लाग्दैन । यसरी हरेक सम्बन्धमा फाटो आउने प्रमुख कारण हरेक व्यक्ति र हाम्रो समाज तीव्र गतिमा स्वार्थी बन्नु हो ।

सम्बन्धमा शारीरिक र भावनात्मक अन्तरक्रियाबाट गहिरो आत्मीयतामा बढ्दै जाँदा माया र प्रेमसहितको भक्तिभावना सिर्जना हुन्छ । यो अनुभूतिले जीवनको उतारचढाव मार्फत दम्पतीलाई एउटै डोरीको गाँठोमा नफुस्कने गरी बाँधेर

राख्छ । प्रतिबद्धता भनेको त्यस्तो निर्णय हो, जसमा गरिएका वाचाहरू जसरी पनि पूरा गर्नुपर्छ । वचनबद्धतापछि भविष्यमा छलछाम नगरीकन व्यक्तिसँगको सम्बन्ध कायम राख्नुपर्छ । त्यसको जिम्मेवारी लिनु र उत्पन्न हुन सक्ने सबै समस्यालाई पार गर्ने प्रयास गर्न तयार रहनुपर्छ । सम्बन्धमा प्रतिबद्धता दुई पक्षीय हुनुपर्छ । एक अर्काप्रति प्रतिबद्धताको भावना भएका दम्पतीहरू एक अर्को र उनीहरूको सम्बन्धको बारेमा सकारात्मक सोच्छन् । नतिजा, तिनीहरू आफ्नो सम्बन्धलाई ठोस हिसाबले राख्न प्रयास गरिरहन्छन् र रहन्छ पनि । भाग्यमानीहरूले आफ्नो सम्बन्धलाई हर तरहले जोगाउने प्रयास गर्छन् । केही अभागीहरूले भने प्रतिबद्धता भङ्ग गर्नकै लागि निहुँ खोज्ने गर्छन् । जसले प्रतिबद्धता तोड्छ, उसले जीवनमा दुःख पायो भन्ने बुझे हुन्छ ।

हुन त प्रतिबद्धतापछि पनि दाम्पत्य जीवनमा समस्या आउँदैन भन्न सकिन्नँ । सामान्य समस्यादेखि लिएर कहिलेकाहीँ गम्भीर प्रकृतिका समस्याहरू पनि आउन सक्छन् । यस्ता समस्याहरू व्यक्तिको असावधानीका कारण र यदाकदा परिबन्दमा परेर पनि आइदिन सक्छन् ।

त्यस्तो परिस्थितिमा निकै सुझबुझका साथ समस्यालाई सल्टाउने कोशिस गर्नु पर्दछ । तिनै समस्या अथवा द्वन्द्वलाई भरिसक्के आफ्नो नियन्त्रणबाट बाहिर जान नदिने प्रयास गर्नुपर्छ । जसका कारण समाधान सजिलोसँग हुन सक्छ । दुःखको कुरा अचेल घरभित्रको सामान्य समस्या र विवाद घरभित्र सुल्झाउने प्रयास गरिँदैन । पतिपत्नीको विवाद पनि तत्काल सामाजिक सञ्जालका भित्तामा पुग्ने गर्छन् ।

मस्तिष्कसँग प्रत्यक्ष सम्बन्ध राख्ने सबैभन्दा महत्त्वपूर्ण अङ्ग यौनअङ्ग हो । यौनिक क्रियामा मस्तिष्कमा एक सानदार जैविक प्रक्रिया हुने गर्छ । यौनसम्पर्कका क्रममा मस्तिष्कमा निस्कने विभिन्न रसायनका कारण यौनहार्मोनले यौनिकतालाई शारीरिक क्रियाकलाप मात्र होइन, आनन्द, उत्साह र स्नेहको बलियो भावना सिर्जना गर्दछ । यसले नसाको रूपमा लत बसाइदिन्छ । जब यौनक्रियाकलापमा लत बस्छ, व्यक्तिले सोही क्रियाकलाप दोहोऱ्याउन चाहन्छ । यसरी कामुकताले पनि साँचो प्रेम अनुभव गर्न र प्रतिबद्धता सिर्जना गर्न बलियो आकर्षण थपिरहेको हुन्छ । मायालु दम्पतीबीचको यौनसम्बन्ध, बन्धनको सबैभन्दा घनिष्ठ र रोमाञ्चक रूपहरू मध्ये एक हो । प्रेमले मानिसहरूलाई भावनात्मक र शारीरिक घनिष्ठता तर्फ डोऱ्याउँछ । नजिक हुने यो चाहनाले आफूलाई बुझेर र आफूले माया गर्ने,

स्पर्श गर्ने व्यक्तिसँग मन साटासाट गर्दा भावनात्मक सन्तुष्टि प्राप्त गर्छ । यसबाट पतिपत्नी बीचको सम्बन्ध झनै मजबुत हुन्छ ।

भावना र यौनसम्पर्कबाट पनि व्यक्तिले शारीरिक सन्तुष्टि प्राप्त गर्छ । पति पत्नीबीच एक–अर्काको भावना बुझेर सक्रिय यौनजीवन बिताउनु पर्छ । जसले धैर्य, निष्ठा र विनाशर्त प्रेम, इमान्दारी, जोश र पारस्परिक सम्मानजस्ता सुखी सम्बन्धहरूको आधारशिला बलियो बनाउने काम गर्दछ । जसरी भवन बलियो हुनका लागि इँटाका बीचमा पर्याप्त मात्रामा तयारी सिमेन्ट मसला राख्नु आवश्यक हुन्छ, त्यसरी नै सम्बन्ध दीर्घकालीन हुनका लागि आपसी सन्तुष्टि हासिल गर्नु पनि महत्त्वपूर्ण कुरा हुन आउँछ ।

यदाकदा छोटो समयमा सम्बन्ध भत्किने अर्को महत्त्वपूर्ण कारणका रूपमा यौनअसन्तुष्टि र यौनअभावलाई पनि लिन सकिन्छ । जसका कारण एक–अर्कामा विकसित हुनुपर्ने माया, प्रेम र स्नेह विकसित हुन सक्दैन । बिहेपछि लामो समय विदेश बस्ने गर्दा, जागिर र व्यापारको सिलसिलामा पतिपत्नी लामो समयसम्म छुट्टिएर बस्नुपर्दा, दम्पतीमध्ये कुनै एक अथवा दुवै जनाले घर बाहिर साथी राख्दा र यौनउत्तेजना नहुने कुनै रोग लाग्दा पनि धेरैजसो दाम्पत्य सम्बन्धहरू टुट्ने प्रबल सम्भावना रहन्छ । यस विषयले दाम्पत्य जीवनमा चिरा परेको अनगिन्ती घटनाहरू देखिने गरेका छन् । यसतर्फ समयमा विचार पुऱ्याउनु बुद्धिमानी हुनेछ । मान्छेले पतिपत्नीको सम्बन्धमा पनि द्रुत गतिको साहारा लिन थाल्ने हो भने खटपट त्यहीँबाट प्रारम्भ हुनसक्छ । त्यसैले हरेक कार्य तीव्र गतिमा होइन, संयमित बनेर सम्पादन गर्ने बानी बसाल्नु पर्छ । त्यसका लागि धैर्यको खाँचो पर्छ ।

**चितवन**

# माया



राजु शर्मा

म कोठाभित्र छिर्दा ऊ टोलाइरहेको थियो । उसको भावभङ्गीलाई पढ्न अलिकति पनि मथिङ्गल मथ्नै परेन । ऊ जहाँ बसिरहेको थियो, ठीक सामुन्नेको भित्तामा एउटा घुतुमुने बालकको आकर्षक तस्वीर झुन्डिरहेको प्रस्टै देखिन्थ्यो । उसको एकाग्रतालाई भङ्ग गर्ने चेष्टा ममा पलाएन, उसले पनि एकाग्रतालाई अन्यत्र मोड्ने प्रयत्न गरेन । उसको दायाँतर्फ एक मिटरको दूरीमा म ठिङ्ग उभिरहेकै थिएँ । ऊ जसरी र जुन स्वरूपमा थियो, त्यही स्वरूपमा उसलाई हेरिरहन मन लाग्यो । त्यसैले मैले मेरो उपस्थितिको झिनो आभाससम्म हुन दिइनँ । उसको आँखा भरिएर आएको प्रस्ट देखियो, बाक्लो चस्माभित्र । चस्माको छेउबाट भरिएको आँसु बग्दै गालामा तप्प तप्कियो, चोर औंलाले सोहोरेर मतर्फ हात झड्कार्‍यो । बल्ल म ठिङ्ग उभिइरहेको देख्यो, मुसुक्क मुस्कुरायो, सामुन्नेको मेचतर्फ बस्ने इशारा गर्‍यो ।

'धेरै दिन भयो तिमी नआएको' नोकरीबाट अवकाश भएपछि प्रत्येक साँझ भेला हुने सान्दाइको चिया पसलतर्फ उसलाई लैजान चाहेँ । ऊ फेरि मुसुक्क मुस्कुरायो मात्र ।

"सन्चो भएन कि !"

"सन्चै छु " बल्ल उसको बोली फुट्यो ।

"धन्न सकुशल रहेछौ" मेरो मुहार उज्यालियो । ऊसँगको आत्मीयता यति गहिरो खिल बनेर गड्छ जस्तो लागेकै थिएन । शुरु शुरुमा उसलाई देख्दा कन्सिरीको रौं तात्थ्यो । 'कस्तो चिसो मान्छे होला !' खुलेर कुरा नगर्ने उसको बानी ! म जस्तो बोलक्कडसँग तालमेल मिल्ने कुरै भएन । यै त रहेछ नदेख्दा को हो को हो देखेपछि माया मोह ! अहिले हाम्रो सम्बन्ध बाक्लोसँग झाङ्गिएको छ ।

"के लिन्छौ ! चिसो ! तातो !" उसले खुल्ने चेष्टा गर्‍यो ।

"केही नपिऊँ क्यारे ! म त तिम्रो दर्शन गर्न मात्र आएको" मेरो बोली भुइँमा खस्न नपाउँदै उसले च्याप्प समायो र फुत्त मैतर्फ फाल्यो ।

"मान्छेको पनि दर्शन हुन्छ ! धेरै गुलियो नछर् !", उसको मुख मण्डलबाट आक्रोशको फिलुङ्गो फुत्त झुल्क्यो ।

"सरी ! ल मैले सच्याएँ ! तिमीलाई भेट्न आएको ।"

"हो ! यसो भन न त !" बल्ल ऊ सेलायो ।

"नातिको न्यास्रो फोटो हेरेर मेट्दै छौ कि ! कसो ?" टाउको हल्लाएर स्विकार्‍यो ।

"नाति ! छोरा बुहारीकोमा गएको कति भयो ?"

"एक हप्ता ।" माधुर्य मिश्रित वाणी, मोहरूपी हृदय, सबै छताछुल्ल छरपस्ट भयो शब्दमा । यति शब्द ओकल्दा पनि उसको अनुहारभरि मलिनताका तरेलीहरू यत्रतत्र छरिए ।

"तिमी सान्दाइको चिया पसलमा नझुल्किएको पनि एक हप्ता नै भयो होला ?" मेरो प्रश्नमा उसले टिलपिल आँखा सिलिङको पत्तमा लगेर टाँस्यो, अनि पङ्खाकै गतिमा घुम्दै सात समुद्र पारि विचरण गर्न थालेको आभास मिल्यो । उसको तन त यहाँ थियो नै, तर मन भने सात समुद्रपारि तोतेबोलीमा बुबा....! शब्दको मिठासमय सुगन्धमै टहली रहे झैं लाग्यो ।

"ए ......हो.....र ?" हातका औंलामाथि उत्तानो परेर पल्टिएका स-साना मासुका तीनखण्डे डल्लामाथि बूढी औंला नचाएर भन्यो "ए....! हो रहेछ । ठयाक्कै सात दिन भएछ ।"

"यो पाँच महिना पूरा गरी छ महिनामा मात्र टेकेको थियो, छोरो विदेशमा मास्टर्स गर्छु भनेर लागिहाल्यो" । नातिको घुतुमुने तस्वीर देखाउँदै उसले विगत सम्झियो ।

"विदेशमा छोरा एक्लै पर्‍यो भनेर बुहारीलाई पनि कर गरेर छोरा भएकै देशमा पठायौं । मुटुको टुक्रालाई हाम्रो हातमा सुम्पिएर भारी मन लिएर बुहारी पनि छोरा गएकै देशमा गइहाली, छोरा गएको दश महिनामा । त्यसबेला उसको मन कस्तो भयो होला ?" बुहारीको फोटोतर्फ उसले इशारा गर्‍यो ।

"बुहारी गएपछि नातिको सम्पूर्ण अभिभारा हाम्रो अर्थात् हामी बूढाबूढीको काँधमा आइ पर्‍यो । छोराले आफनो पढाइ सक्कायो । छोरा-बुहारी छोटो समयका लागी नेपाल आए । करिब तीन महिनाको बसाइपछि छोरा कर्मथलो लाग्यो । बुहारी

नाति लिएर मात्र जान्छु भनेर यतै बसी ।" प्रत्येक भेटमा भन्ने गरेको आफ्नो कथा दोहोऱ्याउँदै थियो ऊ ।

प्रत्येक भेटमा ऊ भन्थ्यो "आज रातभर नातिले सुत्न दिएन, एक निद्रा सुत्छ, त्यसपछि चिच्याएर रुन्छ । यता उता डुलायो मान्दै मान्दैन । मनाउन पनि म नै चाहिन्छ । सुताउन पनि म नै चाहिन्छ । दुध खुवाउन पनि बुबाले भनेर रुन्छ । हजुरआमाले लिँदा मान्दैन झन् चिच्याएर कोठा थर्काउँछ ।" उसले आफ्नो उपस्थिति नातिका लागि कतिको महत्त्वपूर्ण छ भनेर गर्वले छाती तन्कायो । जुन दिन ऊ थकित र गलित देखिन्थ्यो । छोरा बुहारीप्रति थोरै आक्रोश पोख्थ्यो "के गर्नु थालमा खानुपर्ने बेलामा खड्कुलो नै तेर्स्याइदिए ।" कुनै दिन ऊ खुशीले पुलकित हुन्थ्यो र भन्थ्यो "नातिको तोतेबोली र टुकुटुकु हिँडाइले हाम्रो दैनिकी नै उज्यालोसँग उज्यालियो । त्यसको आगमनले मोबाइलमा हराउने हामी बूढाबूढीको लतमा पूर्ण विराम लाग्यो । बूढाबूढीको प्यारमा माधुर्य छायो, त्यो ! नातिले । नातिको स्याहारसुसारले उनलाई अर्थात् मेरी श्रीमतीलाई कैल्यै फुर्सद भएन, बेफुर्सदीभित्र पनि उनको अनुहारमा चमकता बढ्थ्यो ।"

"हाम्रो पुस्ताले धेरै उतारचढाव सहनु पऱ्यो ।" अचानक उसले पुस्ताको सम्झना गऱ्यो ।

"भाग्यमानी भन न !" मेरो मुखबाट प्याच्च निस्कियो ।

"के को भाग्यमानी ! अभागी भन न !" उसले सिलसिला टुट्न दिएन ।

"कसरी !" मेरो जिज्ञासामा उसले मुख खोल्यो । "हामी हाम्रो आमा – बुबा, बाजे – बज्यैका लागि धेरै बाँच्यौं । थोरै आफ्नी श्रीमतीको लागि र अलिकति आफ्ना सन्तानका लागि बाँच्यौँ ।" अहिले भने उसको स्वर प्रस्ट खुल्यो । मतर्फ मुन्टो उठाएर आँखा गाड्यो र भन्यो– "मेरा हजुरबा, हजुरआमाले नातिको विवाह हेर्ने इच्छा प्रकट गर्नुभयो । हाम्रा बाले तुरुन्तै हाम्रो विवाह गरिदिनुभयो । बा आमाले नातिनातिना खेलाउने इच्छा प्रकट गर्नुभयो । हामीले पनि बाआमाको इच्छालाई भुइँमा खसाल्ने चेष्टा नै गरेनौं । श्रीमतीको चाहना छ/छैन सोधखोज गर्ने जमर्को गर्दै गरिनँ, छोराछोरी उत्पादन गर्ने एक सूत्रीय अभियानमा लाग्यौँ । त्यसबेला श्रीमतीले पनि कुनै असन्तोष व्यक्त गरिनन् । आफ्नो भविष्यको कल्पनासमेत गर्ने फुर्सद उनलाई थिएन । उनी बिहान कुखुरा बास्दा उठथिन्, रात छिप्पिएपछि मात्र सुत्थिन् ।" उसले विगतलाई कोट्याउने प्रयास गऱ्यो ।

"तिमीले त नाति खेलाउन पाएकै थियौ ।"

"मैले मेरो मात्र समस्या भनेको छैन । रमेशको हालत देखेकै छौ । दश दश वर्ष भइसक्यो छोराको विवाह भएको, अहिलेसम्म नातिनातिनाको मुख हेर्न पाएको छैन । भन्थ्यो बूढी डिप्रेसनमा जान लागिसकी । नातिनातिना खेलाउन नपाएर ।" उसले असन्तोष पोख्नुको कारण प्रस्ट्याउन चाह्यो ।

"रमेशले छोराबुहारीलाई सँगै राखेर सम्झाएनछ त ?", मैले प्रति प्रश्न गरेँ ।

"बुहारी मान्दै मान्दिन भन्छे रे छोरा !" ऊ खित्का छोडेर हाँस्यो ।

"किन ?"

"मेरो क्यारियर हेर्नु पर्दैन भन्छे रे बुहारी, सैंतीस वर्षकी भइसकी, कहिले बन्छ क्यारियर ।"

"काल, बेला, समय पनि त हेर्नुपर्‍यो ।" मैले समय र परिस्थिति अवगत गराउन खोजेँ ।

"समय परिवर्तन भयो भन्दैमा नातागोता कुल कुटुम्ब, आमाबुबा, बाजेबज्यैप्रतिको आफ्नो दायित्व कर्तव्य भुल्न मिल्ला र ! हामीहरू हाम्रो बाआमाको चाहनामा रमाउँदा रमाउँदै पनि खुशी थियौं । हाम्रा छोरा छोरीहरू आ–आफनै चाहनामा रमाउदा रमाउदै पनि खुशी छैनन् । आफैं त खुशी छैनन् हामीलाई के खुशी दिन्छन् ।" उसले आक्रोश पोख्यो ।

"समयको परिवर्तन ठानी सहर्ष स्वीकार गर्ने कोशिस गर्दा नै जीवन सरल रूपमा चल्छ जस्तो लाग्छ ।" मैले उपदेशको गाँठो फुकाएँ ।

सन्तान उत्पादन गर्दा पुरुषको उपस्थिति अनिवार्य छ भन्ने कुरा आजकालका स्वास्नीमान्छेहरूले भुले कि कसो ! पुरूष चाहनाको कुनै मूल्य नै देखेनन् । सन्तान उत्पादनमा एकलौटी निर्णय गर्ने अधिकार आफूमा स्थापित भएको सगौरव कुर्लन्छन् र भन्छन्– "सन्तानलाई नौ महिना गर्भमा राख्ने हामी ! जन्म दिने हामी ! निर्णय गर्ने अधिकार हरूको ! यो कदापि स्वीकार्य हुन सक्दैन ।" यस्तो स्थितिमा पुरुषहरूको मनोभावनामा कस्तो असर पर्छ होला ? उसको जिज्ञासा र असन्तुष्टिमा पक्कै केही दम थियो ।

ऊ अर्को कोठाभित्र छिर्‍यो । मैले जुन दिनदेखि उसलाई भेटेको थिएँ यसरी रित्तिएको, निराशामा रुमल्लिएको कैल्यै देखेको थिइनँ । कैले पनि निराशा र ग्लानिको कुरो गर्दै गरेन बरु हामीहरूलाई रमाइलोसँग बाँच्ने आधार तयार पारिदिन्थ्यो । उसलाई धेरै भन्दा धेरै घटना र परिघटनाहरूको जानकारी हुन्थ्यो त्यसैले त हामीहरू उसलाई इन्साइक्लोपिडिया नै मान्थ्यौं । आर्थिक, राजनीतिक,

धार्मिक, सामाजिक जुनसुकै क्षेत्रमा ऊ दखल राख्थ्यो । उसले दुई विषयमा एम. ए. पास गरेको थियो ।

केही मिनेटको पलायनपछि ऊ फेरी कोठामा झुल्कियो । हातमा किताब र पत्रपत्रिकाका चाङ बोकेर ।

"के लेरायौ ।"

मेरो अघिल्तिर पत्रपत्रिका र पुस्तकहरूको बिस्कुन सुकायो । अधिकांश पत्रपत्रिका र पस्तकका अघिल्लो गातामा हजुरबुबा, हजुरआमा र नातिनातिनाको सम्बन्धसम्बन्धी सामग्रीहरू प्रकाशित भएका थिए । मैले पुलुक्क उसको अनुहार हेरेँ !

"के हुन् यी ?"

"यसको रेखदेखमा कुनै कमी नहोस् भनेर अध्ययन गर्न सङ्कलन गरेका सामग्रीहरू हुन् ।" नातिको फोटो हेर्दै उसले भन्यो ।

उसले राम्ररी तयारी गरेको रहेछ । यसबाट पनि महसुस गर्न सकिन्थ्यो उसको र नातिको माया । गगनभरि विशाल क्षेत्रफलमा फैलिएको मायामा कावा खाँदै निस्फिक्रीसँग विचरण गर्न चाहन्थ्यो ऊ नातिसँगै ।

"यसमा लेखिएका सामग्रीहरूको अध्ययनले मलाई नातिको रेखदेख गर्न सहयोग गरेको थियो । "एकपल्ट पढेर त हेर ! तिमीलाई पनि काम लाग्छ" उसले भन्यो ।

"मलाई .......!"

"अँ ! तिमीलाई ।"

"मेरा नातिनातिना यता छैनन् । छोराको नाति छ एउटा, ऊ अमेरिकामै छ, अहिले नौ बर्ष लाग्यो । छोरीको छोरीहरू अर्थात् नातिनीहरू दुईवटा छन् । उतै अष्ट्रेलियामै हुर्किंदै छन् । म तिमीजस्तो भाग्यमानी कहाँ छु र !" हामी दौंतरीवीच नाति नातिनाको चर्चा चल्दा यसरी नै स्पष्ट पार्ने कोशिस गर्थें । आज त्यही दोहोऱ्याएँ ।

"तिमी भाग्यमानी हौ", मैले भनेँ ।

"म कसरी भाग्यमानी भएँ ?" उसले मुन्टो मतर्फ फर्कायो ।

"कमसेकम दुई वर्षभन्दा बढी समयसम्म खेल्न त पायौ", उसको मुहारमा झुलुक्क घाम पोतियो । मेरा अनुहारलाई आत्माबोधले पुलुक्क नियाल्यो । क्षणभरमै सूर्य बादलमा लुक्यो घाम पनि ओझेल पऱ्यो ।

उसले खल्तीबाट मोबाइल झिक्यो र खोल्यो । मोबाइलभित्र नाति उसको ढाडमा चढेर हट हट गर्दै थियो । ऊ घोडा बनेर नातिलाई ढाडमाथि राखेर यता उता घोडा बन्दै कुद्यो । उसले कानमा समाउने इशारा गऱ्यो । उसको इशारामा नातिले उसको कान समात्ने प्रयास दोहोऱ्यायो तर कानसम्म उसको हात पुगेन । नातिको हाउभाउमा ऊ खुशीले दिल खोलेर हाँस्यो । छोटो भिडियो दोहोऱ्याइ तेहेऱ्याइ देखायो । यो दृष्यले उसको अनुहारभरि खुशीका तरेलीहरू परेड खेल्न थाले । मोबाइलको स्क्रिन मास्तिर साऱ्यो फोटोमा ऊ मस्तले निदाइरहेको देखियो । नाति उसको गालामा आफ्नो गाला सिरानी हालेर मस्त सुतिरहेको थियो । "यो फोटो यसको हजुरआमाले खिचिदिएकी", उसले गर्वले भन्यो ।

उसले फेरि अर्को छोटो भिडियो खोल्यो । त्यसमा नाति सामुन्नेको टिभीमा आएको गीत हेर्दै खुट्टा झड्कारी झड्कारी ताल मिलाएर नाच्दै थियो । नातिको तालमा ऊ पनि सकी नसकी कम्मर हल्लाउँदै थियो । समयसँगै आएको परिवर्तनको उपयोग उसले दिल खोलेर गरेको देखियो । "यो पनि यसको हजुरआमाले नै खिचिदिएकी", फेरि उसले गर्व गऱ्यो ।

सामुन्नेको टेबुलमा उत्तानो परेर पल्टिरहेको थियो बाबु, छोरा र नाति शीर्षकको पुस्तक । अनेकौं पत्रपत्रिका र पुस्तकहरूको बिस्कुनबाट मैले यो पुस्तक छानें । पुस्तकको बाहिरी आवरणमा बाबु, छोरा र नाति क्रमशः एकपछि अर्को गर्दै उभिरहेको तस्वीर आकर्षक देखिन्थ्यो । मेरो आँखाको भाका उसले पढ्यो या पढेन तर "यो किताब तिमी पनि एकपल्ट पढ निकै रोचक छ" पुस्तकतर्फ इशारा गऱ्यो । उसको अनुरोधलाई स्वीकार्दै बायाँ हातले पुस्तक उठाएँ, ओल्टाइ पल्टाइ पढें । रोचक छ जस्तो आभास मिल्यो । घर लैजान छेउ लगाएँ ।

"यसमा त्यस्तो के लेखेको छ र !" मेरो जिज्ञासामा उसले भन्यो ।

"एकपल्ट पढेर त हेर.....! जीवन जिउने कला छ । बाबु, छोरा र नातिवीचको सम्बन्धलाई कलात्मक रूपमा वर्णन गरिएको छ ।"

"ठीक छ म लिएर जान्छु ।" उसले टाउको हल्लाएर स्वीकृति दियो ।

मौनतालाई छिचोल्दै उसको मोबाइल चिच्यायो । निमेषभर पनि त्यो मोबाइल चिच्याउन पाएन ! उसले उठाइहाल्यो । उताबाट छोराको फोन आएको रहेछ, मेसेन्जरमा । मोबाइलको पर्दामा नाति झुल्कियो, सँगै छोरा पनि रहेछ । नेपथ्यबाट बुहारीले "दर्शन" भनी उसले पनि "भाग्यमानी भए" भनेर आसिक दियो तर बुहारीलाई भने देखेन ।

"बाबु ....! पुन्ते......! के छ हालखबर ?" नाति ठुसुक्क ठुस्कियो ।

"बुबा..बुबा भनेर हैरान पारेको थिइस् गफ गर्", छोराले आफनो छोरालाई सजग गरायो । नाति टिलपिल आँखाभित्र हजुरबुबालाई बालसुलभ चेतनामा कैद गर्ने प्रयत्न गर्दै थियो ।

"बाबु.....! पुन्ते.......! पुन्ते......! बाबा.....!" ऊ चिच्यायो ।

बल्ल नातिले "बुवा ....! बुबा....!" मसिनो स्वर ओकल्यो । उसले लामो श्वास लियो र नुनिलो वस्तु घुटुक्क निल्यो ।

"माम खायौ ...? बुबु खायौ.... ?" उसले एकैपल्ट माम र बुबुको सम्झना गरायो ।

"भर्खर त उठेको" उताबाट छोराले उत्तर दियो ।

"ए.....!" । एकछिनको मौनतापछि "त्यहाँ त भर्खर उज्यालो भयो कयार....!" उसले जिज्ञासा तेर्स्यायो ।

"हो, यहाँ सात बज्यो, बिहानको ! त्यहाँ अहिले कति बज्यो ?" छोराले जान्न चाह्यो ।

"पाँच, बेलुकाको" उसले भित्ताको घडी हेर्दै जवाफ फर्कायो ।

"यसले दुःख त दिएको छैन ?" उसले जान्न चाह्यो ।

"छैन" दुई अक्षरमै छोरा रोकियो ।

"मामु खोइ त...?" आमालाई खोज्यो ।

"बाहिर निस्किएकी छे"

"ए" एकै अक्षरमा टुङ्ग्यायो ।

"पुन्ते खोइ.....?" उसले नातिको उपस्थिति चाह्यो ।

"यतै खेलिरहेको छ" छोराले मोबाइल कोठा वरिपरि घुमायो । कुनाको सोफामा पिठ्युँ फर्काएर नाति उभिइरहेको देखियो ।

उसले "पुन्ते ...! पुन्ते ...!" धेरैपल्ट चिच्याएर बोलायो । त्यो बालकले कुनै प्रतिक्रिया जनाएन ।

"ल राखें है ? बेलुका कुरा गरौंला" उताको मेसेन्जरबाट छोरा पलायन भयो । उसले पनि फोन बन्द गऱ्यो । सोफामा मिल्कायो ।

"हामी माया किन गर्छौं ?"

उसको प्रश्नको जवाफ मसँग थिएन ।

म ऊसँग बिदा भएँ, माया शब्दभित्र रूमल्लिएको बाबु छोरा र नाति पुस्तक च्यापेर ।

**निवर्तमान उपाध्यक्ष, विद्युतकर्मी साहित्यिक समाज**

कविता



# हाम्रो समाधिस्थल

## आत्माराम न्यौपाने 'गोगने'

भाषाले बिउ छर्छ शुद्ध मनका आफ्नै गह्रामा सदा
उम्रिन्छन् अनि फेरि अक्षरहरू बाली बनी सर्वदा
हुर्किन्छन् जब शब्द वाक्य रसिला गोडी लगाए मल
फल्छन् नूतन खण्डकाव्य र कथा थप्दै गएमा जल ॥१॥

फुल्दा जीवनसूत्र काल महिमा बन्छन् महाकाव्य यी
भाषा नै बिउ हुन्छ फेरि यसरी ती काव्य पाएपछि
भाषा मर्छ तथापि मानिस कुनै छोड्दैन बोल्नै तर
भाषा मासिनसाथ ढल्छ उसको सञ्चेतनाको स्तर ॥२॥

लाखौं स्थान चिहानघाट कतिका छन् ताम्रका स्वर्णका
लाखौं स्मारक बोटवृक्ष कति छन् श्रद्धादि सम्मानका
नासिन्छन् कति घाट भू-क्षय हुँदा लड्छन् कुनै स्मारक
चौतारा अझ भत्किई दिनदिनै बिर्सिन्छ मान्छे स्वतः ॥३॥

पक्का मर्नु छ भोलिपर्सि सबले यो मृत्यु हो शाश्वत
मुर्दाले पनि सड्नुपर्छ, जिउँदो झन् मर्छ पक्कै अतः
यस्तो चेत लिएर सास रहँदै बाँची रहेको पल
भाषाभित्र बनाउने प्रण गरौं हाम्रो समाधिस्थल ॥४॥

**भोजपुर**

# संस्मरणमा गढीमाई मेला



**अच्युतप्रसाद पौडेल 'चिन्तन'**

हरेक पाँच पाँच वर्षमा लाग्ने प्रसिद्ध गढीमाई मेला प्रत्येक ५ वर्षपछि बिजोर, जोर वर्षमा लाग्ने गर्छ । यसअघि वि. सं २०६१, २०६६, २०७१, २०७६ हुँदै यस वर्ष २०८१ मा परेको छ । मंसिर महिनामा लाग्ने यस मेलाको यसपालिको पूर्वतयारी शुरु भइसकेको छ । अर्को पटक भने यस्तो मेला २०८६ सालमा पर्नेछ । विगत वर्षहरूमा पनि पङ्क्तिकारले स्थान विशेष त्यहीं पुगेर आलेखहरू तयार गर्ने गरेको हो ।

यो बाराको बरियारपुरको मेला हो तर आसपास यतिबेला जनकपुर, ढल्केवर, लालबन्दी, कर्मैया, वागमती, चन्द्रनिगाहपुर र कलैयाभरि पाइला राख्ने ठाउँ हुन्न । वीरगन्ज त मेलाको मूल नाका नै हो, जहाँ पुग्दा जीउको शक्ति एक चौथाइ मात्र बाँकी रहेको हो विगतमा धूलो, धूवाँ र मानिसहरूको अत्यधिक चापले गर्दा । सवारीभाडा अनियन्त्रित हुने गरेको पनि हो । मौकामा चौका दाउ हान्न प्रायः सबै सफल देखिन्छन् । भन्सारको प्रमुख नाका वीरगन्ज, गढीमाईको नाका वीरगन्ज, हाम्रा सारा खाद्यान्न, लत्ताकपडा, मेसिनरी उपभोग्य सामान आयात गर्ने मूल नाका वीरगन्ज, जहाँबाट मेलाका लागि प्रयोग हुने लाखौं सङ्ख्याका राँगालगायतका बलि सामग्रीहरू पनि भित्रिने गर्छन् । तराईक्षेत्रको आर्थिक विषय बढी चलायमान हुन्छ यतिबेला ।

बाटाभरि राँगा भैंसीको लाइन हुन्छ । बजारको चहलपहल, खाद्य सामग्री, मान्छेहरूको ताँती लामो हुन्छ । करोडौंको व्यापार हुन्छ, देशभित्रका लाखौं पुग्छन् । भारतको बिहार, उत्तर प्रदेश, पश्चिम बङ्गाल, झारखण्डबाट भाकल पूरा गर्न भक्तहरूको त ओइरो नै लाग्छ । समग्रमा करोड कम हुन्नन् मान्छेहरू । अगाध विश्वास छ माईप्रति । भारतले रोक्न खोज्दा पनि अघिल्लो पटक ८० प्रतिशत भक्त भारतीय नै देखिए । हजारौं राँगा र लाखौं अन्य जनावर हाँस, कुखुरा, बोकाको बलि दिइएको थियो त्यहाँ । अझ यसो भनौं संसारमै धेरै ठूलो सङ्ख्यामा

बलि दिने ठाउँ यही नै हो । बलि रोक्न अदालतसम्म अपील नपुगेको होइन तर बलि निषेध भएन । स्थानीय प्रशासनको भनाइ रह्यो– "बलि निषेध होइन निरुत्साहन गर्ने हो ।" बलि रोक्न कम्मर कसेका बम्जन आफैं त्यहाँबाट भागेका पनि हुन् ।

तीन किसिमका ताप– आध्यात्मिक, आदिदैविक र आदिभौतिक तापको निराकरण हुन्छ भन्ने विश्वास लिएर गढीमाई मन्दिर पुग्छन् भक्तहरू । शक्तिशाली देवीले आफ्नो सबै किसिमका माग पूरा गर्ने विश्वास भएकाले नै यति ठूलो जमघट हुने गर्छ त्यहाँ । गढीमाईसँगै कन्काली माई, कटबाँसी माई, मनकामना माईको पनि पूजा हुन्छ भने गढीमाईकी बहिनीहरू माकामारा, कङ्काली, संसारी, साम्ये, राजदेवी, जोरलाही, वनशक्ति, गढवाडा आदिको पनि पूजा हुन्छ । भारतको कलकत्ता टाढा भएकाले त्यहाँकी कालीका देवीको दर्शन गर्न सजिलो होस्, नजिकै होऊन् देवी भनेर कलकत्ताकी कालीको अंश स्वरूप यहाँ ल्याएर राखिएकाले तराईका अधिकांश क्षेत्र र भारतका विभिन्न क्षेत्रबाट आएका दर्शनार्थीहरूको घुइँचो देख्दा देवीप्रति जनविश्वास प्रगाढ रूपमै रहेको पाइन्छ ।

मार्ग शुक्ल सप्तमीदेखि एक महिनासम्म लाग्छ गढीमाई मेला । यो मेला महाबलिबाटै शुरू हुन्छ । त्यसो त यो मेलाको मुख्य रौनक पञ्चबलि, सप्तबलि पन्ध्र दिन अघि र पन्ध्र दिन पछिसम्म पनि निरन्तर चलिरहन्छ । पहिलो दिन मूल पुजारीले शरीरका पाँच अङ्गबाट रगत निकाली देवीलाई बलि दिएपछि औपचारिक बलि आरम्भ हुन्छ, पहिलो दिन ठूला जनावरको बलि दिइन्छ, दोस्रो दिन साना साना । पहिलो पल्ट चार बिगाहा क्षेत्रमा पक्की पर्खाल लगाएर झन्डै पचास लाखको लागतमा पक्की बधशाला तयारी भइसकेको हो, १५ वर्षअघि । हाल त ३ सय बढी मारकहरू नै छन् त्यहाँ, उनीहरूले पशुहरूलाई भकाभक मार्छन् । रक्ताम्ये हुँदा पनि जमिनमा झिंगा नदेखिनु त्यहाँको विशेषता हो । पुह खोला र बालगङ्गा खोलाका वीच १ कि. मि. वरपर धार्मिक विधिले तोकिएको सीमाभित्र सुंगुर, परेवा, कुखुराको बलि दिइन्छ । मानव रगत दिइसकेपछि यहाँ राखिएको दीप आफैं बल्छ । दीप बलेपछि हाँसको ५ वटा अण्डाको बलि दिइन्छ, अण्डामै त्रिशूल गाडिन्छ । त्यही त्रिशूलमा छानातिरबाट परेवाहरू आउँदै आफैं होमिंदै गरेको दृश्य आफैंले देखेको छु, एक भक्तले त छोरो पाएको भाकल पूरा भएको भनी १०५ वटा राँगोको बलि एकै पटक दिएका पनि थिए । साँच्चै १२५ मारकहरूले बीसौं हजार सङ्ख्याको बलि एकै पटक दिन सकिने गरी जात्राको तयारी भइसकेको हुन्छ त्यहाँ । डेढ दुई हजारभन्दा बढी सङ्ख्यामा सशस्त्र र

सादा पोशाकका प्रहरीहरू तैनाथ भइसकेका पनि हुन्छन् । पत्याउन कसैलाई गाह्रो पर्दैन कि - वीरगन्जदेखि २१ कि. मि. परको कलैयामै सवारी ठप्प हुन्छन्, बाटो पूरै जाम हुन्छ । कारण तिनै पशुहरूको आवागमन र भक्त, यात्रुहरूको ओइरो लाग्नाले । मध्यरातमा तान्त्रिक विधिले पुजारी चौधरीले नरबली दिएपछि बिहानैदेखि भाकल बलि शुरु हुन्छ र तान्त्रिक विधिले धामीले पञ्चबलि, सप्तबलि दिएपछि अन्य बलि आरम्भ हुन्छ ।

गढीमाईको दर्शनका खातिर त्रिशूल गाडिएको मन्दिरतर्फ प्रवेश गर्दै रहेको हुन्छु म, खुट्टाहरू रगतमा चुर्लुम्मै डुबिसकेका हुन्छन् । मन्दिरको भित्री छानामा परेवाहरूको लस्कर देखिन्छन् । ती त्रिशूलमा खस्दै आफैँ प्राण बिसाउँदै गर्दाको दृश्य झन् रहस्यात्मक लाग्छ मलाई । मण्डपबाट बाहिर आउँदा जुत्ताहरू हराइसक्छन् । एकैछिनपछि म ब्रह्मस्थानमा पुग्छु । पिपलको रुखमुनि जहाँ ठूलो सङ्ख्यामा भोग लगाइन्छ, त्यहाँको वधशाला हेर्न मन लाग्छ । ढोका बन्द हुन्छन्, पर्खाल चढेर भक्तहरू हेर्दै हुन्छन्, मूल ढोका खोल्न लगाएर हेर्छु म । ठूलो सङ्ख्यामा प्राण आहुति गर्न तयार रहेका पशु चौपायाहरू, कति खुशी देखिन्छन् त्यहाँ देवीप्रति समर्पित हुन । मूल पुरोहित मङ्गल चौधरी र तान्त्रिक धामी दुखा कछडियाबाट संरक्षित छन् गढीमाई । वरपरको बस्तीमा समेत धान कुटेर निकालिएको चामलको खीर बनाएर माईलाई भोग लगाई हाँसको अण्डा बलि दिएपछि विधिवत् पूजा आरम्भ हुन्छ, मूल पुजारीले खेतमा धान नरोपी अरू किसानले नरोप्ने र उनले आफ्नो जमिनको धान भित्र्याएपछि मात्र अरू किसानले धानबाली भित्र्याउँछन् कस्तो विश्वास छ त्यहाँ ।

पञ्चबलि- बोका, पाठा, कुखुरा, सुँगुर र सेतो मुसो । तर सेतो मुसो कहाँ खोज्ने ? नजिकै रौतहटमा धनसर पुल छ । नजिकै खोलो छ । त्यहीँबाट पुजारी धामीका सहायकहरूको सहयोगमा केही दिन अगाडि नै राखेको माटाको घडामा सेतो मुसो बलिको लागि आफैं आएर बस्छ । सहायकले घडाको मुख बन्द गरी सेतो मुसो ल्याउँछन् र बलि दिन्छन् । विधिले पूजा शुरु गरेपछि दियो आफैं बल्छ । दियो बलेपछि धामी कछडियाले नरबलि दिन्छन् । आफ्नै अंग- निधार, आँखा, जिभ्रो, छाती र तिघ्राको रगत बलिको रूपमा माईलाई अर्पण गर्छन् । २६० वर्षअघिका आफ्ना पूर्वज भगवान् चौधरीसँग हालका पुजारी मङ्गल चौधरीको ठूलो विश्वास छ । मकवानपुरका भगवान् चौधरीलाई तत्कालीन शासकहरूले कर नतिरेको रिसमा मुद्दा चलाए, जेल हाले । चोरीको अभियोग पनि लगाइयो, तर आफू निर्दोष भएको भनी कारागार भित्रै मकवानपुर गढीको पूजा अर्चना

गर्न थाले उनले । गढीमाईले रातमा सपना दिँदै भनिन्- "म यहाँ बस्न सक्तिनँ उठाएर अन्यत्र कतै लग ।" भगवान् चौधरीले भने- "म आफैँ बन्धनमा छु, तपाईंलाई उठाएर अन्यत्र लग्न कसरी सक्छु र ?" गढीमाई भन्छिन्- "यो प्रबन्ध म मिलाउँछु ।" चौधरी जेलबाट छुटे । देवीको पाउको धूलो र त्रिशूल लिएर उनी हिंडे त्यहाँबाट । निकै कष्टका साथ माईलाई लिएर उनी हालको बरियारपुर पुगे । माईले त्यहीँ रहने प्रण गरिन् तर आफूलाई बलि दिइनुपर्ने, नरबलि समेत दिनुपर्ने आज्ञा गरिन् । भगवान् चौधरी गरीब, नरबलि पनि दिन नसक्ने । सधैं मेलामा बलि दिन नसक्ने बताएपछि हरेक पाँच पाँच वर्षमा भए पनि मलाई विशेष पूजा, बलि गर्नुपर्छ भन्ने माईको आदेश अनुसार चौधरीको पुर्खाले अहिलेसम्म पूजा र बलिको क्रम जारी राखे । अहिले देखिएको धान्नै नसकिने लाखौं श्रद्धालुहरूको भीड देख्दा लाग्छ यहाँ साँच्चै कुनै चमत्कार छ ।

धेरैले मलाई प्रश्न सोध्ने गर्छन्- "वेदमा बलिप्रथा छ ?" देवीले जीवको रगत पिएकै हुन् त ? मैले उत्तर दिने गरेको छु । धर्म भनेको मान्छेको आस्था र विश्वास हो । बलिप्रधा धर्म नहुन सक्छ, सांस्कृतिक पक्ष हुन सक्छ, कालान्तरमा यसले संगठित रूप लिंदै आयो । आस्था र विश्वास परिवर्तन गर्न बहुतै गाह्रो हुन्छ । लाखौंको संख्यामा पशुबलि दिनेहरूले कुभिन्डो, नरिवल, घिरौंला सात्त्विक बलि दिएर आफूभित्र रहेको क्रोध, हिंसा, आवेग, तनाव, छलकपट आदि खराब तत्त्वको बलि दिएर त्यही खर्चले बरु मठ मन्दिर, पाटी, पौवा, सत्तल, धारा, सडक, इनार, पुल, पुलेसा, अनाथ आश्रमहरूको स्थापना, सार्वजनिक निर्माणका कार्य तिनै भाकलकै रूपमा गरेका भए पनि हुन्थ्यो नि ।

# यस्तो होस् कविता



सृजना सरोवर

के लेख्ने कविता जहाँ सरसिलो बग्दैन गङ्गा भने
के भन्ने कविता छुँदैन दिलको भित्री कुनामा भने
के मान्ने कविता पढी हृदयले पाएन आभा भने
के पढ्ने कविता पढेर गह या भिज्दैन आँखा भने ।

यस्तो लेख्न सकूँ सधैं म कविता छोओस् सबैको मन
यस्तो भाव खिपी समेट्न सकियोस् पग्लोस् सबैको मन
यस्तो अत्तर दिव्य छर्न सकियोस् बास्ना चलोस् हर्हर
मानौं पाठकको बगोस् हृदय नै झर्ना बनी झर्झर ।

ऐना झैं सहजै झलक्क सजियोस् हुन् शब्द तेजस्विला
माया प्रेम विशेषका यदि भए सन्देश हुन् प्रेमिला ।
लेख्नै पर्दछ देशको विषयमा होस् भाव मातृत्वको
लेख्ने हो यदि मित्रता रस भने होस् भाव भ्रातृत्वको ।

सुन्दा फेरि सुनूँ सुनूँ बनिदियोस् पोखूँ म यस्तो मसी
तारा झल्मल देखिऊन् हरफमा झुल्कून् कलामा शशी
पढ्दा अक्षर अन्तरिक्ष पुगियोस् होस् कल्पनामै सुधा
आँखामा सजियोस् धरा गगन नै ब्रह्माण्ड होस् सम्झँदा ।

त्यस्ता अक्षर शब्द शिल्प र कला ए लेखनी लेखिद्यौ
केही छैन कला न शिल्प छ यता ए शारदे हेरिद्यौ
मेरो चेत पृथक् रहोस् प्रतिपला यो दृष्टि होस् संजय
छल्क्योस् गागरभित्र सागर सधैँ कस्तै नहोस् संशय ।

उदयपुर



# छैमलेको छानोमा, चुपचाप चौकोटदेवी

शोभा शरभ

शारदीय सुवास बोकेर आउने असोज महिना मन नपराउने त को होला र ! हिन्दूहरूका लागि यो महान् चाडपर्व बोकेर आउने महिना । हामी सबै नेपालीलाई असोज महिना पक्कै विशेष रूपमा मन पर्छ । मेरो त झन् यो महिनासँग छुट्टै आत्मीयता जोडिएको छ, जन्म महिना जो पर्‍यो । २०८१ सालको असोज महिना भने अझै छुट्टै विशेष बनेर आयो यसपालि । स्रष्टा पदयात्रामा जोडिएर रमाउन थालेको केही महिना बितिरहेको थियो । आफ्नो व्यक्तिगत रुचिका लागि बाहेक गृहकार्यको रूपमा यात्रा संस्मरण लेख्नु पर्ने दायित्वबाट म अहिलेसम्म मुक्त थिएँ । तर ८६औं पदयात्रामा भने एउटा विशेष शर्त राखिएको थियो । पदयात्रा मा सहभागी स्रष्टाहरूले अनिवार्य रूपमा एकमहिनाभित्र संस्मरण लेखेर सम्बन्धित निकायमा बुझाउनु पर्ने छ । यात्रा साहित्य पढ्न रुचि भए तापनि, लेखनमा भने म कविता र लघुकथामा नै रमाइरहेकी थिएँ । यो एउटा स-सानो चुनौतीसरह थियो मेरा लागि र थप उत्साह पनि, किनभने म नियात्रा लेख्न चाहन्थें ।

र सहर्ष स्वीकार गरेर पदयात्रा टोलीमा आफ्नो नाम समावेश गरिदिन अनुरोध गरेँ । असोज ५ गतेका लागि तोकिएको हाम्रो गन्तव्य थियो- दक्षिणकाली नगरपालिका ८, छैमलेको डाँडामा अवस्थित चौकोटदेवी माताको मन्दिर । उसो त यो क्षेत्रको प्रसिद्ध दक्षिणकाली मन्दिरको दर्शन केही चोटि गरिसकेको छु तर छैमलेसम्मको यात्रा भने मेरा लागि नितान्त नौलो थियो । अन्ततः निर्धारित दिनमा मलाई तोकिएको जिम्मेवारीसहित म पदयात्राको लागि तयार भएँ । आफूलाई पायक पर्ने गरी कोटेश्वरमा भए ७ बजे र बल्खुमा भए ७:३० मा आइपुग्नु पर्ने निर्देशन केही दिन अगाडि प्राप्त भएको थियो । तर २ दिनअघि टुप्लुक्क मेरो मेसेन्जरमा खसेको एउटा जानकारीले मलाई विशेष खुशी बनायो, अध्यक्ष शितल गिरीज्यूको मेसेज अनुसार पदयात्रा टोलीलाई छैमलेसम्म पुर्‍याउने गाडी बोडेबाट गट्टाघर हुँदै कोटेश्वर जाने रहेछ । मलाई अर्को गाडीमा कोटेश्वर पुग्नु पर्ने झन्झट रहेन । तोकिएको समयमा म गाडी चढेँ । ३०+ पदयात्रीको नामावली थियो जाने सूचीमा । चालक

भाइ विकाश श्रेष्ठको साथमा शितलदाइ र म दुई जनाबाट शुरू भयो चौकोट देवी दर्शनको हाम्रो ८६औं पदयात्रा । म अगाडिको पहिलो लहरको सिट रोजेर बसेँ । कोटेश्वरमा जम्मा हुनुभएका स्रष्टाहरू चढेपछि गाडीले आफ्नो ७० प्रतिशत अघाएको पेट लिएर लम्कियो बल्खुको बलेसी ताकेर ।

२०८१ सालको पहिलो दिन गरिएको ८१औं पदयात्राबाट जोडिएर नजिक भएकी साथी बिष्णु खनाल आएर म छेउको सिटमा बसेपछि यात्रा रमाइलो रहने कुरामा म थप विश्वस्त बनें । भक्तपुर हुँदै काठमाडौं पुगेको गाडी ललितपुरको छाती टेक्दै पुनः काठमाडौं छुन दौडियो । चालक पछाडिको अलि अप्ठ्यारो सिटमा साथी रुबी सत्याल र एञ्जल निलु बसेपछि त हाम्रो गफ र हाँसोले झन्डै काठमाडौंको आकाश थर्किएझैं भयो । हामीहरूले भ्यालेन्टाइन जोडी भनेर जिस्काउने जयराम–रुबीको जोडीमा, आज जयराम अनुपस्थित हुनुहुन्थ्यो भने रुबीसँगै सिटमा थिइन् सदाबहार हँसिली एन्जल निलु । लौ जा गफको चक्करमा मैले बल्खुमा भेटिएर पहिलो पटक पदयात्रामा जान उत्सुक रहेकी साथी बिना नेमकुललाई, कोटेश्वरबाट फोन गर्छु भनेर गरेको वाचा त भुसुक्कै बिर्सिएँछु । उनको घर बल्खु नजिकै रहेकाले मैले कोटेश्वरबाट फोन गरेपछि हिंडेर आइपुग्ने सल्लाह थियो, कतै मेरो भूलले सबै स्रष्टाहरूलाई कुराउनु पर्ने त हैन भन्ने मेरो डरलाई चिर्दै पदयात्रीको पहेँलो टीसर्टको बीचमा नीलो भेस्टमा सजिएर मुस्कुराउँदै उनी हात हल्लाउँदै आइपुगिन् ।

म ढुक्क भएँ, उनी मेरो जिम्मेवारी थिइन् आजलाई ।

म यस स्रष्टा पदयात्रामा जोडिएपछि मैले सामाजिक सञ्जालमा प्रेषित गरेका सुन्दर फोटोहरू देखेर मेरा केही कवि साथीहरूले यो यात्रामा सहभागी हुन देखाएको रुचिबमोजिम आज बिना आएकी थिइन् । यद्यपि अघिल्लो महिनाबाट नै स्रष्टा पदयात्रामा सहभागिता जनाएकी अन्जु तिमिल्सिना भने घरायसी कारणले चाहेर पनि यो यात्रामा सरिक हुन सकिनन् । जसरी बिनालाई अघिल्लो महिना नै जान उनको स्वास्थ्यले रोकेको थियो । यसरी हेर्दा पनि म आफूलाई भाग्यशाली मान्दछु कि मैले यो पदयात्रा शुरु गरेपछिका उपत्यकाभित्रका कुनै पनि यात्रा छुटाउनु परेको छैन । यही बीचमा चैत्र महिनाको ८०औं पदयात्रा जुन खोटाङ जिल्लाको थियो, स्रष्टा पदयात्रा नेपालको नियम बमोजिम म अनुपयुक्त रहेको र मेरो आफ्नो पारिवारिक अवस्था पनि अनुकूल नभएकाले म छुटेँ । तर खोटाङ सँगको मेरो रगतको साइनोले त्यहाँको माटो टेक्ने चाहना एकदिन अवश्य पूरा गर्नेछु ।

तराईको फराकिलो फाँटमा हुर्किएको मेरो मन भने पहाडका तरेली र अग्ला थुम्काहरूले लोभ्याइरहन्छन् । तराईको सहज सडक सुविधाका कारण धेरैजसो स्थानमा यातायातको माध्यमबाट नै पुगिन्थ्यो । विभिन्न स्थानको भ्रमण गर्ने रुचि भएकी मलाई हरिया डाँडाकाँडा र सुन्दर प्रकृतिको काखमा नदीनाला हेर्दै, हरिया चौर र जङ्गल घुम्ने रहर बढ्दै गयो ।

विभिन्न संस्था र साथी समूहसँग बेलाबेलामा पदयात्रामा घुम्ने क्रम चलिरहेको थियो । काठमाडौं नजिकैका जङ्गल घुम्दा प्राप्त हुने सन्तुष्टिले अन्तरआत्माले पदयात्रालाई निरन्तरता दिन घचघच्याइरहेको थियो । प्रकृतिको सुन्दरतामा रमाउने मन र लेखनप्रतिको मेरो अभिरुचिलाई नजिकबाट चिन्नु हुने आदरणीय राधा बोहोरा दिदीले, स्रष्टा पदयात्रामा मलाई जोड्नुभयो । यसअघि नै सामाजिक सञ्जालमा यो अभियानबारे केही कुरा जान्ने मौका पाएको थिएँ तर दिदीको निरन्तरको उत्प्रेरणाले आज यसको सदस्य बन्ने सौभाग्य पाएकोमा उहाँलाई हार्दिक आभार व्यक्त गर्दछु ।

मेरो पहिलो सहभागिता रहेको ७८औं पदयात्रा २०८० साल माघ ०६ गते मलगायत ३४ जनाको समूहमा केहीबाहेक सबै अनुहार मेरा लागि अपरिचित हुनुहुन्थ्यो भने म पनि उहाँहरूका लागि नयाँ थिएँ । तर आज यो ८६ औं यात्राका ३४ जना सबैको मुहारमा आफ्नोपन र आत्मीयता पाएको छु । यो एउटा अनुपम उपहार भैँ हो मेरा लागि । हामी गाडीभित्र देशका विभिन्न भूगोलबाट भेला भएर काठमाडौंसँग जोडिएका साहित्यलाई माया गर्ने समूह तर यहाँका संवाद र हाँसोठट्टाले लाग्छ हामी एउटै परिवारका सदस्य कतै पारिवारिक भ्रमणमा गइरहेका छौँ । यो रमाइलो वातावरणले कतिखेर शहरको भीडभाड र कोलाहल छिचोलेर गाडीले हामीलाई दक्षिणकाली मन्दिर छेउमा ल्याइपुऱ्यायो मैले त थाहै पाइनछु । फर्किंदा पो विचार गरें हामी त अघिल्लो पदयात्रामा पुगेको टौदह, चोभार र मञ्जुश्री पार्क हुँदै गएका रहेछौं । दक्षिणकाली मन्दिरबाट अगाडि बढेपछि भने म चनाखो बनेर झ्यालबाट बाहिरको दृश्य नियाल्न थालें, मेरा लागि यो भूगोल नौलो थियो । अनि यो ठाउँको नामको बारेमा पनि एक किसिमको उत्सुकता थियो ।

नाकमा ठोक्किन आएको शुद्ध तोरीको तेलको बासनासँगै गाडीको ब्रेक लाग्यो, गाडीबाट खत्र्याकखुत्रुक गर्दै सबै जना ओर्लिंदै गरेको देखेर, हामी पनि झऱ्यौं । चालकसहित ३५ जनाको टोली त बाहिर निस्केर हेर्दा २/४ जना मात्रै देख्छु । सबै जना २०/२५ किलोमिटरको कच्ची सडकको यात्राले खुम्चिएको गोडालाई

अब शुरु हुने यात्राका लागि तयार गर्न तन्याकतुनुक गर्दै वरिपरि छरिनु भएको रहेछ । कोही शौचालय भने कोही चियालयको खोजीमा रहेको देखियो । मलाई भने दुवैको आवश्यकता महसुस भएको थिएन । मीठो तेलको बासना आएको ठाउँ पहिल्याउन उत्सुक मेरा आँखालाई सिधै अगाडिको सानो घरतिर निर्देशन गर्दै नाकले तेल मिलको परिचय गरायो । दाहिनेतिरको उकालो बाटो देखेर मनले पदयात्राको बाटो त्यही हो भनेर ठम्याउँदै थियो, किनकि हिंड्नु त उकालो थियो । केही साथीहरू फोटा खिच्दै कोही भने चिया पाउरोटी, चनाले तागत बटुल्दै थिए । आखिरमा मैले फोटो पनि खिचेँ, चिया पनि पिएर अघि बढियो । एकछिनलाई हाम्रो टोली तितरबितर झैं भयो । कोही स्थानीयसँग कुराकानी गर्दै थिए भने कोही फोटो र भिडियो बनाउनमा मस्त । बजारमा नासपाती किनेर खाएकी मैले, बोट भने नगरकोट जाँदा देखेकी थिएँ । तर आँखै अगाडि नासपाती फलेको अनि कुनैमा त भर्खर सेता फूल पनि देखेर छक्क परेँ । सिजन सकिन लागेको र बाटैछेऊको रुखमा फल टन्न हुने त कुरै थिएन, अलि माथि माथि रहेका एक–दुई फलहरू सक्नेले झारेर खाँदै थिए भने कोही रुख चढेझैं गरेर फोटो खिच्दै थिए । मैले भने अलि माथि नै देखिएको फलमा आँखा पुऱ्याएर, बच्चा बेलामा खसीलाई घाँस झार्न घरको आँगनमा रहेको बकाइनाको रूख चढेको अनुभव सम्झिँदै चढेर नासपाती त टिपेँ तर त्यसको स्वाद लिन भने मेरो जिब्रोले पाएन ।

अग्लो ठाउँबाट रमणीय दृश्यावलोकन गर्दै हामी बिस्तारै अघि बढ्यौँ । केही स्थानीयहरूसँगको कुराकानी सुन्दा लाग्थ्यो छैमले राजधानीको छायाँमा परेको स्थान हो । बत्तीमुनिको अँध्यारो भने झैं चक्रपथबाट केवल २५/३० किलोमिटरको दूरीमा रहेको ठाउँलाई उपत्यकाको कर्णाली भन्न मिल्ने रहेछ । पातला घरहरू, स–साना पसल देख्दा लाग्थ्यो हामी कुनै दूरदराजको गाउँमा छौँ । हामी चौकोट देवी मन्दिर पुग्ने मार्गनिर्देशन गरिदिने स्थानीयको खोजीमा थियौँ । तर कतिपय स्थानीयहरू आफैं अन्योलमा रहेको पनि पाइयो भने केहीले हामीलाई बाटोको बारेमा बताउनुभयो । यस ठाउँको नामकरणको बारेमा बुझ्दा, धेरै पहिला यस ठाउँमा ठूला ठूला छवटा महल रहेको र छ महल अपभ्रंश हुँदै छैमले हुन पुगेको जानकारी स्थानीयहरूबाट पाइयो । अहिलेको यस भूगोलको अवस्था र विकास देख्दा भने परापूर्वकालमा महल भन्न लायक भवन थिए भनेर विश्वास गर्न गाह्रो भयो । किंवदन्तीअनुसार चौकोटदेवीको डाँडामा एउटा विशाल दरबार रहेको र यसको छायाँ भक्तपुरसम्म पुग्थ्यो भन्ने रहेको छ । देवी स्वयम् घोडचढी गरेर यताउता गर्ने गरेको जनविश्वास पाइन्छ । यसक्षेत्रका घुम्नुपर्ने ठाउँमा

चौकोटदेवीको साथै चौलानी जम्मा गरेर बनेको जाति पोखरी अनि डाँडामा रहेको कटुवाल दह पनि रहेछन् । श्रीकृष्णले सुदर्शन चक्रले छेडेर कटुवाल दहमा पानी जम्मा गराएर छैमलले क्षेत्र मानव बसोबासका लागि उपयुक्त हुन पुगेको कुरा यदाकदा सुनिन्छ रे । शायद यसैको स्मरणमा होला हरेक नववर्षमा कटुवाल दहमा मेला लाग्ने रहेछ, जहाँ स्थानीयहरूको बाक्लो उपस्थिति हुन्छ ।

आजको हाम्रो गन्तव्य भने छैमले डाँडाको टुप्पोमा गुराँसको फेदमा स्थापना गरिएकी चौकोटदेवी माताको मन्दिरसम्म भएकाले, कटुवाल दह र जातिपोखरी छोडेर आस्थाको दियो हृदयमा बालेर, पैतालामा ऊर्जा भरेर हामी लम्कियौं शिखर चुम्ने अभियानमा । यात्रा न हो दोबाटो र चौबाटोहरू आइरहने रहेछन् अलमल्याउन । केही बेरको उल्झनपछि सबैको सल्लाहमा तेर्सो बाटो छोडेर उकालियौँ पहाडको थाप्लोतिर । केही बेरको हिंडाइपछि एउटा सुन्दर सानो चौरमा अगाडि आइपुग्नुभएका साथीहरूले विश्राम गरिरहेको ठाउँमा हामी सबै मिसियौँ । प्रतिमान चौर भनिने उक्त स्थानबाट हामीले भर्खरै छोडेर आएको शहरको दृश्य कलिलो घाममा नुहाएर बसेकी किशोरीझैं सुन्दर देखिएको थियो । अध्यक्ष शीतल गिरीको निर्देशनमा पहिलो रचना वाचन यही ठाउँमा गर्ने निर्णयबमोजिम साहित्यकार दीपक लोहनीज्यूको संयोजनमा सम्पन्न भयो । केही थकान अनि चौबाट देखिएको सुन्दरताको रसपानमा नअघाएर हो कि कसो, दोश्रो रचना वाचन पनि यसै ठाउँमा सञ्चालन गर्ने कुरा सर्वसम्मतबाट पारित गरेर सम्पन्न गरियो ।

'यात्रा रहेछ जिन्दगी' भन्ने गीतले जिन्दगीको यथार्थ बोके झैं लाग्छ । जिन्दगीको सहयात्रीको सहयोगले जसरी जीवन सहज बन्छ, रसपूर्ण यात्राका लागि सहयात्री को महत्त्व पनि त्यसभन्दा कम छैन भन्ने मेरो ठम्याइ हो । यो यात्रामा भेटिएका सहयात्रीहरू सबै उत्तरार्धमा जोडिएका साथीहरू हुन्, तर समान सोख र साहित्यप्रतिको समान अनुरागले होला आत्मीयता भने उच्च भएको महसुस हुन्छ । पाइला उकालीमा अलि सुस्त हुन थालेपछि लाग्छ– पेटको ऊर्जा खाली हुँदैछ । त्यसमाथि घामको फक्रिँदो बैंश र पहाडको उचाइको प्रतिस्पर्धा चल्दैछ । न्युरो सर्जन डक्टर वसन्त पन्तको दृष्टिकोणमा डर एउटा रोग हो रे तर अन्तर्राष्ट्रिय रोगको वर्गीकरणमा भने डर पर्दैन रे । यो डर भन्ने कुराचाहिँ हुर्केको सामाजिक र पारिवारिक परिवेशमा भर पर्छ किनकि बच्चा जन्मिँदा ठूलो आवाजसँग र लड्ने डर मात्र लिएर आएको हुन्छ रे । म डराउने धेरै कुराहरू मध्ये आज एउटा डरसँगको साक्षात्कारले पछि आफैँलाई लज्जित तुल्यायो । भयो यस्तो कि

कुराकानीको सिलसिलामा शारदा पराजुलीले लाकुरीभञ्ज्याङको पदयात्रामा जुका लागेको कहानी यसरी सुनाइन् कि मलाई लाग्यो मेरो आङभरि जुका सलबलाउँदै छ । अब डरको सुइरो यस्तरी पस्यो मलाई शरीर चिलाउन थाल्यो । यो कुराकानीलाई बेवास्ता गर्दै अगाडि बढें । आहा ! आँखा सामुन्ने लमतन्न फैलिएको हरियो चौरमा अलि अगाडि पुग्नुभएको स्रष्टाहरू रमाइलो गर्दै फोटो खिच्दै गरेको देखें । अब आजको दिवा भोजन यही चौरमा बसेर गर्ने जानकारी पाए लगत्तै मेरो दाहिने गोलीगाँठोको छेउमा नमीठो गरी दुख्यो । बिस्तारै हेर्छु त एउटा सानो डेढ इन्च जत्रो सुकेको घाँसको त्यान्द्रो अल्झे जस्तो लागेर फाल्न खोजेको त, मेरी आमा हो ! उही मेरो डरको सरदारले भरखर आक्रमणको कोसिस गर्दै रहेछ । बिस्तारै नजिकैको पातले घस्रेर निकालेँ । मभित्रको डरको मापन कसैले थाहै पाएनन् । धन्न लज्जित हुनु परेन भन्ने ठानेको त, मेरो डरको अध्याय सबैले नदेखी नसकिने पो रहेछ भन्ने त, चौकोटदेवी मन्दिरको अगाडि पुग्दै गर्दा निस्केको मेरो चिच्याहट र पेटको तल्लो भागबाट ढाडिएको जुका निकाल्नु परेको अवस्था सम्झेर मलाई साँच्चै यो लेख्दा पनि डर लागिरहेको छ । त्यो बेला होश यसरी गुम्यो कि मैले चौकोटदेवी मन्दिर र वरिपरिका दृश्यावलोकन गर्ने कुनै फोटो खिच्न नै बिर्सिएँ । अहिले स्मृतिलाई पछाडि धकेलेर हेर्दा गुराँसको फेदमा स्थापना गरिएको शिला नै भगवती स्वरूप मानेर पूजा अर्चना गरिएको बुझ्न सकिन्छ । देवीको दायाँ बायाँ हरू शिला पुजन गरिएको र त्रिशूल स्थापना गरिएको थियो । देवीको कुनै मन्दिर नभएर खुला ठाउँमा नै देवीको पूजा अर्चना गरेको, छेउछाउमा अग्ला बुट्यान र घाँसले छोपिएको देख्दा यो पवित्र स्थानको संरक्षण गर्न स्थानीय निकायले अलि बेवास्ता गरेको महसुस भयो । हामीसँग तल छैमले बजारमा भेटिएर पुनः चौकोट देवी मन्दिर पुग्नै लाग्दा जोडिनु भएका माइला बमजन बुवाले दिनुभएको जानकारी अनुसार यहाँ दशैंको बेलामा मात्र नियमित पूजाआजा गरिने र मङ्सिर पूर्णिमाको बेलाचाहिँ भव्य जात्रा लाग्ने र वरिपरिका स्थानीयहरूको चहलपहल बढ्ने रहेछ । नियमित पूजाआजा नहुने र निश्चित पुजारीको व्यवस्था नभएकाले यदाकदा आफूले पनि पुजारीको काम गर्ने गरेको वृद्ध बमजनले बताउनुभयो । अधिकांश तामाङ समुदायको बसोबास रहेको छैमले क्षेत्रमा ३५ प्रतिशत क्षेत्री–बाहुनलगायत मिस्रित समुदायको बसोबास रहेछ । देवीस्थानको संरक्षणमा स्थानीय सरकारको नजर नपुगे तापनि प्राकृतिक दृष्यावलोकनका लागि भने एउटा दुई तलाको भ्युटावर निर्माण गरिएको रहेछ ।

चौकोट देवी मन्दिर अवस्थित डाँडाबाट कटुवाल दहसम्म एउटा सेतो बाघ नियमित जाने आउने गरेको किंवदन्तीको सम्झनामा ठूलो ढुङ्गामा चित्रित

सक्कली झैं देखिने सजीव बाघको चित्रसँग बिनाको आइफोनले लिएको सेल्फी नै मेरो ८६औँ पदयात्राको अन्तिम फोटो भयो । धेरै बेरसम्म त असहज अवस्थाबाट बाहिर निस्किन लाग्यो । मन्दिर छेउको भ्यूटावरमाथि हुँदै गरेको रचना वाचनमा पनि सरिक हुन सकिनँ । धेरै समयपछि यो सानो देखिने मेरो ठूलो डरमा नियन्त्रण गरेर स्रष्टा पदयात्रा नेपालका उपाध्यक्ष विमल अर्यालज्यूले बल्खुमा गाडी चढे लगत्तै दिनुभएको भएको उहाँको कविता सङ्ग्रह 'आवरण' र परशुराम परासरको लघुकथासङ्ग्रह 'सावधान'को लोकार्पण कार्यक्रम भएकाले सहभागी हुन भ्युटावरमाथि उक्लिएँ । ओहो ! वरिपरि देखिने सुन्दर छटाले मलाई बिस्तारै डरको दुनियाबाट सम्मोहनको दुनियामा खिचिरहेको महसुस हुन थाल्यो । तरेली परेका डाँडाका खेत हुँदै अग्लिएका पहाडले आकाश छोए झैं भान हुन्थ्यो । लगभग दुई-तीन बजेको समय, न घाम न पानी आकाशको सौन्दर्य उत्कर्षमा पुगेको थियो । नीलो र सेतो मिसिएर एउटा सुन्दर कोलाज बनेको देखिन्थ्यो । जता हेऱ्यो हरियाली । सबै हरियो आँखाभरि अटाएर बाँकी जीवनलाई पुग्ने गरी पिउनुजस्तै भइरहेको थियो । तेस्रो रचना वाचन सम्पन्न भइसकेको रहेछ र बाँकी चौथो र पाँचौँ चरणको रचना वाचन कार्यक्रममा सशक्त लघुकथा र कविताहरू सुन्दै हामी केही क्षण हरियालीमा मदहोश बन्यौँ । घर्किंदो समय र काठमाडौंका विभिन्न स्थानबाट जम्मा भएका पदयात्रीलाई बेलुका आ-आफ्नो गुँड फर्कनुपर्ने बाध्यताले हामीलाई त्यो मदहोशीमा धेरै बेर हराउन दिएन ।

हाम्रो टोली चौकोट देवीलाई प्रणाम गर्दै ढुङ्गामा चित्रित बाघलाई एक फन्को मारेर तल झऱ्यौं । थाकेका पैतालामा उक्लँदा जस्तो जोश नभए तापनि ओरालो बाटो र घर पुग्ने हतारोले हामीलाई दौडाउँदै थियो । कच्ची बाटोबाट अघि बढ्ने क्रममा हामी केही साथी अलि पछाडि नै छोडियौँ ।

अघि उकालो चढ्दा परशुराम परासरले अन्जुलीभरि लप्सी बोकेर बाँड्नुभएको बासनाले ओरालोमा मेरो गोडामा ब्रेक लगायो । मध्य तराईमा जन्मी हुर्किएर भर्खर उपत्यकाको पहाड र जङ्गल हिंड्न थालेकी मैले लप्सीको बोट नदेखे पनि बजारमा किनेरै भए पनि यसको स्वादमा त लठ्ठिएकी थिएँ ।

मैले बाटाका दुवै किनारामा पाकेर फत्रक्क झरेका लप्सीका केही दाना टिपेर झोलामा हालेँ । मैले सक्खरमा मौलिसुप र सुकेको नरिवल झानेर पकाइदिएको लप्सीको अचार खूबै मन पराउने छोराछोरीलाई सम्झिएर यतैबाट केही लप्सी किनेर लान पाए हुने भन्ने लागिरहेको थियो । अलि अघि जाँदा हामीभन्दा अगाडि हिंड्नु भएको हाम्रो टोलीका साथीहरूको हातहातमा झोला थपिएको र

डोकाडोकामा सामान लिएर बसेका स्थानीयहरूलाई देख्दा टाढैबाट अब लप्सी किन्न पाइने भयो भनेर गरेको अनुमान त नजिक पुग्दा फेल खायो । डोकाहरू त हरिया र पहेँलो काँक्रोले भरिभराउ रहेछन्, फर्सीका कलिला गट्टाहरू देख्दा काँचै चपाउँदा कति मिठो हुन्थ्यो कि झैं लाग्ने । यसै पनि सबै हरियो तरकारी र फलफूल रूचाउने मनलाई झन् गट्टो र काँक्रो मेरो पहिलो रोजाइमा पर्छन् । लिएर त जाने, गलेको शरीरमा भारी थपेर अझै एकछिन हिँडेर गाडी भेट्न अलि मन लागेन । यसो भाउ बुझेको त झन्डै भक्तपुरमा नै पाइने दर सुनेर भारी बोक्न मन गरिनँ । उता बिना भने झोलामा टनाटन फर्सी र काँक्रो भरेर पैसा दिँदै रहिछन् । उनको नजिकै जाँदा दुईटा डोकामा फर्सी र काँक्रा बोकेर आएका १४/१५ वर्षका किशोरी बहिनीहरूले आफ्नो घरैको उत्पादन भएकाले केही सहज दाममा नै दिएका रहेछन् । अनि मैले पनि दुईटा गट्टा र दुईटा काँक्रा उनीहरूले नै भनेको दाम तिरेर किनेँ । अर्कोतिरबाट केही हरिया काँक्रा र एउटा ठूलो पहेंलो काँक्रोमा लोभिएर किनिहालें, बोकेर गाडीसम्म आइपुग्न त धौ धौ पर्‍यो ।

थाकेर आफ्नै शरीर भारी भइरहेको बेलामा थप ४/५ किलो अर्गानिक तरकारी थपेर ओरालो झर्दाखेरि त बाटो पनि घामले पग्लिएर लामो भएको जस्तो लाग्यो । लप्सीको मोह केवल बाटोमा झरेर छरिएका फलको बासना लिएर अघि बढ्नुमा सीमित रह्यो । छैमले पुगेर सबै जना गाडीबाट प्रस्थान गर्ने क्रममा दक्षिणकाली नगरमा नै अवस्थित शेषनारायण मन्दिरको दर्शनढोग गर्ने अवसर पाइयो । चट्टानको तलपट्टि निर्माण गरिएको भगवान् नारायणको मन्दिरमा निरन्तर माथिबाट पानीले अभिषेक गरिरहेको देख्दा सबैभन्दा शक्तिशाली भगवान् नै प्रकृति हुन् भन्ने लाग्यो । मन्दिरमाथि रहेको चट्टानको एक भाग चोइटिएर केही चुच्चो परेको र त्यहाँबाट निरन्तर चुनढुङ्गाको सेतो पानी मन्दिरमाथि झरिरहने हुनाले, गाईको दूधले भगवान्को अभिषेक गरिरहेको जनविश्वास रहेछ । मन्दिरका पूजारीले । युगसँग सामान्य भलाकुसारी र केही जानकारी लिएर हामी दक्षिणकाली नगरबाट काठमाडौं महानगरपालिका भेट्न बल्खुतर्फ सोझियौं ।

यसरी चौकोट देवी मन्दिरको अध्ययन दर्शन भ्रमण गर्न जाने पहिलो संस्था नै स्रष्टा पदयात्रा नेपाल बन्न पुगेको गौरवमय भाव बोकेर अनि यस क्षेत्रको पहिचान विस्तार गर्न सहयोगी बन्नुपर्ने थप जिम्मेवारी महसुस भएको छ । पुरातत्त्व विभागले एकपटक खोजतलास गरेर पुनः चासो न दिएको जानकारी स्थानीय बासिन्दाबाट आएकाले यसै लेखमार्फत् ध्यानाकर्षण गराउँछु ।

**भक्तपुर**



# पाँच मुक्तक

नारायणप्रसाद आचार्य

१.
सुन्दर घरको भित्तो कतै, चर्किएको थियो
निदाल, दलिन धुरीखामा, मर्किएको थियो
समयमै ख्याल गर्नु पर्थ्यो गरिएन
पछुताइ रुँदा बेला, घर्किएको थियो ।

२
एक एक गरी सबैलाई, तान्यो शहरले
कुन्नी ममा के देख्यो र, छान्यो शहरले
चोर डाँका जाली फटाहा, विद्वान् र ज्ञानी
जो जो आए सबैलाई, धान्यो शहरले ।

३
अन्धकार चिर्न दियो, बाल्ने बेला भयो
मक्किएका झुत्रा लुगा, फाल्ने बेला भयो
भ्रममा पारी चुसी रहन्छन्, परजीवीहरू
उपियाँ र उडुस किर्ना, ढाल्ने बेला भयो ।

४
हिलोमाथि कमल झैं, मुस्कुराउँदै फुल्न सकौं
सुनसरि फाँटै भरि, पहेँलो भै झुल्न सकौं
थाहा छैन मभित्र यो, अभिमान या स्वाभिमान हो
सगरमाथा शिरमा राखी, पूरै विश्व डुल्न सकौं ।

५
मन्दिर चढ्नु पर्ने फूल, वैली त्यसै झऱ्यो भने
उपकार छाडी केवल, आफ्ना लागि गऱ्यो भने ।
फेरि फेरि आउनुपर्छ, दुःख पीडा झेल्नुपर्छ
जेका लागि आयौं हामी, प्राप्ति नभई मऱ्यौं भने ।

**आबद्दता : नेपाल विद्युत प्राधिकरण**

# मास्टरीमा रुचि नभएका हेडमास्टर



हरिप्रसाद अधिकारी

"शर्माजी नोकरीको तलासमा दौडधूप गर्न लागे । उनका इष्टमित्र सबैले स्कूलको मास्टरीलाई नै सर्वोत्तम ठहराएका थिए । उनको भने त्यतातिर विशेष रुचि थिएन । लेखापढीमा मगज खर्च गर्नुपर्ने कुनै अफिसको काम भेट्टाउन पाए, सरकार र देशको अटल भक्ति श्रद्धापूर्वकको सेवाले आफ्नो जीवनलाई सार्थक बनाउँदो हुँ भन्ने ठूलो अभिलाषा थियो । रातोदिन ईश्वरसँग यही प्रार्थना थियो । हुन पनि एक दुई महिनामा नै कौसलमा भर्ती भए र दिलोज्यान लगाएर काम गर्न पनि थाले भन्दै नौ वर्षको उमेरमा बहत्तर महिनाकी बालिका विवाह गर्ने मिस्टर एच.एल.शर्माकी धर्मपत्नी रूपमतीको नामबाट उपन्यास लेख्ने उपन्यासकार हुन् सरदार रुद्रराज पाण्डे (१९५७–२०४४) । दरबार स्कुलका हेडमास्टर पाण्डेको रूपमती (१९९१) उपन्यासबारे बालकृष्ण सम लेख्छन्- "खाना स्वादका निम्ति खानुभन्दा पथ्यको निम्ति खानु उचित छ, किनभने कुनै कुपथ्य पनि स्वादिलो हुन्छ । खाना त्यही खाना हो जुन स्वादिलो छ, जुन पथ्य पनि छ । रूपमतीलाई मैले यस्तै किसिमको उपन्यास ठानेको छु ।"

पाण्डेको पथ्य र स्वादका निम्ति पस्केको भनिएको रूपमतीको स्वाद र स्वास्थ्य कस्तो छ त्यसका लागि त उपन्यास पढ्नै पर्छ । परन्तु मध्यम वर्गीय नेपाली समाजको यथार्थ चित्रण गर्दै नारी पात्र रूपमतीको केन्द्रीयतामा कौतूहलता उत्पन्न गरी त्यस्तो कुतूहलताको पाठकीय चाहनाअनुरूप स्वाभाविक निराकरण गर्दै "यस्ती आइमाई त हजारमा एक हुन्छन्, हजारमा के लाखमा एक हुन्छन् । आज सबै स्वास्नीमान्छे यस्तै भइदिए यो दुःखैदुःखले भरिएको भवसागर सुखसागर हुने थियो । अब यी आइमाईहरूले पनि कहीं दुःख मात्र पाइरहुँला भन्लान् त ? रूपमतीको जस्तै बानीबेहोरा गराएर आफूलाई सबैबाट स्याबास् भनाउने बाटोमा पनि लाग्लान् नि !" भनी आदर्शको बाटो देखाउँदै उपन्यास टुङ्याउने पाण्डेको कलमले आधुनिक नेपाली उपन्यासको जग बसाउने जस पाएको देखिन्छ ।

+++

संस्कृत साहित्यमा 'कविको कर्म काव्य' भनिएको छ र काव्यलाई श्रव्य र दृश्य भनी दुई भेदमा विभाजन गरिएको पाइन्छ । साहित्यलाई यसरी विभाजन गर्दा नाटक रूपक जस्ता विधाहरू दृश्य र उपन्यासलगायतका विधाहरू श्रव्य विधामा राखिन्छ । श्रव्य विधाको उपन्यास र दृश्य विधाको नाटकलाई समकक्षमा रहेको बताइन्छ । परन्तु साहित्यलाई गद्य र पद्य भनी दुई भेदमा पनि विभाजन गरिएको देखिन्छ । यसरी विभाजन गर्दा उपन्यास गद्य विधामा पर्छ र पद्य विधामा पर्ने महाकाव्यको हाराहारी वा समकक्षीको रूपमा पनि उपन्यासलाई लिने गरिन्छ । उपन्यासलाई 'गद्यात्मक महाकाव्य' पनि भनिएको पाइन्छ । साहित्यका प्रमुख विधाहरू- कविता, नाटक, आख्यान र निबन्धमध्ये उपन्यास आख्यान विधामा पर्छ ।

पूर्वीय परम्परामा उपन्यासको चर्चा पाइँदैन । तथापि उपन्यास शब्द विश्वनाथको साहित्यदर्पणमा मात्र होइन, भरतको नाट्यशास्त्रमा समेत उल्लेख भएको पाइँदा पौरस्त्य परम्परामा उपन्यास शब्दको प्रयोग प्राचीन देखिन्छ । पूर्वीय आचार्यहरूले नाटकको प्रतिमुखसन्धिको एउटा भेदको रूपमा उपन्यास शब्दको प्रयोग गरेका छन् । समालोचना शास्त्रले उपन्यासको समकक्षी भनिएका महाकाव्य, नाटकलाई केही वैधानिक बन्धन अर्थात् निश्चित नियममा बाँधेको पाइन्छ परन्तु तिनको तुलनामा उपन्यास केही स्वतन्त्र छ । तसर्थ उपन्यासले समाजको वास्तविक चित्र सहज ढङ्गले उतार्ने विश्वास गरिन्छ । संस्कृत साहित्यका कादम्बरी, दशकुमार चरित्रजस्ता आख्यानात्मक कृतिहरूलाई औपन्यासिक आख्यानको रूपमा हेर्ने गरिन्छ । आख्यान वा आख्यायिका भनिने गद्य साहित्यलाई उपन्यासको आदिस्रोत मान्न सकिन्छ ।

पाश्चात्य जगत्मा पन्ध्रौं शताब्दीको म्यालोरीको 'मोर्टे डि आर्थर' लाई औपन्यासिक कृतिको रूपमा हेरियो । तथापि पहिलो यथार्थवादी उपन्यासको रूपमा डेनियल डिफोको रोबिन्सन क्रुसोलाई लिने गरिन्छ । यद्यपि अङ्ग्रेजी साहित्यमा पहिलो आधुनिक उपन्यासको रूपमा सेमुअल रिचार्डसन (१७८९-१८६१) को 'पामेला भर्चू रिवार्डेड' लाई लिने गरिन्छ । टोम जोन्सलगायतका उपन्यास लेख्ने हेनरी फिल्डिङ (१७०७-१७५४) लाई आधुनिक उपन्यासका पिता मानिन्छ ।

विभिन्न विद्वान्हरूले उपन्यासको परिभाषा गरेको पाइन्छ । परन्तु परिभाषामा विद्वान्हरूको आ-आफनो भनाइ रहेको देखिन्छ । यसबाट साहित्यका अन्य विधाहरू झैं उपन्यासलाई पनि निश्चित लक्ष्मणरेखाभित्र बाँधेर राखिन्छ भन्नु गलत हुन्छ । यद्यपि साहित्यका विधाहरू निश्चित परिधिभित्र रहेका हुन्छन् र

सोही कारण विधागत स्पष्टता जनाउँछन् । फिल्डिङ उपन्यासलाई एउटा सुखान्त गद्यमय महाकाव्य भन्छन् भने एच. जेम्स जीवनको प्रतिनिधित्व गर्ने रचनालाई उपन्यास भन्छन् । रिचर्ड कल्पित आख्यानद्वारा गद्य भाषामा जीवनको व्याख्या गर्ने कृति उपन्यास हो भन्छन् भने हिन्दी साहित्यका प्रेमचन्द 'म उपन्यासलाई मानव चरित्रको चित्र मात्र सम्झन्छु । मानव चरित्रमाथि प्रकाश पार्नु, त्यसको रहस्य खोल्नु नै उपन्यासको मूल तत्त्व हो' भन्छन् ।

+++

उपन्यास रचनाका आधारभूत तत्त्व अर्थात् उपकरणहरू के हुन सक्छन् ? यसबारेमा पनि विद्वान्हरूले आ-आफ्नो विचार वा तर्क पस्किने गरेका छन् । तथापि कथावस्तु, पात्र, चरित्र, संवाद, परिवेश, भाषाशैली उद्देश्य आदि उपन्यास निर्माणका सामग्री हुन् भन्न सकिन्छ । समालोचक केशवप्रसाद उपाध्याय कथावस्तु, चरित्र, संवाद, देशकाल वातावरण, जीवन दर्शन, शैलीलाई उपन्यासका तत्त्व मान्छन् । कृष्णचन्द्रसिंह प्रधान कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण, उद्देश्य आदिलाई उपन्यासका घटक ठान्छन् । खगेन्द्रप्रसाद लुईंटेलचाहिँ कथानक, सहभागी, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषा शैलीय विन्यासलाई उपन्यासका संरचक घटक मान्छन् ।

+++

नेपाली साहित्यको इतिहास केलाउने समालोचकहरूले उपन्यास विधाको पनि काल विभाजन गरेका छन् । परन्तु साहित्यमा कालविभाजन कुनै लक्ष्मणरेखा होइन र विद्वान्हरूको विभाजनको आधार पनि आ-आफ्नै रहेको पाइन्छ । सामान्यतः नेपाली उपन्यास विधालाई उत्पत्तिदेखि वीरसिक्का (१९४६) को प्रकाशन पूर्वको समयलाई प्राथमिककाल र उप्रान्त रूपमती (१९९१) को प्रकाशनपूर्वको अवधिलाई माध्यामिक काल मानेर तत्पश्चात आधुनिककाल भन्ने गरिएको पाइन्छ ।

नेपाली भाषामा शक्तिवल्लभ अर्ज्यालद्वारा अनुदित 'महाभारतको विराटपर्व' (१८२७) देखि उपन्यासको जग हाल्न थालिएको भन्न सकिन्छ । परन्तु गद्याख्यानको रूपमा लिन सकिने विराटपर्वभन्दा झन्डै १७० वर्ष अगाडिको 'स्वस्थानी व्रत कथा' (१६५८) को बारेमा ईश्वर बरालले उल्लेख गरेको पाइए तापनि यो ग्रन्थ उपलब्ध नभएको कारण विराटपर्वलाई नै पहिलो नेपाली गद्याख्यान मानिन्छ । यसै गरी आख्यानेत्तर रचनाहरू 'दिव्योपदेश' (१८३१) र 'जङ्गबहादुरको बेलायत यात्रा' (१९१०) मा पनि आख्यानात्मक गुण पाइँदा यस्ता रचनाहरूलाई समेत

समकालीन समयका साहित्यिक अंश समाहित गद्य रचना स्वीकार गर्नुपर्ने देखिन्छ । यस कालमा संस्कृत भाषामा लेखिएका रामायणका सबैजसो काण्डहरू, महाभारतका पर्वहरू, श्रीमद् भागवत, पुराण, ब्रतमहात्म्य कथा आदिको अनुवाद भएको देखिन्छ । यसमध्ये रामायण, महाभारतलगायतका धार्मिक ग्रन्थहरू त पटक पटक कसैले भावानुवाद, कसैले छायानुवाद अनि कसैले गद्यमा र कसैले पद्यमा अनुवाद गरेको भेटिन्छ । यस्ता अनुवादकहरू पनि कतिपय ज्ञात र कतिपय अज्ञात छन् ।

प्रारम्भिक कालमा संस्कृत भाषाबाट नेपाली भाषा र साहित्यले धार्मिक, औषधी, तन्त्र, ज्योतिष तथा लोक शैलीका स्वैरकल्पनात्मक आख्यानहरू ग्रहण गरे झैं देखिन्छ । मूलतः यस्ता आख्यान उपाख्यानहरू शिक्षाप्रद, नीतिमूलक देखिन्छन् । नेपाली भाषाको संस्कृतइतर भाषासित सम्पर्क बढ्न थालेपछि त्यस्ता भाषाका रचनाहरू पनि अनुवाद हुन थालेको देखिन्छ । यस्ता रचनाहरूमा 'रामायण', 'महाभारत', 'श्रीमद्भागवत', 'स्वस्थानी' (१८७८), 'ऋषिपञ्चमी' (१८९५) लगायत 'व्रतमहात्म्य' को अलावा 'हितोपदेश मित्रलाभ' (१८३३), 'लक्ष्मी धर्म संवाद' (१८५१), 'हास्यकदम्ब' (१८५५), 'बेताल पच्चीसी' (१८५५), 'महाज्ञान मुद्रा कथाहा' (१८५८), 'दशकुमारचरित' (१८७५) 'पिनासको कथा' (१८७२), 'मुन्सीका तीन आहान' (१८७६), 'सेरामपुको बाइबल' (१८८४), 'राजधर्म' (१८८८), 'लालहीराको कथा' (१८८९), 'त्रिरत्न सौन्दर्य गाथा' (१८९०), 'बत्तीस पुतलीको कथा', 'बहत्तर सुघाको कथाहा', 'वीरसिक्का', 'मधुमालतीको कथा', 'मुद्रा राक्षस', 'सत्तलसिंह राजाको कथा', 'सुनकेस्रा रानीको कथा' (१९७८), 'अकवर वीरबल विलास' (१९७३) 'गुलबकावली' (१९८१), 'अलिबाबा चालीसे चोर' (१९८२), 'तोतामैनाको कथा' (१९८४), आदि देखिन्छन् ।

भारतवर्षमा अङ्ग्रेजहरूको प्रवेश भई बाइबलको प्रचार हुन थालेपछि बाइबलको अनुवाद, अरबी फारसी भाषाको सम्पर्क बढ्न थालेपछि 'हात्तिमताइको कथा', 'अमीर हमजाको कथा' लोकाख्यानका 'लालहीराको कथा', 'मधुमालतीको कथा' लगायतका गद्य रचना यसकालमा पाइन्छन् ।

प्राथमिककालीन गद्य साहित्यको इतिहासमा विधागत अस्पष्टताका बीच शक्तिवल्लभका विराटपर्व, दिव्योपदेश, हास्यकदम्ब (१८५५) भानुदत्तको हितोपदेश मित्रलाभ (१८३३), अज्ञात लेखकको दशकुमारचरित (१८७५), स्वस्थानी व्रतकथा (१८७८), बहत्तर सुगाको कथा, सुन्दरानन्द बाँडाको १८९० तिरका अध्यात्म रामायण, त्रिरत्न सौन्दर्यगाथा, भवानीदत्त पाँडेको १८९२ अगावैका मुद्राराक्षस, हितोपदेश

मित्रलाभ, मार्कण्डेय पुराण, रामायण र महाभारतका काण्ड, पर्वहरू, अज्ञात लेखकका पिनासको विनाश, सेरामपुरको बाइबल, ललितत्रिपुसुन्दरीको राजधर्म, सत्सङ्गको वर्णन, पिनासको कथा (१८७२), मुन्सीका तीन आहान (१८७६) आदि प्रमुख गद्य रचनाका रूपमा देखिन्छन् । मुन्सीका तीन आहानलाई पहिलो नेपाली कथा भन्छन् समालोचक तारानाथ शर्मा । अन्य कतिपय समालोचकहरूले पिनासको कथालाई पहिलो नेपाली कथा भनेको पनि पाइन्छ ।

+++

सामान्यतः माध्यामिक कालीन नेपाली साहित्यलाई तत्कालीन शासन सत्तासँग जोडेर शृङ्गारिक युगको रूपमा बुझ्ने गरिन्छ र यस अवधिमा शृङ्गाररस प्रधान साहित्यको सिर्जना नभएको पनि होइन । परन्तु माध्यामिक काल दरबार विलासी भएको कारणले मात्र शृङ्गाररस प्रधान युगको रूपमा विकसित भएको मान्नु सर्वथा उचित होइन । यो अवधिमा मोतीराम भट्ट जस्ता बहुमुखी प्रतिभा सम्पन्न साहित्य साधक मात्र जन्मेनन्, सूक्तिसिन्धु (१९७४) र मकैको खेती (१९७७) जस्ता सत्ता तरङ्गित पार्ने कृतिहरू पनि जन्मिए । सूक्तिसिन्धु शृङ्गार रसयुक्त साहित्यिक पद्य सङ्कलन थियो भने मकैको खेती साहित्य इतर गद्य रचना थियो । एकातिर दरबारका बाबुसाहेब र मैया साहेबमात्र होइन सुसारे र समाज समेत बिगारेको आरोपमा सूक्तिसिन्धुका लेखकहरू दण्डित हुनु परेको थियो भने अर्कोतिर मकै खाने रातो टाउको र कालो टाउको भएको कीरालाई तत्कालीन शासक र तिनका अनुयायीहरूले प्रतीकात्मक रूपमा बुझी पुस्तक लेखेर गाथगादी ताकेको अभियोगमा मकैको खेतीका लेखक कृष्णलाल अधिकारी (१९४४-१९८०) जेलमै मर्नु परेको यथार्थ नेपाली भाषा र साहित्यले बेहोरेको छ । हुन पनि तत्कालीन कार्यकारी प्रमुख रातो र उत्तराधिकारी कालो टोपी लगाउँदा रहेछन् । अझ पुस्तकमा उल्लिखित बेलायती कुकुर र बालकलाई आमाको दूध बराबर चन्द्रोदयले फाइदा गर्दैन भन्ने लेखकीय विचारले आगोमा घिउ थपेको बताइन्छ ।

नेपाली साहित्यको प्राथमिक काल संस्कृत भाषा र साहित्यको अनूदित परम्परामा हुर्केर भक्तिरस प्रधान युगको रूपमा चिनिए पनि राष्ट्रियता र वीरता जस्ता पक्ष समेट्तै मौलिक सिर्जनामा उभिन थालेको देखिन्छ । परन्तु माध्यामिक कालमा आइपुग्दा नेपाली भाषा र साहित्यले संस्कृतइतर भाषासँग पनि साइनो जोडेको देखिन्छ । यस अवधिमा अङ्ग्रेजी, अरबी, फारसी, उर्दू, बङ्गाली, हिन्दी जस्ता भाषा र तिनका साहित्यिक विधाहरूसँग निकटता बढ्दै गएको पाइन्छ । बढ्दो विदेशी भाषाको प्रभावले नेपालीमा पनि धर्म, नीति, उपदेश, तन्त्र, औषधी जस्ता

घेराबाट जासुसी, तिलस्मी, ऐयारी, मनोरञ्जनलगायतका क्षेत्रमा प्रवेश गरेको पाइन्छ । यसको तात्पर्य समकालीन साहित्य भोगविलास र मनोविनोदमा मात्र रमेको होइन बरु प्रचलित साहित्य परम्पराभन्दा माथि उठेर विविध र व्यापक क्षेत्र पहिल्याएको मान्न सकिन्छ ।

शृङ्गार नरुचाउने कमै होलान् । पूर्वीय परम्परामा शृङ्गारलाई रसहरूको राजा पनि भन्ने गरेको पाइन्छ । नेपाली साहित्यले विदेशी भाषाबाट शृङ्गाररस प्लवित गुण ग्रहण गर्दा त्यस्तो साहित्य दरवारले पनि मन पराएको कारण शृङ्गाररसले दरबारलाई प्रभाव पारेको मान्न सकिन्छ । आफू प्रभावित साहित्यलाई शासकबाट प्रत्यक्ष वा परोक्ष मलजल पुऱ्याई फस्टाउन मद्दत हुनु अस्वाभाविक होइन । तर यसैका आधारबाट साहित्यमा शृङ्गार दरबारले रोपेको वा हुर्काएको मान्न सकिँदैन । साहित्यिक धारको सहज परिवर्तन र कृतिमाथिको प्रतिबन्धले भाषा र साहित्यको प्रभावकारितालाई कम आँकलन गर्न मिल्दैन । कलामाथिको यस्तो प्रहार यदाकदा आजको युगसम्म हटेको देखिँदैन ।

मोटामोटी रूपमा नेपाली उपन्यासको माध्यामिक काल वीरसिक्का (१९४६ देख १९५२ सम्म) देखि थालनी भई रूपमती (१९९१) को प्रकाशन पूर्वसम्मको अवधिलाई मानिन्छ । ४५ वर्षे यो अवधिमा नेपाली उपन्यासले जग हाल्ने महत्त्वपूर्ण कार्य गरेको देखिन्छ । हरिकृष्णद्वारा रचित र शिवदत्त शर्मा सिग्द्यालद्वारा भावानुवादित वीरसिक्का कुन भाषाबाट अनूदित हो अनुत्तरित नै छ । विभिन्न कथाको सङ्कलन भए पनि आख्यानको आधिक्यता, कल्पना, मानव र मानवेत्तर समेत गरी पात्रको बाहुल्य, कथाको नवीन ढाँचालगायतका कारण यसमा औपन्यासिक गुण रहेको बताइन्छ ।

समालोचक प्रधान लेखन कालको दृष्टिले वीरचरित्र (१९५६ प्रकाशित १९६०) पहिलो मौलिक उपन्यास हो भन्छन् । डा. तारानाथ शर्मा गिरीशवल्लभ जोशीलाई मौलिक नेपाली उपन्यास लेख्ने पहिलो साहित्यकार हुन् भन्छन् र उनले तिलस्मी तत्त्वहरूले भरिएको वीरचरित्र १९५६ मै लेखिसकेको भए पनि यसको पहिलो भाग १९६० मा मात्र छापियो भन्छन् । डा. लुइँटेल वीरचरित्र, महेन्द्रप्रभा, डा. सूर्यप्रसादलाई मौलिक र चन्द्रकान्ता, नरेन्द्रमोहनीलाई अनूदित भन्दै यी उपन्यासहरू रहस्य रोमान्समूलक रहेको बताउँछन् । प्रधान भन्छन्, नेपालीमा तिलस्मी उपन्यासको प्रवेश नरेन्द्र मोहनी (१९५८) बाट हुन्छ ।

माध्यामिक कालको अर्को उल्लेख्य पक्ष भनेको पत्रपत्रिकाको प्रकाशन हो । गोरखापत्र (१९५८), उपन्यास तरङ्गिणी (१९५९), सुन्दरी (१९६३), चन्द्र (१९७१), गोर्खासंसार (१९८३), माधवी (१९६५), लगायत देशभित्र तथा बाहिरबाट प्रकाशित पत्रपत्रिकाले लेखन र पठनको घेरा फराकिँदै गएको अनुमान गर्न सकिन्छ ।

गोरखापत्रमा नरदेव (१९६०), कालापहाड (१९६९), सुखी कुटुम्ब (१९७८), जादूगर (१९६४), प्रेमकान्ता (१९७६), कर्मको गति जानी नसक्नु (१९७१) लगायत, उपन्यास तरङ्गिणीमा महेन्द्रप्रभा (१९५९), लाक्षारञ्जित स्फटिक स्तम्भ (१९५९), सुन्दरीमा सुन्दरी भूषण, कलावती, मधुवाला, विलासिनी (१९६४), चन्द्रमा बङ्गविजेता, गोर्खासंसारमा त्रिवेणी, तरुण गोर्खामा विश्वास आदिजस्ता औपन्यासिक अंश भएका वा लामा गद्याख्यानहरू प्रकाशित छन् ।

पहिलो मौलिक नेपाली उपन्यासकारका रूपमा काठमाडौंमा जन्मेका गिरीशवल्लभ जोशी (१९२४-१९८०) मानिन्छन् । नेपाली पात्र, नेपाली वातावरणको चित्रण भएको, वैज्ञानिक ज्ञान, कल्पना शक्ति इन्द्रजालको समेत प्रयोग भएको यिनको वीरचरित्रको चार भागमध्ये पहिलो भाग १९६० मा प्रकाशित भएको थियो । समालोचक डा. लुइँटेल लेखनको दृष्टिले वीरचरित्र नेपालीको पहिलो मौलिक उपन्यास हो भन्छन् र यसलाई प्रगतिशील ढाँचाको उपन्यास मान्छन् । परन्तु यो औपन्यासिक कृतिमा चन्द्रकान्ताको प्रभाव परेको बताइन्छ ।

डा. सूर्यप्रसाद (१९७२), महारानी प्रियंबदा (१९७३), नामक कृतिका लेखक तथा बङ्गविजेता (१९७१), भारतवर्षको इतिहासजस्ता कृतिका अनुवादक विज्ञान विलासको नामले चिनिने पद्मनाभ सापकोटा (१९४८-१९७३) का मातृभाषा, नेपालको अर्थशास्त्रजस्ता लेखहरू प्रकाशित छन् । जीवन चरित्रमा सङ्गृहीत उपन्यास महारानी प्रियम्बदा कथाको रूपमा रहे पनि सूर्यप्रसाद अपूर्ण जासुसी उपन्यासको रूपमा रहेको पाइन्छ ।

नेपाली साहित्यको इतिहासमा चर्चित पत्रिका शारदाका संस्थापक सम्पादक ऋद्धिबहादुर मल्ल (१९५३-२०२५) ले शर्मिष्ठा (१९८५) नामक उपन्यास लेखेको पाइन्छ भने प्रथम महिला उपन्यासकारको रूपमा अम्बालिकादेवी (१९५१-१९५३) लाई लिइन्छ । यिनले राजपुत रमणी (सन् १९३२) नामक उपन्यास लेखेको पाइन्छ । भारतमा वैवाहिक जीवन बिताएकी नेपाली चेली अम्बालिकादेवीले आफ्नो उपन्यासमा मानव र मानवेत्तर पात्र चयन गरेकी छन् । नारी विद्रोहलाई उठान

गरिएको र नाटकीयताको समेत समावेश गरिएको यो उपन्यासले ऐतिहासिक विषयवस्तु चयन गरेको देखिन्छ ।

दुर्गेशनन्दिनी (१९९०) बङ्गाली उपन्यास, शकुन्तला (१९९०), संस्कृत नाटकमा आधारित उपाख्यान, सत्य हरिश्चन्द्र (१९९१), श्रीकृष्णचरितामृत (१९९८) हिन्दी आख्यानबाट नेपालीमा अनुवादक शिवप्रताप शमशेर थापा (१९५०-२०००) को नेपाली उपन्यासको विकास प्रक्रियामा योगदान रहेको पाइन्छ ।

नेपाली नाट्य साहित्यको इतिहासमा अलग्गै पहिचान बनाएका पहलमानसिह स्वाँरले एकलाख रुपियाँको चोरी, पद्मकुमारी नामक उपन्यास लेखेको पाइन्छ । वि.सं.१९७४ तिर लेखिएको भनिएका यिनका उपन्यास मौलिक छन् । काठमाडौंको सामाजिक, सांस्कृतिक पक्षलाई यथार्थ ढंगबाट उजागर गर्दै कुतूहलता उत्पन्न गरेको बताइन्छ ।

समालोचक डा. लुईंटेल वीरचरित्र, महेन्द्रप्रभा, डा. सूर्यप्रसाद, एकलाख रुपियाँको चोरी, राजपूत रमणीजस्ता औपन्यासिक ढाँचाको मौलिक कृतिको रचना गरिनु यसकालको महत्वपूर्ण उपलब्धि मान्छन् ।

+++

माध्यामिक कालमा उल्लेख्य गद्य रचना भएको पाइन्छ । काशीनाथ आ.दी. (१९१८-१९९४) को आत्मकथा यस क्षेत्रमा उल्लेख्य रचना मानिन्छ । समालोचक शर्मा नेपालीमा आत्मकथा लेख्ने परम्पराको थालनी काशीनाथबाट भएको बताउँछन् । परन्तु माध्यामिक कालीन साहित्यको केन्द्रमा रहेको मान्न सकिने मोतीराम भट्टको पद्यमा झैं गद्यमा पनि महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । यिनले श्रीहर्षको संस्कृतबाट प्रियदर्शिका नाटिका अनुवाद गरेका छन् । गद्य र पद्य मिस्रित यो नाटिका वि.सं. १९४९ सम्ममा लेखिएको बताइन्छ । यिनका अन्य गद्य अनुवादमा स्वप्नध्याय, शकुनौति र मौलिक गद्य लेखनमा कवि भानुभक्त आचार्यको जीवन चरित्र (१९४८) लगायत रहेका छन् । समालोचक डा.शर्मा भन्छन्- "भानुभक्त आचार्यको जीवन चरित्रले मोतीरामलाई नेपाली साहित्यका प्रथम आलोचक बनायो ।"

चिरञ्जीवी शर्मा (१९२४-१९९७) ले १९५० मा श्रीमद्भागवतको नेपाली गद्य अनुवाद प्रकाशित गरेको पाइन्छ । गोरखापत्रका कर्मचारी चिरञ्जीवीले आफ्नो कथामा चन्द्र शमशेरको युरोप यात्रा, तन्त्रविद्यासम्बन्धी काश्मिर यात्रा गोरखापत्रको

सम्पादकीयलगायत लेखेका छन् । नरदेव पाण्डेले अद्भूत मिलाप १९५८, मेरिना चरित्र १९५८ कविवर मोतीराम भट्टको जीवन चरित्र १९९५ लगायतका रचनाहरू लेखेको पाइन्छ भने कुलचन्द्र गौतम (१९३२) को ओखतीसम्बन्धी स्वयम्वैद्य १९७५ प्रकाशित भएको पाइन्छ । जयपृथ्वीबहादुर सिंह (१९३४) ले प्राकृत व्याकरण १९६८, अक्षरमाला १९५८ लगायत पाठ्यपुस्तक लेखेका छन् ।

पहलमान सिह स्वाँरका नाटकहरू अटलबहादुर १९६२, विमलादेवी, विष्णुमाया, लालुभागा, तथा शाकुन्तलको अनुवाद गरेको पाइन्छ । यिनका अन्य गद्य रचनामा अछामको चाडपर्व, स्वाँरको कुरालगायत छन् । नेपाली नाट्य साहित्यमा अटलबहादुर पहिलो मौलिक नाटक मानिन्छ । समालोचक शर्मा नेपाली मौलिक नाटकको प्रारम्भ अटलबहादुरबाट भएको बताउँछन् ।

हेमराज शर्मा (१९३२) को चन्द्रिका व्याकरण १९६९ नेपाली व्याकरणको क्षेत्रमा महत्त्वपूर्ण मानिन्छ । नेपाली साहित्यको माध्यामिक काल मानिने यो समयावधिमा पद्येतर विधामा पनि नाटक, व्याकरण लेखन फस्टाएको पाइन्छ ।

रामप्रसाद सत्यालका मधुवाला, कलावती १९६४ उपन्यास सुन्दरीमा प्रकाशित भएका र फूलमा भमरा अनूदित नाटक लेखेका छन् । शम्भुप्रसाद ढुङ्गेलले गद्यतर्फ रत्नावली नाटिका १९७२ र शाकुन्तल १९७३ को अनुवाद गरेको पाइन्छ । शाकुन्तल गोर्खालीमा छापिएको थियो । यस्तै उनले हातिमताईको कथा लेखेर पर्सियाली आख्यानसँग साइनो जोडेका छन् । गुलबकावली, तोता मैना, सुनकेशरा रानी, लालहीराको कथा, सत्य मधुमालती, बेताल पच्चिसी, अबोला मैयाको कथा, अकबरवीर विनोद जस्ता कथाको सङ्कलन सम्पादन गरेको पाइन्छ । यिनले भानुभक्तको जीवन चरित्र समेत लेखेका छन् । यिनका महेन्द्रमल्ली (१९७५) मौलिक र जूनकिरी अनूदित निबन्ध पाइन्छन् । महेन्द्रमल्लीलाई पहिलो आत्मपरक निबन्ध भनिन्छ ।

चक्रपाणि चालिसे (१९४०) ले नेपाली संक्षिप्त रामायण, नेपाली संक्षिप्त भारतलगायतका पुस्तक लेखेका छन् । यिनले बुढ्याइँ निबन्ध लेखेका छन् ।

राममणि आ.दी. का कवितारीति, भलो कुराको नमूना, मातृबोलीको स्वाङ, पुरानो सम्झना आदि प्रकाशित छन् । सोमनाथ सिग्द्याल (१९४१) का मध्यचन्द्रिका १९७६, लघुचन्द्रिका १९९१ प्रकाशित छन् । यसको अलावा साहित्य प्रदीप प्रकाशित छ ।

वीरेन्द्रकेशरी अर्याल, केदारसमशेर थापा, कृष्णचन्द्र अर्याल आदि यस समयका गद्य लेखक हुन् । थापाका वीर सुकन्या, वीर ध्रुवचरित्र, वीर सुर्दशन आदि नाटकहरू पाइन्छन् ।

+++

पाठकीय प्रतिक्रियापश्चात् आफ्नो उपन्यासको पञ्चम संस्करणमा उपन्यासकार रुद्रराज पाण्डे लेख्छन्, "कैंयन् सासू बज्यैहरूले ग्रन्थकारलाई मेरो कुरा काटेर गन्थन लेखेको भन्ने दोषारोपण लगाए, कैंयन् बरालपुत्रीहरूले हाम्रो पोल खोल्ने भनेर सरापे, कैंयन् गृहपतिहरू हाम्रो घरको भेद खोल्ने भनेर चिढिए तर कुनै घरविशेष व्यक्ति विशेषलाई यो विषालु वातावरणले दूषित गराएको गार्हस्थ्य जीवन आनन्दमय तुल्याउन गरेको प्रयासमात्र हो ।" पाण्डेको भनाइले पनि रूपमती उपन्यास यथार्थवादी हो र सामाजिक पनि । परन्तु रूपमती जस्ती बुहारी र जेठानी आदर्शवादी चरित्र हो । नेपाली साहित्यको आधुनिककालको उठानताका साहित्यका अन्य विधाहरू झैं उपन्यास विधा पनि समाजिक धरातल टेकेर उठेको देखिन्छ । समाजमा देखिने राम्रा नराम्रा पक्षको यथार्थ उजागर गर्दै आदर्श चरित्रको निर्माण यस समयको महत्त्वपूर्ण उपलब्धीको रूपमा रहेको पाइन्छ ।

रूपमती उपन्यास शहरोन्मुख समाजमा आधारित उपन्यास हो । यद्यपि यो उपन्यासको परिवेश काठमाडौं नै हो र ससुराली मावली खलक पाँचमाने, छेपेटार तिर उल्लेख छ । सम्भवतः यी क्षेत्रहरू काँठ हुन् । यद्यपि तिनताक काठमाडौं पूर्ण शहर नभएको आभास पाइन्छ । चोकमा आसामी उठाउन मान्छे आउनासाथ भीड जम्मा भइहाल्छ । रूपमतीहरू घाँस दाउरा गर्न जङ्गल जाँदैनन्, गाईवस्तु चराउन, मेलापात भर्न र हाटबजार भर्न पनि जाँदैनन् बरु भातभान्छा, सरसफाइ, पूजासामग्री, सासूका पाउ सुम्सुम्याउन र बत्ती कात्ने काममा रहेका देखिन्छन् । बालविवाह त तिनताकको प्रचलनै हो । बुहारी भित्र्याएपछि सासूहरू फुर्सदमा छन् र त ती बुहारीहरूलाई बेकम्मा, उत्ताउला, बाइफालेको पगरी भिराइ दिन्छन् । कामको खातिर, बुहारी बिरामी हुँदा त्यसलाई बहाना सम्झन्छन् र रजस्वला हुनुलाई पनि अभिशाप ठान्छन् । बुहारीलाई जुत्ता ठान्ने मात्र होइन, बुहारीलाई जसले बढी सजाय दिनसक्यो उसलाई महान् ठान्छन् र बत्ती कात्ने कामलाई उपलब्धीको रूपमा लिन्छन् ।

रूपमती उपन्यास पं. छविलाल, पण्डितनी बज्यै, उनका छोराहरू हविलाल, रविलाल, बुहारीहरू क्रमशः रूपमती, बरालपुत्रीहरूको वरिपरि रहेर जेठी बुहारी रूपमतीको

केन्द्रीयतामा केन्द्रित रहेको छ । अन्य पात्रहरूमा छविलालको गाउँको मान्छे रेवती, हविलालको ससुराली खलक मोहनप्रसाद लुइँटेल परिवार, छेपेटारका रविलालका ससुराली खलक बराल परिवार र अन्य कतिपय स्थानीय पात्रहरू देखिन्छन् ।

उपन्यासकार सामाजिक परिवर्तनको चाहना राख्छन् परन्तु उनको उद्देश्य यथार्थमा आधारित सामाजिक उपन्यास लेख्नु हो । त्यसैले सामाजिक परिवर्तन गर्दैनन् र आदर्श चरित्र निर्माण गरेर उपन्यास टुङ्ग्याउँछन् । मिस्टर एच.एल.शर्मा बनारसमा पढेर पाश्चात्य सभ्यतामा रमेको कारण घर सम्झँदा आङ जिरिङ्ग हुने बताउँछन् । सिनेमा र उपन्यास जगत्का पात्रहरूको स्मरण गर्छन् तर आमाले भैमालेका काफ्लेकी छोरीको कुरा चलाउँदा "एउटा गवार मूर्खले पुगेन र अर्की ल्याउन आँटनुभएको" भनी जवाफ फर्काउँछन् । उपन्यासकार पाण्डे बाबु छोराबीचको पुस्तान्तरण स्पष्ट देखाउँछन । हैजाको महामारी चल्दा हविलाल पोटास र सफाइको तर्क गर्छन् परन्तु बाबु छविलाल पुर्पुरोको सहारा लिन्छन् ।

पाठकले उपन्यासको प्रारम्भदेखि नै नायिकाप्रति सहानुभूति राख्छन् । "म जस्ती अभागिनी बूढीलाई काल नआएर किन त्यस्तालाई आएको होला" जस्ता समाजमा भनिने सामान्य बोलीवचनलाई उतारिएको देखिन्छ । परन्तु एउटाको काल अर्कोमा सर्दैन । बरु "कालको औषधी कालै छ" जस्ता कुरा यर्थाथपरक देखिन्छ । उपन्यासमा अगाडि तारिफ गर्ने र पछाडि कुरा काट्ने समाज र पात्रको प्रशस्त उपस्थिति छ । त्यसमाथि बुहारीको खेदो खन्ने र कसले बढी सजाय दियो ऊ महान् ठहरिने समकालीन समाज उतारिएको छ । पण्डित्याइँमा आएको विचलन र त्यसमा गरिनुपर्ने समाधानका बारेमा उपन्यासकार सचेत देखिन्छन् र बिच्छी नामक पात्रबाट भन्न लगाउँछन्- "पाठ गर्न लाग्यो पत्र पल्टाउने, जप गर्न लाग्यो माला दौडाउने जजमानले के गरून् ।" वास्तवमा हाम्रो पूर्वीय संस्कार क्रमशः ह्रास हुँदै गएकोप्रति उपन्यासकारले सचेत गराएका छन् ।

गुन्डा समाजमा नाम कमाएको रविलालको उनकी पत्नीको चाकरनीले कुरा काट्ता छोरा र बुहारीले आफूलाई जति ओठे जवाफ फर्काए पनि आमा छोराको कुरा काटेको सहन सक्तिनन् । बरु जुरुक्क उठेर उसका जगल्टामा हात पुऱ्याउँदै निर्घात चुट्तै भन्छिन्- "तेरीमा वेश्या ! आज मेरो छोराको हुर्मत लिने भएकी ! बोसो लागेको बजिनीलाई ।"

उपन्यासमा हिन्दीलगायतका शब्दहरू मात्र होइन उखानहरू पनि प्रयोग भएको देखिन्छ । समाज पुरुष प्रधान भए पनि घरभित्र नारी हाबी भएको उदाहरण

बरालपुत्री र उनका आमाबाट देखिन्छ । छोरीलाई टाउको माथि टेकाउने बराल्नी बज्यै बुहारीलाई गाली गर्ने दोहोरो चरित्र देखाउँछिन् । जुन समकालीन समाजको यथार्थ हो । बुहारीलाई माइती पक्षको नाम लिएर गाली गर्दा सासू पक्षको पुर्खाको बखान पनि उपन्यासमा भेटिन्छ । "साधुको वचन पनि किन उसै खेर जान्थ्यो" जस्ता भनाइले भाग्यवादमा विश्वास गरेको देखिन्छ । सासू बुहारीको झगडामा छोरोले बुहारीको पक्ष लिँदा पनि मातृत्वले छोरालाई गाली गर्न सक्तैन । संस्कारजन्य कार्यमा औकात हेरेर खर्च गर्नुपर्छ भन्ने सन्देश रासबिहारी नामक पात्रबाट प्रकट भएको छ । जुन आज पनि उत्तिकै सान्दर्भिक छ । "त्यसताका राति कहाँ–कहाँ जान पल्केको थियो" श्रीमती सुत्केरी हुनेताका रविलालको बारेमा भनिएको तथ्य सन्देशमूलक छ । रविलालको अर्धचेतन अवस्थाको बारेमा जानकारी गराइएको छ । "बाले भन्नु भएको बा हुनुहुन्न रे" भनी हास्य उत्पन्न गराउन खोजिएको छ । परन्तु काठमाडौंका व्यापारी नेपाली मात्र थिएनन् भन्ने उदाहरण नेपालीइतर भाषाको प्रयोगबाट भएको देखिन्छ । नेपाली भाषा र साहित्यका साधक पाण्डे रूपमतीलाई हिन्दी भाषाका पुस्तक पढाउँछन र भन्छन्, "रूपमती हिन्दीका पुस्तकहरूमा बुझ्न नसकेको कुरा सोद्धथिन्" । तिनताक नेपाली भाषामा प्रशस्त पुस्तक उपलब्ध थिए । रामायण, महाभारत वा अन्य ग्रन्थहरूभन्दा हिन्दीका किताब रुचाउनुले पाण्डे हिन्दी साहित्यका अध्येता थिए भन्न सकिन्छ ।

उपन्यासकार रुद्रराज पाण्डेद्वारा लिखित उपन्यास रूपमती सामान्य कुतूहलता सहित अगाडि बढेको देखिन्छ । सरल भाषा शैली र नायिकाको आदर्श चरित्रप्रति पाठक सहानुभूत हुँदै 'सत्यमेव जयते' भने झैं नायिकाको सहनशीलताबाट विखण्डन हुन लागेको परिवार जोगाउँदै उपन्यास टुङ्गिएको पाइन्छ । आधुनिककालीन नेपाली साहित्यको उठान कालतिर देखिएका आर्दशवाद, यथार्थवाद तथा समाजको चित्रणमा उपन्यास खरो उत्रेको देखिन्छ । उपन्यासकार पाण्डेको रूपमती र कथाकार गुरुप्रसाद मैनालीको नासो भित्रका कतिपय कथाको कथावस्तु कतिपय ठाउँमा मिले झैं देखिन्छ । यसबाट समकालीन समाज उतार्ने लेखकको समाज एउटै हो भन्न कर लाग्छ ।

**विराटनगर**
**पूर्व कर्मचारी, नेपाल विद्युत प्राधिकरण**

# शरण



लीलाराज दाहाल

हरिकृष्णले शहरमा घर किनेको थियो । उसकी श्रीमती पम्फा निकै फुर्केकी थिई । उसको नाकको टुप्पोमा घमण्डको फोको उठ्न थालेको थियो । उसका तीनवटी छोरीहरू थिए । उसकी विवाहिता दिदी राधा आफ्नो घर त्यागेर शरणार्थीझैं भाइ बुहारीको शरणमा थिई ।

हरिकृष्ण, पम्फा र राधा मधुमेह रोगलाई अँगालेर जीवनयापन गर्दै थिए । अनेक दाउपेचले सम्पत्ति जोडे पनि सम्पत्तिको सुखभोग गर्ने बेला मधुमेहले जिस्क्याउन थाल्यो ।

एकदिन हरिकृष्ण उदास हुँदै बोल्यो, "केही गरूँ भन्ने उमेरमा मधुमेहले अँगाल्यो । अब घरको काम कसले गर्ने होला !"

पम्फाले भनी, "तपाईंकी दिदीलाई किन पालेको त ?"

घरका सबैले काम लगाउने पात्र भनेकै राधा थिई । हरिकृष्ण भन्थ्यो, "ल है दिदी ! बुहारी बिरामी छे ! उसलाई काम नलगाउनू !"

"ल है दिदी ! घर पुछ्ने, खाना बनाउने, लुगा धुने काम तपाईंको नि !" सकेसम्म मीठो स्वरमा पम्फा भन्थी ।

"म पनि त बिरामी छु !" राधा भन्थी तर उसको स्वर हावामा बिलाउँथ्यो ।

"अझै चिया पाकेन राधा दिदी ?" हरिकृष्णका छोरीहरू ओछ्यानबाटै चिच्याउने गर्थे ।

"आज छिटो अफिस पुग्नु छ ! पाकेन खाना ?" पल्लो कोठाबाट भाइले हप्काएको सुन्छे राधा ।

"मलाई टोल सुधार समितिमा जानु छ !" ऊ पम्फाको आवाजले झसङ्ग हुन्छे ।

राधा खाना पस्केर टेबलमा राख्दै भाइतिर हेरेर भन्छे "साह्रै गाह्रो भयो ! एकपटक डाक्टरकहाँ लैजा न मलाई !"

उसले भन्यो, "के भएको छ र तँलाई ! किन जानु डाक्टरकहाँ ?"

बेलुका पाहुना आए । सामान्य सन्चो बिसन्चोका कुरा भए । यही मौकामा हरिकृष्णले भन्यो, "घरमा बिरामी भएपछि निकै अप्ठ्यारो । आज पनि दिदीको उपचारमा निकै रकम स्वाहा भो !"

यतिखेर राधा भने केही बोल्न सकिनँ । उसले भाइ र बुहारीलाई एकतमासले हेरिरही !

**बागमती ११, कर्मैया, सर्लाही**

---

**गीत**

# चिनेर पनि



सुमन शिरीष पोखरेल

चिनेर पनि चिनिनँ भनी स्वाङ पार्ने बानीले
कोमल मन चोरेर लगिन् चुलबुले नानीले ।

रोदीको घरमा लाएको माया बिर्स्यौ कि जस्तो छ
यो ज्यानलाई मेरो आरामै छ नि तिमीलाई कस्तो छ
गाउँलाई छोडी लाहुर हिँड्दा टोलाकी थियौ नि
बिदाइका हात हल्लाउन तिम्ले बोलाकी थियौ नि ।

निथ्रुक्कै जिउ भिजायो लौन असारे पानीले
कोमल मन चोरेर लगिन् चुलबुले नानीले ।

बताउन तिम्रो हालचाल पनि किन हो टोलाकी
लाज नै लाग्या जस्तो छ तिम्लाई त्यसैले लोलाकी
नमान लाज, नमान धक मुख हातले थुनेर
खोलिदेऊ मन, बसौंला हामी माया जाल बुनेर ।

स्याउदाने गाला बीचैमा कोठी भएकी सानीले
कोमल मन चोरेर लगिन् चुलबुले नानीले ।

# तीन थान चारु



अतृप्ताचार्य

१.

फूल सार्नेको इतिहास हुँदैन
इच्छा मार्नेको इतिहास हुँदैन

ओभानो परेली पो राम्रो
आँसु झार्नेको इतिहास हुँदैन

रिसाउने राहुलाई अक्षता र भेटी
काम टार्नेको इतिहास हुँदैन

पाए थाप्यो, सुका–मोहर
खोला तार्नेको इतिहास हुँदैन

खोले सिस्नु, ब्रम्हा विष्णु
गोरु नार्नेको इतिहास हुँदैन

मादक हुन्छन् फूलबारी सधैं
बार बार्नेको इतिहास हुँदैन ।

२.

सुकुम्बासीसित घर माग्छ्यौ
अभरमा छु आफैं, भर माग्छ्यौ

महादेव झैं उत्तानो छु आफू
देउतै ठान्छ्यौ र वर माग्छ्यौ

मसानघाट झैं सुनसान छ जीवन
हप्ता असुली र कर माग्छ्यौ

आगोले खाएको छ पूरै छानो
धुरी मार्नलाई खर माग्छ्यौ

केही बाँकी रहेन माग्नलाई
पक्कै अब मेरो थर माग्छ्यौ ।

३.

आँखाको पानी सुकेर जान्छ
जरुर ती नजर झुकेर जान्छ

अहम्‌को पर्खाल ठडिन्छ कति ?
आदर्श एक दिन चुकेर जान्छ

बुद्धि विवेकले नभोगे जीवन
चिसो चुल्हो फुकेर जान्छ

सुतिरह्यो भने सिंह पनि सधैं
कुकुरले नि एकदिन मु...र जान्छ

'खस्ला र खाऊँला' नभन्नुहोला
जिन्दगी फगत ढुकेर जान्छ ।

**आबद्दताः नेपाल विद्युत प्राधिकरण**



# अवतरित सपनासँगको जम्काभेट

**भीमराज कडरिया**

न्यूयोर्कको म्यानह्याटन, टाइम्स स्क्वायरमा रातको रमझम चलिरहेको थियो । भीडभाड र कोलाहल उत्ति सारो नरुचाउने म त्यस दिन सम्हालिएर अमेरिकी रात्री जीवनको अनुभव सँगाल्ने कोसिस गर्दै थिएँ । रेडस्टेप्स भनिने रातो प्याराफिटमा बसेर रोड शोका विभिन्न झाँकी तथा साङ्गीतिक प्रस्तुतिमा एकाकार भइरहेको बेला छेउबाट आएको परिचित झैं लाग्ने आवाज मेरो कानमा ठोक्किन पुग्यो । –"राज ! तिमी यहाँ ? कस्तो संयोग हो यो ?" आवाजसँगै झसङ्ग भएर दायाँ फर्केको मात्र के थिएँ, ठिङ्ग उभिएकी एउटी महिला देखें । सर्लक्क परेको जीउडाल, गोरो वर्ण फुर्तिली, हँसिली, रसिली परी नै हो कि जस्तो देखिने महिलाको मन्द मुस्कान देखेर म पनि एकैछिन् अकमकिएँ । ऊ पुनः बोली– "बिर्स्यौ कि के हो ? म सरू..., चिनेनौ र ? उही सरू क्या ! ओ माइ गड ! तिमी पनि उस्तै ?" मानौं संसारको आठौं आश्चर्य भेट्टाएकी थिई उसले । म भने अक्क न बक्क भइरहेको थिएँ, आवाज निस्कनै पनि सकिरहेको थिएन । म टोलाएको देखेरै होला उसले पनि आफ्नो बोलीको गतिमा ब्रेक लगाई । म सम्हालिएर एकोहोरो हेरिरहें केहीबेर । अनि बोलें– "साँच्चै कस्तो संयोग यो ? तिमीसँग फेरि भेट हुन लेखेको रहेछ है ?" अनि, एकैछिन सन्नाटा छायो त्यहाँ, मानौं हामी दुवैजना मौनधारण गर्दै थियौं । थप बोल्ने कुरा मसँग केही थिएन ।

सन्नाटालाई चिर्दै उसैले सोधी– "कहिलेदेखि यता होइसिन्छ ?" अघि भर्खर तिमी सम्बोधन गरेकी उसले 'सियोस्' लगाएको सुन्दा ऊ पनि सम्हालिइसकेकी भन्ने बुझें । केही बोलौं कि कुनै प्रतिक्रिया विना लुसुक्क हिंडौं भन्ने दोधारकै बीच उसको आँखामा आँखा जुध्न पुग्यो । जुन आँखा हेरेर कहिल्यै नअघाएको म पुनः त्यही आँखाको गहिराइमा पौडिन पुगे झैं लाग्यो । चेतना हराए झैं एकोहोरो हुन पुगेंछु । 'उसैले के भयो ? कता हराइस्यो ?' भन्दै घचघच्याएपछि झसङ्ग भएर 'ठिकै छु' भन्न भ्याएँछु । एकाएक ऊ बोली– 'अचेल म टेक्सासको ह्युस्टनमा बस्छु, एक हप्ताको बिदा मनाउन यहाँ आएकी, म साथीहरूसँग छु, अहिले जान

लागेको, भोलि समय मिलाएर भेटौं न है' भनी र फोन नं. मागी । सोच विचार गर्नु के थियो र फटाफट नं. टिपाइदिएँ । हतार हतार बाइ गरेर छुट्टिई ऊ । टाइम्स स्क्वायरको रमझम तथा रात्रिकालीन उत्सव पनि फिकाजस्तो लाग्न थाल्यो अब मलाई । एकाग्रता मै टोलाउन थालेपछि त्यहाँ बसिरहन उचित लागेन र होटल फर्कें म पनि । हातमुख धोएर जसै ओछ्यानमा पल्टेको थिएँ, विगतका स्मरणले झक्झक्याउन थाल्यो अनि फर्किएँ अतीततिर ।

कुरा २०४५ तिरको हो, करिब पैंतीस वर्ष अगाडिबाट शुरु भएका मेरा जीवनकथाका घटनाहरू कुनै चलचित्रका कथाभन्दा कम थिएनन् । प्रवेशिका परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण भएपछि गाउँभरि हल्ला भएको थियो । 'फस्ट डिभिजन ल्याएछस् गाउँको पनि इज्जत नै बढाइस् अब गाउँ र समाजका लागि केही राम्रो काम गरेस्' भन्नेहरू प्रशस्तै भेटिएका थिए । प्रथम श्रेणीको उत्तीर्णाङ्कले तत्कालै थप अध्ययन गर्न जाने मेरो इच्छालाई सहयोग गरेन । गाउँकै निम्न माध्यामिक विद्यालयमा शिक्षकको आवश्यकता रहेकाले सोही विद्यालयमा शिक्षक भएर काम गर्न समाज र घरबाट समेत दबाब आयो । घरको आर्थिक अवस्था पनि मजबुत थिएन, त्यही वर्ष क्याम्पस पढ्न जाने आँट पनि गर्न सकिनँ र एक वर्ष गाउँमै चक डस्टर खेलाएर समय कटाउन बाध्य भएँ म । हल्का आर्थिक जोहो भएपछि पछिल्लो वर्ष इन्जिनियरिङ शिक्षा पढ्ने रहरले काठमाडौं छिरायो । पुल्चोक, ललितपुरमा रहेको इन्जिनियरिङ अध्ययन संस्थानमा भर्ना भै उच्च शिक्षारम्भ गर्न पुगें । करिब एक वर्षपछि घरायसी आर्थिक अवस्थालाई मध्यनजर गरी स्कुले केटाकेटीलाई ट्युसन पढाउने कार्य शुरु गरैं मैले । त्यस समयमा काठमाडौंमा डेरा गरी बस्नेहरूले घर बाहिर धारामा पानी थाप्न जानुपर्ने भएकाले धेरैजनासँग भेटघाट तथा कुराकानी हुन्थ्यो । पानीकै कारण छिमेकमा बस्ने गोरखातिर घर भएकी एक आन्टीसँग नजिक हुने मौका मिल्यो । अङ्कल गोरखामै मा.वि. शिक्षक भै काम गर्ने र राजनीतितिर पनि सक्रिय भएका कारण परिवार काठमाडौंमा राखेर बच्चाहरू पढाएका रहेछन् । एक छोरी र एक छोरासहित बस्ने आन्टीले नौ कक्षामा पढ्ने छोरी सरस्वतीलाई ट्युसन पढाएर सहयोग गर्ने प्रस्ताव गर्नुभयो । अल्लारे उमेर र चढ्दो बैंसमा थिएँ र हो कि, नानीको जवानी, जीउडाल, हाउभाउ र मृगनयनी आँखाका नक्कल हेर्दा मेरो पापी मन पनि लोभिरहेकै थियो । नजिक हुने यही हो मौका भनेजस्तो आभास हुन पुग्यो र मैले पनि प्रस्ताव सहर्ष स्वीकार गरिदिएँ ।

मैले ३ महिना मात्र पढाएको थिएँ, अन्तिम परीक्षा आइहाल्यो । परीक्षाफल आउँदा राम्रो अङ्कसहित ऊ तेस्रो स्थानमा उत्तीर्ण हुन पुगिछ । अङ्कलले काठमाडौं आएको बेला स्याबासी दिएर अब छोरीको जिम्मा तपाईंलाई भयो है बाबू !

भन्न भ्याए । भर्भराउँदो जवानीमा चढ्दै गरेकी छोरीले बुबाको कुरा कति बुझ्भी कुन्नि पढ्नमा भन्दा जिस्किने मस्किनेमा ध्यान दिन थाली । मलाई पनि मनमनै काउकुती नलागेको त कहाँ हो र, तर पनि सम्हालिंदै पढाउने प्रयत्न गर्दथें जो त्यत्ति सहज थिएन । बैंसले भरपुर, भर्खर फक्रिन लागेकी भएर होला, मीठा मीठा सपना बुन्न र सजाउन व्यस्त हुन्थी ऊ । प्रथम त्रैमासिक परीक्षाको परीक्षाफलले पढाइमा कमजोर हुँदै गएको देखाइहाल्यो । ऊ दुईवटा विषयमा अनुत्तीर्ण भई । अन्टीलाई भने खासै चिन्ता थिएन किनकि बुबाले नै मलाई छोरीको जिम्मा जो लगाएका थिए । एकदिन पढाउने बेलामा तिमीलाई के भएको छ नानी अचेल भनेर सोधेको मात्र के थिएँ, ग्वाम्मै अँगालो हालेर रुन पो शुरु गरी । यो उमेरमा धेरैलाई यस्तै हुन्छ, योग्यता बनाएर वृत्ति विकास गर्नुपर्छ सबै सपना बिपना हुन्छन्, अहिल्यै आत्तिने, मात्तिने गर्न हुन्नँ भन्दै सम्झाई बुझाई गरी पढाउने कोसिस गरिरहें ।

दिनानुदिन ऊ सोचमग्न हुँदै टोलाउने र रुने गर्न थाली । अब मलाई अवगाल आउने निश्चित नै लाग्यो । उसको उपचारका लागि केही सल्लाह पाउने आशाले मनोविज्ञान विषय लिएर स्नातक पढ्दै गरेको एकजना साथीलाई सबै यथार्थता बताउन पुगेँ म पनि । सत्र वर्ष टेकेकी नौजवान युवती तिमीजस्तो लक्का जवानको सामु एकोहोरिनु सामान्य हो । प्रेमपूर्ण व्यवहारले उसको मन बहलाई देऊ, आफैं ठीक हुन्छ भन्ने सल्लाह दियो उसले । पढाइमा सुधार हुन्छ भने राम्रै होला भन्ने लाग्यो । म पनि त यस्तै मौकाको पखाईमै थिएँ, चिन्ता थियो त केवल पढाइमा पर्ने असरको । सँगै टाँसिएर बस्ने, अँगालोमा बेरिने, सुम्सुम्याउने गर्दै पढाउन शुरु गरें मैले पनि । त्यत्तिमा मात्रै सीमित नभई सरस्वती अब मेरा लागि 'सरू' भई सकेकी थिई । जवानीको जोशमा होस गुमाएकी उसले मलाई समेत सम्बन्धका सबै सीमा पार गराई छाडी । साथीको सल्लाह राम्रै रहेछ, ऊ पढाइमा पनि अब्बल हुँदै गई र साँच्चै दोस्रो त्रैमासिक परीक्षामा राम्रो अङ्कसहित कक्षाकै दोस्रो स्थानमा पो आउन सफल भई । छोरीको प्राप्ताङ्क देखेर बुबा खुशी थिए, आमा भने त्यति खुशी देखिन्न थिइन् । शायद हाम्रा सबै हर्कत नजिकबाट धेरै नै नियालेकी रहेछिन् कि ?

समय छिट्टै बित्दै गयो, सरूले एस.एल.सी. दिई । पढाउने जिम्मेवारी सकियो अब । एउटा तनाव घट्यो भन्ने सोच्दै बसेको थिएँ । सरूको भाइ कोठामा बोलाउन आयो र 'बुबाले हजुरलाई बोलाउनु भएको छ सर' भनेर गयो । म पनि एकैछिनमा उता कोठामा पुगें । सबै जना चुपचाप, शोकसभामा बसे झैं देखिए । के बोल्ने हो मेसोमेलो पाइनँ एकछिन । मौनताको वातावरणलाई चिर्दै मैले सोधें– "किन

बोलाउनु भएको हो र ?" मेरो बोली खस्न नपाउँदै आन्टी च्यॉंट्ठिएर बोलिन्– "अब परीक्षा सकिइहाल्यो, आउने जाने बाटो खोल्न गाह्रो होला, सरूलाई उतै राख्ने हो कि सल्लाह गर्नु पर्‍यो ।" यो कुरा आउँछ भन्ने थाहा थियो मलाई तर यत्ति छिट्टै आउला भन्‍ने लागेकै थिएन, आइहाल्यो । मैले पनि मेरो पढाइ भर्खर सकिएको छ, जागिर पनि खोज्दै छु, दुई वर्ष सरूले पनि पढ्छिन् अनि लैजाउँला नि हुन्न र ! भनिदिएँ । अङ्कलले सामान्य रूपमा लिए झैं लाग्यो । तर अन्टी अलिक धेरै नै बोलिन् त्यो दिन । करिब डेढ वर्षदेखिको मेरो लगानी र स्याहार सुसार गरेर फक्राएको गुलाबको फूल, जसको सुगन्ध र मादकतामा मन्त्रमुग्ध भै रम्ने म झन् किन नकार्थें र ? उसका हरेक इच्छा र चाहना मलाई जति कसलाई पो थाहा होला र ? मेरो समय र परिस्थिति नमिलेर मात्रै समय मागेको थिएँ, तर पाइनँ । घरपरिवारमा सल्लाह र कुराकानी गर्दागर्दै केही समय लाग्यो । सबैको सहमति जुटाएर वैशाखमै सामान्य विवाह गरियो । आफू सिभिल इन्जिनियरिङमा डिप्लोमा सकाएर ओभरसियरको योग्यता प्राप्त गरेको मात्रै थिएँ । जागिर थिएन, जिम्मेवारी पनि थप्न पुगें झन् ।

अङ्कलबाट ससुरामा परिणत भएका बा समझदार थिए । जागिरको व्यवस्था नहुँदासम्म अलिक समय छोरीलाई उतै राखेर गुजारा चलाउन भन्नुभयो । आन्टीबाट सासूमा परिणत हुनु भएकी सासूआमाले यसरी धेरै दिन चल्दैन, छिटो छिटो जागिर खोज्नू, प्रगति गरेर धनसम्पत्ति जोड्नू र सुखसयलका साथ श्रीमती पाल्नू भन्नुभयो । समयले गति छिट्टै बढाएछ । सरूको परीक्षाफल प्रकाशित भयो, उसले राम्रो अङ्कसहित प्रथम श्रेणीमा एस.एल.सी. उत्तीर्ण गरेर मेरो समेत इज्जत राखिदिई । केही समयपछि नै मैले पनि कास्की पोखरामा काम गर्ने गरी करारको जागिर पाएँ । ऊ भने काठमाडौंमा नै विज्ञान विषय लिएर त्रिचन्द्र कलेज पढ्ने भई । यतिन्जेलसम्म देशमा राजनैतिक परिवर्तन भइसकेको थियो । बहुदलीय व्यवस्थाका लागि जागिरको पर्वाह नगरी सत्याग्रह आन्दोलनमा सक्रिय भएकाले होला, पार्टीले ससुरालाई टिकट दियो । शिक्षक जागिर छाडेर संसदीय चुनाव लड्नुभयो । सहजै चुनाव जितेर सांसद हुनुभयो र केही समय मै मन्त्री पनि । म पोखरा, सरू काठमाडौं बस्ने । काठमाडौं सरुवा मिलाउन नसक्ने म, पढाइको कारण पोखरा जान नसक्ने ऊ, फूर्सदका समयमा मात्रै आउजाउ चल्दै थियो हाम्रो । एकाएक सरूको महत्वाकाङ्क्षा बढ्न पुग्यो र व्यवहारमा फरकपन देखिन थाल्यो । एकपटक काठमाडौं आएको बेला सासूआमाको व्यवहारमा पनि परिवर्तन देखा पर्‍यो । मन्त्राणी भएको प्रभाव होला भन्ने लागेका थियो मलाई ।

म घरायसी जिम्मेवारीसहित भएकाले बुबा आमालाई पनि समय दिनु पर्दथ्यो । सरूलाई समय कम दिइएछ कि भन्ने सोचिरहेको थिएँ । सासूआमाले कड्किएर निर्णय नै सुनाएझैं गरी यसरी अब चल्दैन, अब मेरी छोरीको तपाईंसँग घरजम राम्रो हुँदैन, यसलाई छोडपत्र दिनुपऱ्यो भन्नुभयो । म नतमस्तक बनें र ससुराबातिर हेरें, मन्त्राणीको अगाडि उहाँको केही जोर नचल्ने कुरा बुझ्न समय लागेन । मैले सरूलाई नै यो के भइरहेको हो भनेर सोधें । आमाको अगाडि उसको झन् के चल्नु थियो र ? 'म त पढाइमै व्यस्त छु, आमाले राम्रै सोच्नु भएको त होला नि' भन्ने उत्तर दिई । पछिल्लो समय उसको व्यवहारमा देखिएको परिवर्तन र हाउभाउ हेर्दा चरित्र नै पहिलो सौन्दर्यता हो भन्ने सम्झें । उसले मेरो धन हेरी होला मैले उसको चरित्र । समाज अनुसारै चलें म पनि, धेरै सोधखोज गरिनँ । उसको पनि मौन सहमति भए जस्तो बुझें मैले । आफ्नै हृदयको नाप लिन नसकेको प्राविधिक म, उसको हृदयको नाप कसरी लिन सक्थें र ? समयभन्दा महङ्गो हुन्छ रे भन्थे भावना, बुझ्नु पर्नेले नै कुरा नबुझेपछि मेरो केही लागेन । माया त गरेकै थिएँ एकतर्फी पो रहेछ । गुनासो के गर्नु थियो र समयले भेटायो, परिस्थितिले छुटायो । तिमीलाई त्यो साथ र माया मिलोस् है सरू, जुन मैले दिन सकिनँ भन्दै वकिलले तयार गरी राखेको कागजमा सहीछाप गरिदिएँ ।

पर्खाइ लामो होला कुरी बसौंला, दूरी बढेछ भने घटाउँला, गल्ती होला सहिदिउँला भन्दै कुर्कुरेमा शुरु भएको प्रेम चितामै पुगेर अन्त्य गरौंला भनी बुनेका सपनाहरू तुहिन समय लागेन । आफू स्नातक पढ्ने, उसलाई पढाउने, धन कमाउने र रमाउने कल्पनाका उडानहरू सासूआमाको विष्फोटक निर्णयले टुक्राटुक्रा भै क्षणभरमै अवतरित हुँदै गरेको सम्झिँदा मन पनि थाकेछ क्यारे कति बेला निदाएँछु होसै भएन । रातो र चन्द्र सूर्य .... भन्ने गीतको लाउड रिङटोनले ब्युँझायो । 'हाई, गुड मर्निङ', फोन कल उसैको रहेछ । ज्याक्सन हाइटतिर भेटेर सँगै लन्च गर्ने निम्तो आयो । एक्लै थिएँ, अमेरिकाको ठाउँ, लुकीछिपी गर्नु थिएन, किन नाइँनास्ती गर्नु थियो र मलाई पनि ? एकैछिनमा रोमान्चक मुड बन्यो, स्वीकार गरिदिएँ । ज्याक्सन हाइट पुग्दा एक बज्नै लागेको थियो, ऊ मलाई नै कुरेर बसेकी रहिछ । नेपाली थकाली खाना मन पर्ने मान्छे म, उसले पनि भुलेकी रहिनछे, नेपालीले चलाएको थकाली होटलमै पुऱ्याई । नेपाली थाली खाना सेट र भेज स्टार्टरको अर्डरसँगै कुराकानी शुरु भयो । कुरा मैले नै शुरु गरें, सपरिवार यतै छौ कि ? मेरो कुरा पूरा हुन नपाई उसको उत्तर आयो । नाईं ... ! एकैछिन् सोचमग्न भएजस्तो गरी र मसँग छुट्टिए पछिका कहानी शुरु गरी ।

त्यसताका बहुदलीय व्यवस्था आइसकेकाले कलेज पढ्न गएपछि सक्रिय राजनीति गर्ने सोचले विद्यार्थी संघतिर लागिछ । नेतृ बन्ने सपनाले विद्यार्थी संघकै एकजना चल्तापुर्जा विद्यार्थी नेताको फन्दामा पुऱ्याएको र उसले घरसम्मै पहुँच बनाएर आउने जाने गरी जिन्दगी नै तहसनहस पारेको बताई । विद्यार्थी नेता प्रधानमन्त्रीको निजी सहायक भएकाले बुबालाई मन्त्री बनाउने आश्वासन दिँदै आमालाई प्रभाव पारेको, बुबालाई मन्त्री बनाउन सहयोग गर्ने भएकाले उसले भनेका कुरा मान्न आमाले दबाब दिएको, परिवारले नै प्रस्रय दिएको हुँदा उसले गिद्धे नजर लगाएको र आफूलाई शिकार बनाएको कुरा पनि सुनाई । विवाहित हो भन्ने थाहा पाएर पनि छोडपत्र गराए आफूले बिवाह गर्ने भन्दै आमालाई विश्वास दिलाएर उचालेको र आफूलाई छोडपत्र दिन बाध्य बनाउँदा प्रतिरोध गर्न नसकेको बताई । विवाहित रहेछ मोरो ! केही समय उपयोग गरी छोडेर बेपत्ता भयो । त्यतिबेलादेखि पुरूषहरूप्रति नै नकारात्मक धारणा बन्यो । हजुरसँगको सम्बन्ध तोडेको अपराधले पो हो कि ? भन्दै आफूले भोगेका सबै इतिवृत्तान्त सुनाई ।

कुनै चलचित्रको कहानीभन्दा कम थिएन उसको जीवन कहानी, जसलाई रोमान्चक भै सुनिरहेँ मैले पनि । खानाको स्वादभन्दा मीठो सुन्दामा अनौठो लाग्ने उसको जीवन कहानीले खानामा के के थियो भन्ने कुरा थाहा नै कथा पाइनँ मैले त । बि.एस्.सी. नर्सिङ्ग सकाएर काम गर्दा गर्दै अमेरिका आएकी रहिछ । उता बुबालाई पनि भ्रष्टाचारको मुद्दा लागेछ । आमालाई भने क्यान्सर भएर बितेको कुरा पनि सुनाई । भाइबुहारी अष्ट्रेलियातिरै बसेछन् । बुबाले कान्छी आमा ल्याएर जीविकोपार्जन गर्दै गर्नु भएको छ भनी । आफू भने पश्चातापसहितको जीवन बाँचिरहेको र फेरि कुनै केटा साथी र सम्बन्ध बनाउने बारेमा सोच्दै नसोचेको कुरा गरी । परिपक्वता आएपछि धोका दिएको आभास भयो, आत्मग्लानिले धेरै समय गलायो । हजुरलाई खोज्ने र सम्पर्क गर्ने कोसिसै गरिनँ भन्थी । म एकोहोरो सुनिरहें । कुराकानीकै क्रममा मेरा बारेमा पनि सोधखोज गर्न खोजी । आफ्ना रहस्यहरू आफैंदेखि लुकाउन मन पराउने म उसलाई के भन्न सक्थें र ? मौनता आफैंमा एक भयङ्कर जवाफ हो भन्ने जान्दाजान्दै एक वाक्य बोलें– "उमेरले आधा शताब्दी बढी कटाएको बाहेक म त्यस्तै छु जस्तो तिमीले छाडेकी थियौ ।" उसँग छोडपत्र भएको चिन्ताले मेरो बुवाको अकालमै ज्यान गएको भन्न सकिनँ मैले ।

उसँग छुट्टिएको समयताका फोनको सहजता थिएन । पछि मोबाइल सेवा शुरु भयो । सामाजिक सन्जालहरू आए । कहिल्यै खोज्ने, बुझ्ने र जान्ने सोच

आएन । फर्केर हेर्ने रहर थिएन, ऊ मेरी रहिनछ र पो छुट्टिई, यो जीवनमा फेरि कहिल्यै पनि भेट नहोस् भन्ने लाग्दथ्यो । कतिपय कुरा पाएर गुमाउनु पर्ने, अनि कति कुरा गुमाएर पनि मुस्कुराउनु नै जिन्दगी रहेछ । हराएकी भए खोज्थें होला, बदलिएकी थिई खोज्नु थिएन मैले भन्दै सम्हालिएर बसेको थिएँ । उसलाई यो सबै भनिनँ, मनमनै सोचिरहैं मात्रै । मौनताको बीचमै पुनः उही बोली– "ठिकै हो, मैले सुनेर अब के नै गर्न सक्छु र ? हजुर टाढा हुनुहुन्थ्यो । सबै कुरा खोल्ने आँट आएन, अल्लारे बेलामा बुद्धि पुगेन, परिपक्वता पनि पुगेको रहेनछ । आमाको पनि महत्वाकाङ्क्षा बढेको रहेछ मैले केही सोच्नै सकिनँ" भन्दै गई । म पुराण सुने झैं सुनिरहें । थप सुनाउँदै गई ऊ । कुनै दिन भेट होस् सबै यथार्थ सुनाएर मन हलुङ्गो बनाएर बाँकी जीवन बिताउन पाऊँ भनेर भगवान्सँग पुकारा गर्दथें । साँच्चै भगवान्ले सुन्दा रहेछन्, भेट गराइदिए, आज साह्रै खुशी लागेको छ । साँच्चै ..., आजजत्तिको खुशी त उसलाई पहिले कहिल्यै देखेको थिइनँ कि जस्तो लाग्यो मलाई पनि ।

कुराकानीकै बीच उसको साथीको फोन आयो, एक घण्टामा भेट्ने कुरा गरेर फोन राखी । "हजुरको बारेमा केही सुन्न नपाए पनि मेरो केही गुनासो छैन अब । म टेक्सास राज्यको ह्युस्टनमा बस्छु, राम्रै जागिर छ, घर किनेको छु, यतैको नागरिकता लिइसकें । हजुरलाई भेट्ने ठूलो इच्छा थियो त्यो पनि पूरा भयो आज, अब मैले हजुरका लागि केही गर्न पाए शुद्ध प्रायश्चित हुन्थ्यो, मौका दिइसिन्छ र ?" भन्ने प्रश्न गरी । म टोलाईरहें, मेरा शब्द, बाक्य केही फुटेनन् । मेरो मुहारको हविगत देखेर होला, ह्युस्टनको घर ठेगाना दिँदै मेरो घरमा हजुरलाई स्वागत गर्न आतुर छु म, जसरी पनि समय मिलाइसेला है भन्दै गर्दा उसको गला अवरुद्ध भैसकेको बुझें मैले । आँखाका डिलसम्मै छचल्किन आइपुगेका अश्रुलाई आँखामै अड्याउने प्रयत्न गर्दै थिई, सकिनछ क्यारे हातैले पुछ्दै बाइ ... गरेर बिदा भई । आफ्नो बारेमा केही नसुनाएर ठिकै गरें या बेठीक ? ऊ गलत थिई वा म ? कहाँ के कमजोरी थिए वा भए ? जिन्दगीमा कतिपय चोटहरू मृत्युपछि मात्रै निको हुन्छ भन्थे मान्छेहरू, तर मेरा चोटले मलहमपट्टी पाए कि, नुनचुक, सोच्दै निस्कें म पनि । उसले गरेको आमन्त्रणले झन् भ्रमित बन्दै थिएँ म । त्यही बेला मेट्रो ट्रेन आइपुग्यो त्यही चढेर लागें होटलतिर म पनि ।

**आवद्धताः नेपाल विद्युत प्राधिकरण**

# कविता शरणार्थी होइन



सानुराजा श्रेष्ठ 'अन्जान'

अनगिन्ती ढुकढुकीहरू समेटेर
असीमित चाहना, इच्छा र
जिजीविषाहरू बोकेर
इन्द्र अधिकारी पनि
भुटानबाट शरणार्थी भएर
पूर्व नेपाल झरेको छ ।

चारजना लालाबाला र बूढीसमेत
नेपाल पसेको इन्द्र अधिकारी
एउटा कविताको विषयवस्तु,
ऊ स्वयं शरणार्थी भएको छ
उसको परिवार कविता होइन
तर महाशय !
कविता -
शरणार्थी होइन
कविता -
कसैको जागिर होइन
उसलाई कसैले शरणार्थी बनाउन सक्दैन
इन्द्र अधिकारीलाई जस्तै कवितालाई
खेद्न सकिँदैन
कविता शरणार्थी होइन ।

०००

पशुपति देउपाटन, वडा नं.८
का.म.न.पा., नेपाल ।



# पचास प्रतिशत छुट

जयराम आचार्य

आमा एक्कासि बिरामी पर्नु भयो
हतार हतार अस्पताल लगियो
डाक्टरले यसो कर्के नजर लगाउँदै
एउटा चिर्कटो थमाए अनि भने–
यी सबै परीक्षणहरू गराउनू
अनि रिपोर्ट देखाउनू
लामो लाइन छिचोल्दै पुगें काउन्टरमा
राम्रै शुल्क मागे भित्रबाट
तिर्नुअघि सोधें
नानी ! पचास प्रतिशत छुट गरिदिनुस् न
उनले हाँस्दै भनिन् – 'मिल्दैन हजुर !'

छोराछोरीको भर्ना गर्न स्कूल गएँ
भर्ना, मासिक शुल्क, परीक्षा, खेलकूद
अतिरिक्त क्रियाकलाप सबै गरी
छ डिजिटको बिल थमाए हातमा
क्यासियरलाई भनें–
हजुर ! पचास प्रतिशत छुट गरिदिनुस् न !
उनले हाँस्दै भने– 'मिल्दैन हजुर !'

महिनैपिच्छे आउने बिजुली, पानीको बिल
समयमै नतिरे जरिवाना लाग्ने, गएँ तिर्न
लाइन लामै थियो, अगाडि पुगेपछि
काउन्टरवालालाई भनें–

सर मलाई पचास प्रतिशत छुट गरिदिनुस् न
तिनीहरूले झर्कंदै भने– 'मिल्दैन हजुर !'

छोराछोरी, श्रीमती, आमा, बा सबैलाई भनें–
'अबदेखि हामी आधा पेट मात्र खाऔं है !'
ठूलाले त मान्ने नै भए
तर छोराछोरीले भने पटक्कै मान्दै मानेनन्
तिनीहरूले मलाई भने–
'मिल्दैन, हुँदै हुँदैन
हामीहरूलाई त
पेटभरि खान दिनैपर्छ !'

होइन, यी सबै असुलवालाहरूले
किन बुझ्दैनन् मेरो पीडा
म त प्राविधिक होइन नि
प्रशासन सेवाको कर्मचारी पो हो त
मलाई मेरो संस्थाले दिने सेवा सुविधामा
शुरुमा नै पचास प्रतिशत छुट दिन मिल्छ भने
यिनीहरूले किन नमिल्ने रहेछ ?
लौ न ! कसैलाई थाहा भए बताइदिनुस् न हजुर ।

**आबद्धता : नेपाल विद्युत प्राधिकरण**



# उच्चस्तरीय संयन्त्र गठन गरौं

अनिल पौडेल

तिम्ले थुप्रै डाडु भाँचिसक्यौ
चलो छैयाँ यै ढाडमा नाचिसक्यौ
छोरो डराएर भागेको थुप्रै भो फर्केर आ'को छैन
गालीले पेट भरिने रैनछ हरू क्यै खा'को छैन ।

जङ्गबहादुर बन्न नखोज..यो सोभाउ खराब छ तिमीलाई
यो टुटुल्को उम्रेको हैन चिउरी..यसले सराप्छ तिमीलाई
मैले टुच्च लाएर आएँ सरक्क भित्र गएकी भए के हुन्थ्यो ?
गाली गऱ्यौ, एस्सो हानें सहेकी भए के हुन्थ्यो ?

यो घर सर्कार चल्दैन यसरी सल्लाहमा विघटन गरौं,
चिउरी फाल पऱ्युँ आउ उच्चस्तरीय संयन्त्र गठन गरौं...!

दातृ निकाय खोजेर दिनहुँ छोइला चपाउँला,
हाम्लाई पनि राख भन्ने कोही भए डन्ठी लाएर धपाउँला,
तिमी पनि अर्केसँग फिलिम हेर्न नजाऊ म पनि अर्कीसँग जाँदिन,
भुत्ते मुक्काले अघाइँदैन, दूधभात देऊ...छ्या..त्यो रक्सी त खाँदै खादिंन,

वास्तवमा म त सोझो हुँ, त्यसै जतासुकै हिनेकै छैन,
हिजो अँगालो हालेकी केटी को हो रे ?? खै को हो मैले चिनेकै छैन !
भुलिदेऊ विगत...
अब सर्वपक्षीय घरसर्कार गठन हुने बाटो खनाऔं
जम्मै विकल्प खुल्ला छन् पुष्पेकी आमा आउ उच्चस्तरीय संयन्त्र बनाऔं ॥

यो सम्बन्ध अझै चाहिन्छ यसलाई यत्तिकै पूरा नगर
टुटुल्को, निलडाम बिर्सिएँ मैले, तिमी पनि लात्ती हानेका कुरा नगर
बरण्डाबाटै खँदार्‍यौ दया पलाएन हेरेको हेर्‍यै गर्‍यौ
सकेसम्म त मैले पनि हानें तर दमन तिम्ले धेरै गर्‍यौ
तिम्ले ढुङ्गाले हानेको ढाड ग्वाच्च-ग्वाच्च गरिरहन्छ,
फरुवाको बिँडले लागेको पातो च्वास्स-च्वास्स गरिरहन्छ,
तैपनि भन्दैछु हामी निजी स्वार्थभन्दा पारि तरौं,
साँच्चै आऊ चन्द्रीकी आमा उच्चस्तरीय संयन्त्र गठन गरौं ।

*आबद्दता : नेपाल विद्युत प्राधिकरण*

---



# गीत

**श्यामकृष्ण डंगोल 'प्रतीक्षा**

माया गरें आफ्नै ठानी विश्वास गरें धेरै
उनलाई दिलमा सजाउनु गल्ती थियो मेरै ।
झुटो रैछ उनको माया छुट्नु पर्‍यो नचाहेरै
छल गर्नेको भीडबीच साँचो माया हराउँछ ।
मनमा आँधी, हुरी चलाई प्रेम-दियो निभाउँछ
पीर, ब्यथा, आँसुसँग साट्दै जीउन खोजेको छु ।
मनका इच्छा मनभित्रै मार्दै जीउन खोजेको छु
सँगै बाँच्ने सपना देखाई आखिरमा छोडी दिइन्
गरेका ती बाचाहरू आज उनले तोडी गइन्
उनको झल्को आइदिन्छ मलाई आज भुले पनि
कुनै कष्ट नहोस् तर पराइ मनमा फूले पनि ।

धर्मस्थली-३, काठमाडौं



# नेपाल, पशुपति र शिवलिङ्ग चिनाउने ज्ञान सूचक

युवराज शर्मा

मनास्लुसँग मन, पृथ्वीनारायणसँग जीवन, स्वामी प्रपन्नाचार्यसँग ज्ञान लिएर सभ्यता र संस्कृति जगाउने अभियानमा लागेका संस्कृतिविद् अनुसन्धानकर्ता र ज्योतिषका ज्ञाता हुन्– हरिप्रसाद सोडारी ।

सोडारीले यसभन्दा पहिला 'अनेकौं दृष्टिमा', 'राष्ट्रनिर्माता' लगायत २१ पुस्तक सम्पादन र आफ्नै लेखनमा 'के ईश्वर छ ?', 'साधनाको अनन्त यात्रा', 'स्वामी प्रपन्नाचार्य', 'धर्मभित्रको विज्ञान' आदि पुस्तक प्रकाशन गरेका छन् । पछिल्लो पटक शिवलिङ्गभित्रको विज्ञानमार्फत् शिव, नेपाल र पशुपतिका बारेमा गहन अध्ययन र खोजमूलक सामग्रीका साथ तयार गरिएको पुस्तक पाठकलाई पेस गरेका छन् ।

'नेपाल के हो ?' बाट पुस्तक शुरु भई 'नेपाल आर्यावर्त भूमि हो' भन्नेमा समापन भएको छ । विश्वविद्यालयमा बर्सौं समय र ठूलो रकम सकिँदा पनि प्राप्त नहुने ज्ञान दिन पुस्तक र लेखक सफल भएका छन् ।

हाम्रो पूर्वीय समाजमा शिवलाई कथामा, महादेवलाई पुराणमा, देवीलाई तन्त्रमा सीमित गर्ने होइन, युगअनुसार अध्ययन गरी जीवनसँग जोड्नुपर्छ भन्ने लेखकले पुस्तक तयार गर्दा निकै मिहिनेत गरेको पाइन्छ ।

नेपालको गौरवमय इतिहास र नेपाल किन देवभूमि हो भन्ने पनि पुस्तकमा यथेष्ट प्रमाण छ । साथै प्राकृतिक भूस्वर्गको व्यापक विवेचना छ ।

मानिसको उत्पत्तिका बारे र मनुले तपस्या गरेको मनास्लु हिमाल, मनुस्मृतिबारे वैज्ञानिक खोज छ । नेपाली हावापानी र माटो, ज्ञान, ध्यान र सत्कर्मको लागि भन्ने यथेष्ट वैदिक प्रमाण छ ।

इतिहासदेखि वर्तमानसम्म नेपालमा को किन आए र यहाँ आउनेहरू सबै सम्मानित भए भन्ने प्रमाण लिच्छविदेखि खप्तड स्वामीसम्मको चर्चाबाट प्रस्ट पारेका छन् ।

नेपालमा सतीको सराप र सतीको दार्शनिक व्याख्या ऐतिहासिक तथ्य र सतीले कसरी पुऱ्याउँछ मसानघाट भन्ने बारेमा पुस्तकमा समेटिएको छ । भीम मल्ल र भुवनलक्ष्मीको प्रसङ्गलाई ऐतिहासिक तथ्यको आधारमा व्याख्या गरिएको छ ।




मूर्ति निर्माणको इतिहास मूर्तिमा भएको हाम्रो पुर्खाको कला, प्रकृतिको छटा, ईश्वरको स्वरूप र विज्ञानका बारेमा पुस्तकमा चर्चा गरिएको छ । मन्दिर र मूर्ति कसरी हेर्ने मन्दिर बाहिरको कलालाई कसरी बुझ्ने पुस्तकले पढाएको छ ।

मूर्तिका सूचना र राष्ट्रिय राजनीतिक घटनाका बारेमा नेपाल संवत् ७८७ मा मच्छिन्द्रनाथको आँसुदेखि वि.सं. २०७७ पौष ५ गते भीमेश्वर, पलाञ्चोक र उग्रचण्डीमा पसिना आएको तथ्य र सो समयमा घटित राष्ट्रिय घटनाहरू पनि सिलसिलेवार रूपमा आएका छन् ।

मन्त्र के हो, मन्त्रको सङ्गालो वेद र नियमबद्ध रूपमा मन्त्र उच्चारण गर्दा हुने लाभको सामाजिक मान्यताका आधारमा विश्लेषण गरिएको छ ।

पशुपतिनाथ मन्दिरको उत्पत्ति, कसका देवता ? किन पाशुपत धाम होइन र ? पशुपतिका पाँच मुखबारेमा व्यापक तथ्यगत ऐतिहासिक प्रमाणसहितको व्याख्या छ । केदारनाथको शिर पशुपति कसरी हो ? पशुपति क्षेत्र किन जाने ? कसरी दर्शन गर्ने व्याख्या र प्रमाण छ ।

गाँजाको औषधीय गुण र खरानी विज्ञानको चर्चा छ । रुद्राक्ष महादेव नीलकण्ठको व्यवहारिक सम्बन्ध बारेमा जान्न सकिन्छ ।

ब्रह्माले पहिलो पटक देखेको जेष्ठ र श्रेष्ठ मूर्ति शिवलिङ्ग के हो ?, कसको अङ्ग हो ?, कहिले उत्पत्ति भयो ?, किन पुज्ने ?, चन्दनको महत्त्व, शिवलिङ्गमा के हुन्छ ?, शिवलिङ्ग बनाउने पहिलो मूर्तिकार विश्वकर्मा, शिवालय कसरी घुम्ने ?, शिवलिङ्गका प्रकार, केबाट बनाउने ?, शिवलिङ्ग कसरी बनाउने ?, कहिले बनाउने ?, कहाँ राख्ने ?, कसरी राख्ने ?, शिवलिङ्गमा बेलपत्र किन चढाउने ? आदिको वैदिक प्रमाण छ ।

शिवालय कस्तो हुनुपर्छ ? शिवालय कहाँ बनाउने ? प्रमाणका लागि नारायणहिटी राजदरबार बाहिर किन नारायण मन्दिर बनाएको प्रमाण पेश गरेका छन् । ऐतिहासिक धार्मिक महानुभावहरूले स्थापना गरेको शिवलिङ्गको चर्चा छ । दर्शन गर्न र पुज्न योग्य शिवलिङ्ग कसरी पहिचान गर्ने ज्ञान पनि छ । व्यापक रूपमा वैज्ञानिक सम्भावनाका सबै कोणबाट शिवलिङ्गको अध्ययन यस पुस्तकमा गरिएको पाइन्छ ।

शिवरात्रि, मोहरात्रि, कालरात्रि र सुखरात्रिको प्रमाणिक व्याख्या छ । पुस्तकमा गाँजा खाएर धर्मको मर्म बिगार्नेलेलाई प्रश्न पनि छ । गाँजा र जीवन विज्ञानको बोध पुस्तकले गराएको छ ।

बालाचतुर्दशी (शतबीज छर्ने चतुर्दशी) को महत्त्व र मर्म, पितृ सन्तुष्ट र मुक्तको शास्त्रीय व्याख्या छ ।

सतीदेवी र नेपालमा रहेका ६४ शिवलिङ्गको जानकारी छ । पाशुपतक्षेत्रका ७ शिवलिङ्ग साथै शिव र महादेवको विविध आयमबाट व्याख्या छ ।

मसानघाटलाई विश्वकै ठूलो विश्वविद्यालय र जीवनबोध गराउने महत्त्वपूर्ण स्थलको दार्शनिक पौराणिक र आध्यात्मिक व्याख्या छ । आर्यघाट नभए बागमतीको स्पर्श भूमिमा जल्न चाहनुको आध्यात्मिक रहस्य । नेपाल आर्यावर्त हो भन्ने ऋग्वेदीय प्रमाण साथमा रामायण र महाभारतका आर्याका परिभाषा समेटिएको छ ।


बसोबासको हिसाबले असी प्रतिशतभन्दा बढी हिन्दू रहेको नेपाल के कति प्रमाणले शैव क्षेत्र हो । साथै पशुपतिनाथ मन्दिर आध्यात्मिक धार्मिक मन वचनले दर्शन गर्नुपूर्व अध्ययन गर्नुपर्ने पुस्तक यो हो भन्दा फरक नपर्ला । पुस्तकमा पेश गरिएका तथ्थलाई प्रमाणित गर्न धार्मिक ग्रन्थहरूको यथेष्ट आधार लिइएको छ । सरल लयात्मक र बोधगम्य वाक्य गठन छ । पुस्तकमा देशका महत्त्वपूर्ण शक्तिपीठमा रहेका शिवलिङ्गको चित्रले पुस्तक पठन र शिवलिङ्गको दर्शन गर्न नयाँ उत्सुकताको वातावरण बनाएको भान हुन्छ ।

यस पुस्तकले नेपाल, पशुपति र शिवलिङ्गको बारेमा जान्न बुझ्न चाहनेहरूका लागि ज्ञानको पोको हो । जसले पुस्तकको अङ्कित ६५५।– मूल्य सस्तो नै भएको भान हुन्छ ।

पुस्तक पढ्दै जाँदा नेपाल किन धर्मको मूल र आध्यात्मको केन्द्र हो थाहा हुन्छ । पुस्तकभित्र ज्ञानको भण्डार, रहस्यको पोको, विगतको समृद्धि वर्तमानको बेथिति प्रस्ट छ भने भविष्यप्रति निकै आशावादी हुने शिवतत्त्वले जगाएको ऊर्जा सबै पाठकले मनन गर्न सक्छन् ।

**आबद्दता : नेपाल विद्युत प्राधिकरण**

# पाठकको लहरी–लहरी



अरुणबहादुर खत्री 'नदी'

कवि एवम् गीतकार वीरेन्द्र पाठकको 'लहरी–लहरी' नामक गीतसङ्ग्रह २०८१ सालमा चौथो कृतिको रूपमा प्रकाशित भएको छ । यसभन्दा अगाडि उनका 'कहीं घाम कहीं छायाँ' गीतसङ्ग्रह–२०५८, 'अनुकम्पा' कवितासङ्ग्रह–२०७४ र ' अनुग्रह गीतसङ्ग्रह'–२०७४ मा प्रकाशित भइसकेका छन् । लहरी–लहरी गीत सङ्ग्रहभित्र उनीद्वारा रचिएका १३३ वटा गीतहरू समावेश भएका छन् । उनले यस सङ्ग्रहभित्रको पहिलो गीतमा पवित्र तन, पवित्र मन प्रभुलाई प्यारो लाग्छ प्रभु स्मरण, पवित्र जीवन भनेर लेखेका छन् । 'अविरल परिरह्यो परिरह्यो पानी, कहिले भेट होला हाम्रो रुइ्यो जिन्दगानी' भनेर उनले गीतमा लेखेका छन् । उनको सबैजसो गीतहरूमा प्रेमभावको अभिव्यक्ति छ । यस सङ्ग्रहभित्रका धेरैजसो गीतहरूमा पाठकले प्रेमलाई कथ्य विषय बनाएका छन् र उनले प्रस्तुत गरेको प्रेम निकै लोभलाग्दो पनि छ । हिजोआज प्रेमको नाममा प्रशस्त विकृति आइरहेको छ । उनले भने कतिपय गीतमा प्रेमको आदर्श रूप प्रकट गरेका छन् । उनको गीतले नेपाल बुद्धको, ज्ञानी जनकको, सीता–भृकुटीको र पशुपतिनाथको देश भन्ने आशय व्यक्त गरेका छन् ।

*फुलेका छन् वनभरि रङ्गीबिरङ्गी फूल*
*नटिपूँ त झरी जालान् टिपूँ होला भूल । पेज नं. १८*

उनले लेखेका प्रायःजसो गीतहरू जिन्दगी, प्रीत, मिलन, बिछोड, सपना, फूल आदिसँग सम्बन्धित छन् । 'उसले बोलेकै राम्रो', 'उसले हाँसेकै राम्रो', 'आँखामा देखेको मनको तस्वीरै राम्रो' उनले गीतमा लेखेका छन् । 'पानी पर्ने, घाम लाग्ने, हावा चल्ने, चिसो हुने मेल्बर्नको मौसम रै छ छिनछिनमा बदलिने' भनेर उनले लेखेका छन् । 'बन्न नसके तापनि सबैलाई रिझाउने, बन्दै नबनूँ म काँडा कसैलाई बिझाउने' उनले गीत बनाएर लेखेका छन् । 'मैले हारें, साँच्चै हारें तिमीसँग हारें' भनेर हार खाँदै गीतकार पाठकले लेखेका छन् । झन्डै साढे चार

दशकदेखि गीत लेख्दै आएका पाठक एक सिद्धहस्त शब्दशिल्पी हुन् । नेपाली गीत लेखनमा उनको उपस्थिति अत्यन्त लोभलाग्दो र आशालाग्दो छ । शृङ्गार र करुणाका भावका गीत लेखनमा उनको कलम बेजोडसँग कुदिरहेको देखिन्छ । यिनले लेखेका गीतहरूमा सरल भाषाको प्रयोग भएको छ । 'आत्मालाई आत्मासँग जोड्न चाहन्छु, यो बाटोमा आफूलाई मोड्न चाहन्छु' भनेर हामीलाई गीतमार्फत् पु¥याएका छन् । 'बदलिँदो छ समय बदलिँदो शहर छ, बदलिँदो छ मन पनि बदलिँदो रहर छ' शहर र मन बदलिएको बारेमा उनले गीत लेखेका छन् ।

*दङ्ग परिराछु तिम्रो तस्वीर हेरी अरे*
*कति सुन्दर रै छौ तिमी हुने मेरी अरे । पेज नं. ७१*

उनले आफ्नो गीतभित्र 'आमा फेरि तिमीले संसार देखायौ, अनन्त जन्मदेखि मलाई हुर्कायौ' भनेर आफ्नो जन्म दिने आमालाई भनेका छन् । 'अहङ्कारलाई किन उसले समाएको होला, ऊभित्र यो किन यति रमाएको होला' भनेर आफ्नो भावना पोखेका छन् । गीतकार पाठकले यस सङ्ग्रहभित्र लेखेका गीतहरू सरल भावका छन् । 'भोलेनाथ जसले प्रेमले लियो तिम्रो नाम, मनमन्दिरमा पायो उसले तिम्रो धाम' भनेर भजन पनि लेखेका छन् । 'नराख वास्ता मसँग म त परदेशी, आज यहाँ भोलि कहाँ म त परदेशी' भनेर आफू परदेशी बनेका छन् । गीतकार पाठकलाई हरिया दूबोमाथि हिंड्दा, हरिया रुखहरू देख्दा र साथीहरूसँगको भेटघाटमा रमाइलो भएको छ । 'ईश्वरको बास छ रे कण–कणमा, देख्नु छ ईश्वरलाई त्यसैले सारा मन्दिरमा, तीर्थस्थलमा, कण–कणमा' उनले आफ्नो गीतभित्र लेखेका छन् । 'बच्चालाई आमाबाट नछुट्याऊ, नछुट्याऊ, शरीरबाट प्राणलाई नअलग्याऊ, नअलग्याऊ' भनेर सन्देश दिएका छन् ।


*तिम्रो दर्शन कहिले होला कहिले प्रभुजी*
*कहिले होला कृपा ममा कहिले प्रभुजी । पेज नं. ५१*

राष्ट्रिय भावनाका गीत, बालगीत, भक्तिरचना र आधुनिक गीत गरी हालसम्म १०० (एकसय) गीत रेकर्ड भइसकेका उनका थप गीतहरू रेकर्ड हुने क्रममा रहेका छन् । 'बलेकै आगो' शीर्षकको गीतमा बल्नेहरू त निभ्छन्, जित्नेहरू हार्छन् जिन्दगीको खेलमा आउने त जान्छन् भनेर उनले गीत मार्फत लेखेका छन् । 'दिल यो मेरो भरि–भरि कहिले खाली–खाली, भरि हुँदा बजाउने कि खाली हुँदा ताली' भनेर उनले गीतमा भनेका छन् । जस्तो कोही रथी रथ होइन त्यस्तै देही म देह होइन भनेर उनको गीतले बोलेको छ । गीतकार पाठक आफ्ना गीतहरूमा शान्त

र शालीन देखिएका छन् । उनका अधिकांश गीतहरूमा संवेदनाका स्वरहरू, विम्बात्मक, कलात्मक र प्रतीकात्मक रूपमा कुशलतापूर्वक प्रस्तुत गरेको पाइन्छ ।

*पिउने चाहनालाई मिल्छ पिउने बहाना*
*कहिले बिरह कहिले खुशी पिउने बहाना । पेज नं. ८४*

गीतकार पाठकले 'भन्दिनँ म दुनियामा को छ सहारा, जो छ चिन्ता लिने ऊ छ सहारा' भनेर गीतमा लेखेका छन् । अन्त्यमा गीतलेखनमा उनको कलम अगाडि बढ्दै जान सकोस् । भविष्यमा यस्तै अन्य कृतिहरू पनि निस्केर हामीले पढ्न पाउने नै छौं भन्न चाहन्छु ।




प्रकाशकः **भुँडीपुराण प्रकाशन, बागबजार, काठमाडौं**
गीतकारः **वीरेन्द्र पाठक**
सम्पादकः **विमल भौकाजी**
संस्करणः **प्रथम बुद्धजयन्ती, २०८१**
मूल्यः **रु.२७५।-**
पेजः **१३७**

*'लहरी लहरी' गीतिसङ्ग्रहका स्रष्टा वीरेन्द्र पाठक नेपाल विद्युत प्राधिकरण विद्युतकर्मी साहित्यिक समाजका पूर्वअध्यक्ष हुनुहुन्छ ।*

# विद्युतकर्मी साहित्यिक समाज

## संस्थापक कार्यसमिति - २०५६

अध्यक्ष- कुलप्रसाद पराजुली
उपाध्यक्ष- केशवप्रसाद रूपाखेती
सचिव- कृष्णमोहन जोशी
सहसचिव- पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष- कमला श्रेष्ठ
सदस्यहरू- गङ्गा अधिकारी,
भगवती प्रसाईं, मातृका पोखरेल,
रमेशप्रसाद तिमिल्सिना,
रमेशप्रसाद न्यौपाने,
रामेश्वर राउत 'मातृदास'

## प्रथम कार्यसमिति-२०६२

अध्यक्ष- केशवप्रसाद रूपाखेती
उपाध्यक्ष- मातृका पोखरेल
सचिव- कृष्णमोहन जोशी
सहसचिव - कुसुम ज्ञवाली
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल,
चण्डिका रायमाझी, दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ, मोहनकृष्ण उप्रेती, सरिता शर्मा

## दोस्रो कार्यसमिति २०६४

अध्यक्ष- विष्णुबहादुर सिंह
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल,
कुसुम ज्ञवाली, भगवती प्रसाईं,
मातृका पोखरेल, विन्दु शर्मा,
यादवराज घले

## तेस्रो कार्यसमिति २०६७

अध्यक्ष- वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष- गोसाई के.सी.
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- कृष्णदेव रिमाल
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - मातृका पोखरेल, भगवती प्रसाई, विन्दु शर्मा मञ्जुलाल श्रेष्ठ, दीपक दहाल कौशल भट्टराई, ओमप्रकाश घिमिरे

## चौथो कार्यसमिति २०७०

अध्यक्ष- पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- कृष्णदेव रिमाल
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, विन्दु शर्मा,
कौशल भट्टराई, यादवराज घले
चण्डिका रायमाझी, शिशिर थापा
कोमलनाथ आत्रेय, शारदा पराजुली

## पाँचौं निर्वाचित कार्यसमिति २०७३

अध्यक्ष- रामेश्वर राउत मातृदास
उपाध्यक्ष- कृष्णदेव रिमाल
सचिव- मञ्जुलाल श्रेष्ठ
सहसचिव- प्रकाश आचार्य
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - शिशिर थापा, कोमल कौशिक,
मुकुन्दप्रसाद प्रसाईं, सङ्गीता अधिकारी, शारदादेवी भट्टराई,
माधव अधिकारी प्रसून, शारदा पराजुली, दीपा खकुरेल

## छैटौं कार्यसमिति २०७६

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य ९८४१३५४९७२
सहसचिव - यादवराज घले ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली ९८४१३६३३२५
सदस्यहरूः
सङ्गीता अधिकारी ९८४१८२७८३६, विष्णुप्रसाद आचार्य ९८४१५४८४२५, आविष्कार कला ९८५७०३७५८३, बलराम पुडासैनी ९८४१४०५००७, रीता खनाल ९८४१६०२१७२, शारदादेवी भट्टराई ९८४४४७८८३२

## सातौं एवं वर्तमान कार्यसमिति २०७९

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - शारदा भट्टराई पोखरेल ९८४४४७८८३२
सचिव - विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
सहसचिव - शारदा पराजुली ९८४१३६३३२५
कोषाध्यक्ष - मुकुन्दप्रसाद प्रसाईं ९८४३०५१४५०
**सदस्यहरूः**
सङ्गीता अधिकारी ९८४१८२७८३६
आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७
रीता चालिसे खनाल ९८४१६०२१७२
भोला शर्मा ९८४१३३७७७२,
मिमन पुलामी ९८४५९५८४५३

## विद्युतकर्मी साहित्यिक समाज
## आजीवन सदस्यहरूको नामावली

**संरक्षक :**

कुलमान घिसिङ
(कार्यकारी निर्देशक, नेविप्रा)

**सहसंरक्षक:**

मोहनबहादुर कायस्थ ९८५१०१५०३५
विष्णुबहादुर सिंह ९८५१०२१८०९
डम्बरबहादुर नेपाली ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय ९८५१०७२०४८
शेरसिंह भाट ९८५१०३८५४०

**संस्थापक आजीवन सदस्यहरू:**

कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमला श्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमिल्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

**आजीवन सदस्यहरू**

१. विष्णुप्रसाद उपाध्याय–
२. रमा पोखरेल–
३. रम्भा शर्मा अधिकारी – ९८४१६८१४७५
४. शान्ता सुवेदी – ०२१-४६०६८८
५. कुमारप्रसाद ओझा – ९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला– ९८५१९६८७६१
७. चिरन्तनविक्रम राणा – ९८५१०१८८४४
८. देवराज प्रसाईं – ९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती – ९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे – ९८४१२८६२६७
११. भुवनचन्द ठकुरी – ९८०१००२००२
१२. रामप्रसाद अधिकारी–
१३. अच्युत नेपाल – ९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान – ९८५११०६१०७
१५. कौशल भट्टराई – ९८४१४४७११०
१६. दण्डपाणि बस्याल – ९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल– ९८४१३४९८५४
१८. गौरीमान कडरिया–
१९. बद्रीनाथ रोक्का–
२०. बेलप्रसाद शर्मा – ९८४१४११६४४
२१. मातृका बजिमय – ९८४३६६९०५१
२२. सरिता शर्मा–
२३. काशिराम शर्मा – ९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल–
२५. विष्णुप्रसाद आचार्य – ९८४१५४८४२५
२६. कुसुम ज्ञवाली –
२७. केशवराज पन्त –
२८. चिरञ्जीवी शर्मा–
२९. टङ्क श्रेष्ठ– ९८५११२३३९३
३०. ध्रुवराज भट्टराई–
३१. रमापति पराजुली – ९८४२०२७७५६
३२. विन्दु शर्मा – ९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य – ९८५१०५४३६०
३४. हरिहरमान पालिखे–
३५. प्रकाशजङ्ग राणा–
३६. राष्ट्रभूषण प्रधान – ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल – ९८४११९६८८८
३८. कौशिला देवान– ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक – ९८४१२७८६५८
४०. सरोज अर्याल – ९८४६०८८२३१
४१. यादवराज घले – ९८४१३६१६९६
४२. उषा सिंह – ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ– ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी– ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल – ९८४१८३५६८५
४६. राजु शर्मा – ९८४१४२६४६२
४७. रीता खनाल – ९८४१६०२१७२

४८. भानुभक्त भट्टराई - ९८४९३६५९९७
४९. सुभाष दाहाल - ९७५१००८२२६
५०. सिन्धु यादव-
५१. नवराज भट्ट-
५२. रङ्गराज सिंखडा-
५३. भोजराज पौडेल-
५४. अनिरुद्रप्रसाद यादव - ९८४१५०२३५८
५५. हरिकृष्ण शाह - ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय - ९८४१३९०१९३
५७. दीपक दाहाल - ९८४९१७४७९९
५८. आर. आर. चौलागाई - ९८४५३५१०००
५९. कृष्णहरि दाहाल - ९८५११९९००२
६०. गोसाईं के.सी. - ९८५१०१२२५३
६१. मधुकर थापा -
६२. ओमप्रकाश घिमिरे - ९८४१६३५९१९
६३. सुजाता थापा - ९८४१३८९४३१
६४. दीपकराज आचार्य -
६५. गङ्गालाल श्रेष्ठ-
६६. राजकुमार रमण - ९८४१२३४३५३
६७. उमा घिमिरे - ९८४१९३२५४२
६८. महामनचन्द्र खनाल ९८४१५९८३३१
६९. समीरा नेपाल-
७०. दीपक ढकाल - ९८४३८४८८९५
७१. शङ्कर खड्का- ९८४१४४९८५३
७२. कालिकाप्रसाद पनेरू ९८४१८१८२५७
७३. प्यारू राणा - ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी - ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ- ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल - ९८५११९०६७५
७९. कोमल कौशिक - ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने - ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी - ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल - ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित - ९८५११०४५६७
८४. केशवराज वाग्ले-
८५. राजु के.सी. - ९८४१४०२७३५
८६. चण्डिका रायमाझी - ९७४१०१८८३४
८७. मनोरञ्जन मल्ल ठकुरी - ९८४१४०२८३६
८८. तारादत्त भट्ट - ९८५११२८६९८
८९. शारदा पराजुली - ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट - ९८४८०२४९६५
९१. कपिलदेव महतो - ९८४१२७२७६६
९२. थर्कबहादुर थापा - ९८४१२२४९३९
९३. इन्दिरा पौडेल -
९४. शारदादेवी भट्टराई - ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ- ९८१०३६३९३०
९६. टीकाराज कार्की- ९८५१०६९५६८
९७. प्रकाश आचार्य - ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान - ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना- ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल - ९८४१५४८३९३
१०१. शिव राई - ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी- ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई - ९८४१२२८४५९
१०४. सुशीला लामा - ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ- ९८१८२५६८४६
१०६. ध्रुवकुमार उप्रेती - ९८५१०३६७७६
१०७. चूडामणि आचार्य - ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम - ९८४८६१३८८९
१०९. इन्दिरादेवी दाहाल - ९८४१४०४७४७
११०. अङ्ग खड्का 'अनुप' - ९८४९४४७४८९
१११. बलराम पुडासैनी - ९८४१४०५००७
११२. केदारराज सिलवाल - ९८५१०९४४५९
११३. भरतकुमार खड्का - ९८५१०३४६७५
११४. भोला शर्मा - ९८४१३३७७७२
११५. उर्मिला शर्मा - ९८४१०५५९५८
११६. चेवन काफ्ले-
११७. मुकुन्दप्रसाद प्रसाई - ९८४३०५१४५०
११८. बलराम चौलागाई - ९८४९२३५४९६
११९. मनोज सिंह - ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल - ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ-

१२२. कृष्णकान्त पण्डित – ९८४१७६२९४०
१२३. देवीमाया दाहाल – ९८४१३३३७९४
१२४. निर्मला सुवेदी – ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने – ९८४६०६५२०६
१२६. लक्ष्मण रेग्मी – ९८५११८८२५४
१२७. देवराज घिमिरे–
१२८. बोधनाथ रिमाल – ९७६१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल – ९८४१५४८३७८
१३०. कल्पना कोइराला – ९८४१८०३२००
१३१. थीरकुमार खत्री – ९८४१५७०९२२
१३२. सोमराज शाह – ९८४१०२७९२७
१३३. सङ्गीता कार्की – ९८४१७४९३४९
१३४. शोभा थापा– ९८४१८६५९०४
१३५. रामशरण उप्रेती – ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल– ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी– ९८५११३०४२१
१३८. दुर्गा काफ्ले – ९८४१५१०५४७
१३९. प्रशून अधिकारी – ९८५११६६८१०
१४०. रामहरि गौतम – ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल – ९८४५४६०५२
१४२. मदन तिम्सिना – ९८५११९८३४५
१४३. हरराज न्यौपाने – ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र – ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी – ९८४१४७५२८७
१४६. मनोज सिलवाल – ९८६८४१२३८८
१४७. कृष्णकुमारी बस्याल – ९८४१७३२२७१
१४८. रमेश पौडेल– ९८४१२५३१८६
१४९. जयराज भण्डारी – ९८४१२४२६५५
१५०. शम्भु बस्नेत – ९८५१०७४००४
१५१. हरिहर बराल – ९८४१३०५२४२
१५२. केदार प्र. धिताल – ९८५११५६०६२
१५३. शिव अधिकारी– ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर – ९८४१२५९९५७
१५५. अजय दाहाल– ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा – ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी – ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल – ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई – ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ– ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई – ९८४१३२०३१०
१६२. मणिराज नेपाल – ९८५१०४००५६
१६३. दीपा खकुरेल – ९८४१४४८५३०
१६४. मैया थापा – ९८४११८४४०३
१६५. सागर ज्ञवाली – ९८५११४०२३०
१६६. शम्भु बस्नेत – ९८५१०७४००४
१६७. राजेशकुमार राजथला – ९८५११५९६५९
१६८. देवेन्द्र अधिकारी – ९८४६११९१७४
१६९. ममता वली खरेल – ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी– ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी – ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य – ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो – ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल – ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे – ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला – ९७४५००७६६६
१७७. नरेश मैनाली – ९८४१४४९०१५
१७८. विकास चित्रकार – ९८४१३६११८९
१७९. सृजना ख्याजु– ९८४१९२३५३३
१८०. विजयप्रसाद दास– ९८६०८०७३८१
१८१. कपिल मिश्र – ९८४११२८०९३
१८२. नलिनी ज्ञवाली – ९८४१६८५९८२
१८३. रीता बस्नेत – ९८६००१३५६१
१८४. सरस्वती अर्याल – ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल– ९८४१२६१६६६
१८६. दीपक भण्डारी – ९८५११२४४८६
१८७. प्रमिला चौधरी – ९८४११९४७०७
१८८. वसन्तराज नेपाल – ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य – ९८६०११९७११
१९०. चन्द्रकला निरौला – ९८४१९२६०८१
१९१. आनन्द सुवेदी– ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने – ९८४१५०१६०९
१९३. अम्बिका खत्री – ९८४१५६२६९७
१९४. प्रकाश पराजुली – ९८४३७२२०९५
१९५. सुभाष पाण्डे – ९८४९०३३७६२

१९६. विकास पुडासैनी - ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला - ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ- ९८५१२०२५२५
१९९. यादवप्रसाद न्यौपाने - ९८५११२३२४५
२००. अम्बिका घिमिरे - ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का - ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ - ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र - ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र - ९८४९८२९६९९
२०५. जनक महत - ९८४१४६३८१३/५५७४४४३
२०६. रमेश खड्का - ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे - ९८५११८६९७३
२०८. केदारप्रसाद पाण्डे - ९८४१३६५४९०
२०९. आविष्कार कला - ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला - ९८४९७५३२३२
२११. विमला खड्का - ९८४६०९६७५७
२१२. पङ्कज राना - ९८४७१९४६०
२१३. जमुना पोखरेल - ९८४१८४७२१३
२१४. रीता खत्री - ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल - ९८९११०५४६६
२१६. गङ्गा सापकोटा - ९८४७५५४१०८
२१७. प्रकाश कुँवर - ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल - ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने - ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल - ९८५११६८२१४
२२१. लोकेन्द्र बहादुर साउद - ९८५१०९९१३३
२२२. अञ्जु कटुवाल - ९८४१२५०७६६
२२३. सरिता डङ्गोल - ९८४१५०२९१२
२२४. खेमराज भण्डारी - ९८५१२४००७७
२२५. सरोज घिमिरे - ९८४१५४८०७२
२२६. हरिप्रसाद अधिकारी- ९८५२०२८४५२
२२७. वीरेन्द्र कुमार झा - ९८५२०२४९४०
२२८. सरोज कुमार श्रेष्ठ- ९८४२०९८६९२
२२९. आनन्द नेपाल - ९८५२०२४६४५
२३०. उज्ज्वलराज नेपाल- ९८५२०३२६१८
२३१. विनोद सुवेदी - ९८४१३०८३९६
२३२. रमेशप्रसाद घिमिरे - ९८५२०३१०७९
२३३. निर्मला शर्मा - ९८४१५४८७२५
२३४. हरिप्रसाद घिमिरे - ९८४१८२१४९२
२३५. राजेन्द्र कोइराला - ९८४१२९२०६०
२३६. शेरजङ्ग कार्की- ९८५११८८८५८
२३७. सुरेन्द्रजङ्ग थापा - ९८५१०४११८८
२३८. राजनप्रसाद प्याकुरेल - ९८४१७००७७०
२३९. तुलाराम गिरी - ९८५११६८२१९
२४०. राजनऋषि कँडेल - ९८४१३४५४२३
२४१. महेश्वर सत्याल - ९८५१०९३१७०
२४२. अनिता बजगाईं - ९८४१६८६३४८
२४३. नागेन्द्रकुमार यादव - ९८५२०३९७०१
२४४. हरिबोल हुमागाई - ९८४११७४८७१
२४५. चाँदनी बि.क. - ९८४७१०७२१४
२४६. राजन पालुङ्गा - ९८४१३७३७७६
२४७. दिनेश शिवाकोटी - ९८४५०१२४६७
२४८. नारायण रेग्मी - ९८५११४७४५४
२४९. सागर शिवाकोटी ९८४१७८१२६४
२५०. उमा न्यौपाने - ९८१३६३६७९०
२५१. मिमन पुलामी ९८४४५९४२३६
२५२. राजन फुयाँल -
२५३. शमशेरबहादुर न्हुच्छे प्रधान
२५४ निरबहादुर भण्डारी - ९८४१३२७४७२
२५५. राजु भण्डारी -९८४६०१०४५५
२५६. जयराम आचार्य - ९८५११३१६९३
२५७. मान्चु कुमारी श्रेष्ठ ९८४१८६५०१५
२५८. ध्रुवराज प्रसाई - ९८४१६०२९२६
२५९ मिलन मनुवा दाहाल - ९८५१०१७३९०
२६०. नारायणप्रसाद रिजाल - ९८५६०४९४६१
२६१. सुरेन्द्र पोखरेल - ९८४१०६१७५४
२६२ नारायणप्रसाद आचार्य - ९८४१७२७३९३
२६३. मधुकर बस्नेत - ९८४१७९०७४८
२६४. रवीन्द्रजङ्ग पाण्डे - ९८५१०३४६४२
२६५. हरिबहादुर थापा ९८४९००२१२३
२६६. सुमनराज मानन्धर ९८४९३९३१६९
२६७. तेजकान्त उपाध्याय - ९८५५०३१९६४
२६८. रञ्जित शाह ९८४९१२४५९०
२६९. विवेक तिम्सिना - ९८५११९९२७३
२७०. सरस्वती केसी - ९८४१८२७७५१
२७१. दीपकराज श्रेष्ठ, ९८४१०९५८७९

२७२. दीपक चौधरी, ९८५११-६२६५०
२७३. गजेन्द्रप्रसाद श्रेष्ठ, ९८४१-३६८५९९
२७४. सरोज श्रेष्ठ, ९८४५०२९६३
२७५. विश्वनाथ लामिछाने, ९८४९५८३३०१
२७६. मीना श्रेष्ठ, ९८४४०६२१४३
२७७. श्रीलाल सुवाल, ९८४१६०४९७७
२७८. सुनिता खड्का, ९८४५०३०९९९
२७९. उपेन्द्र सिंह, ९८४१३०००२६
२८०. प्रेमचन्द्र ठाकुर, ९८४१४५८०१३
२८१. आशिषरत्न शाक्य, ९८४९६२४९८५
२८२. सुलोचना आचार्य, ९८४१८६१८१९
२८३. एलिना कार्की, ९८४३४७३६५९
२८४. अम्बरबहादुर राई, ९८४६७४५४७२
२८५. मधुराम व्यञ्जनकार, ९८५११६६६३४
२८६. इन्दिरा शिवाकोटी, ९८४१५६३३२२
२८७. सोबित थपलिया, ९८४१८९८७२३
२८८. अनिल पुडासैनी, ९८४१४४६५६५
२७९. शोभा दर्लामी, ९८४९१२८४५७
२९०. शिवप्रसाद रिमाल, ९८४१३६७७५८
२९१. विष्णुप्रसाद देवकोटा, ९८५१३२०८३७
२९२. सुनिलकुमार पूर्वे, ९८४४५२६९१६
२९३. रामप्रवेश कुशवाहा, ९८४५१८६३०६
२९४. भक्ती चौलागाईं, ९८६५१५४३९८
२९५. छविलाल अधिकारी, ९८५६०४१९९९
२९६. बबिता पौडेल, ९८४६१३४६०२
२९७. सूर्यप्रसाद पौडेल, ९८४६०७८२२४
२९८. राजु बराल, ९८५६०४६४०८
२९९. लक्ष्मी आचार्य, ९८४६२४७९२१
३००. कृष्णप्रसाद ढकाल, ९८४६३६५१५९
३०१. निरोज पौडेल, ९८५११९१९२६
३०२. कवीन्द्रकुमार झा, ०९६८२१४६४२
३०३. सन्तबहादुर कुँवर, ९८५६९६१८०
३०४. परितोशकुमार चौधरी, ९८४११३३०४५
३०५. राजेन्द्रनाथ पौडेल, ९८४६०३७५०५
३०६. दिलकुमारी श्रीस, ९८४६२०१९२५
३०७. भीमकुमारी श्रीस, ९८४७६१३३३३
३०८. अर्जुन तिवारी, ९८४६०९७६४२
३०९. रामचन्द्र अधिकारी, ९८५६०३२४७२
३१०. अनिल अर्याल, ९८४६१२२६०२
३११. किशोर घिमिरे, ९८५७०६६६८१
३१२. कृष्ण घर्ती (कृष्णा), ९८४७६२३३८७
३१३. सुदिप पौडेल, ९८४६१९९१०४
३१४. गङ्गाप्रसाद शाह, ९८४४०९७५३४
३१५. सुशीला श्रेष्ठ, ९८४६०६१४६०
३१६. शिवेन्द्र यादव, ९८४६८६४१२३
३१७. नमराज रिमाल, ९८४०७३९१७५
३१८. विकास चौधरी, ९८५६०३११९१
३१९. किरण चौधरी, ९८४६९४०५०३
३२०. कृष्णप्रसाद पौडेल, ९८४१३७३५८१
३२१. कृष्णप्रसाद पोखरेल, ९८४७९२९३०७
३२२. सन्तोष गौतम, ९८४१३७८९५१
३२३. शारदाप्रसाद भट्टराई (वशिष्ठ बन्धु), ९८४९९३८१८६
३२४. लीलाकुमारी अर्याल, ९८५१२३२१९६
३२५. सुरेन्द्रकुमार के.सी., ९८५१२०५६२९
३२६. लीलाराज भट्टराई, ९८४२२८०१५२
३२७. युवराज न्यौपाने, ९८५११५२३५४
३२८. पेमा डुम्रे, ९८४६५४६०२९
३२९. खगेन्द्र अधिकारी, ९८४२३१६४७६
३३० कविता पोखरेल सुवेदी, ९८४९६७८४४७
३३१. राजु भट्टराई, ९८४१०३७६२०
३३२. तारादेवी धमला, ९८४१०२५४६५
३३३. लोकेन्द्रबहादुर चन्द, ९८५११८२७५६
३३४. दामोदर काफ्ले, ९८४२३४१२२२
३३५. निलम मरासिनी, ९८४९०७९८५३
३३६. कृष्णकुमार श्रेष्ठ, ९८४९०२१६७०
३३७. सञ्जीव रेग्मी, ९८४१९९१९९२
३३८. अनिल पौडेल, ९८५१०३७०५७
३३९. राजुबाबु पाण्डे, ९८०८९४५६५७
३४०. देवीमाया कोइराला, ९८४३३९९१७३
३४१. राजुप्रसाद तिमिल्सिना, ९८४६४९०६७५
३४१. कमलराज ओझा, ९८४८४३९१८१
३४२. रामराजा ओझा, ९८४१९१५७०५
३४३. सुरज रेग्मी, ९८५११३५०७७
३४४. रवीन्द्र शाह, ९८४५२९७०२८
३४५. सुजित घिमिरे, ९८५६०४८५२०
३४६. टीकाराम पौडेल, ९८५१३१५९२१
३४७. खिलराज राई, ९८४२८४७१८६
३४८. सूर्यराज ढुङ्गाना, ९८४१५४९५९८
३४९. दीपक गौतम, ९८५११४१३३४

### विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | | |
|---|---|---|---|---|
| १. | बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. | गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. | दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. | यथार्थ प्रतिविम्ब | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. | हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. | परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. | अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. | सम्भनाका भिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. | आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. | बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. | ऊर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. | नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. | प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. | अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. | अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. | अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई. आर. घले | विमोचन/प्रकाशन |
| १७. | 'घर फर्कने तिर्खा' | २०७९ | विष्णु आचार्य 'अतृप्त' | विमोचन/प्रकाशन |
| १८. | पछाडि फर्किएर हेर्दा | २०७९ | पुण्यप्रसाद घिमिरे | प्रकाशन |
| १९. | सागरदेखि सागरसम्म | २०७९ | हरिप्रसाद अधिकारी | प्रकाशन |

### 'अमरज्योति साहित्य सम्मान' बाट सम्मानित व्यक्तित्वहरू

१. कुलप्रसाद पराजुली २०६७
२. मोहनबहादुर कायस्थ २०६८
३. पुष्पनाथ शर्मा २०६९
४. विष्णुबहादुर सिंह २०७०
५. कृष्णमोहन जोशी २०७१
६. केशव रूपाखेती २०७२
७. वीरेन्द्र पाठक २०७३
८. पुण्य घिमिरे २०७४
९. मोहनकृष्ण उप्रेती २०७५
१०. भुवनचन्द ठकुरी २०७५
११. मातृकाप्रसाद सङ्ग्रौला २०७५
१२. पुष्कर पुरी २०७५
१३. जुजुकाजी रञ्जित २०७६
१४. देवेन्द्र अधिकारी (दुःखी माइला) २०७६
१५. कमला श्रेष्ठ २०७७
१६. आर.आर. चौलागाईं २०७८
१७. मातृका पोखरेल २०७९
१८. रमेशप्रसाद न्यौपाने २०७९
१९. मञ्जुलाल श्रेष्ठ २०८०
२०. गङ्गा अधिकारी २०८०
२१. राजु शर्मा २०८१
२२. शान्ता भट्टराई सुवेदी २०८१
२३. उपेन्द्र शिवाकोटी (कला सम्मान) २०८१
२४. रुद्र ब.पालुङ्वा (सङ्गीत सम्मान) २०८१

### 'अमरज्योति साहित्य सम्मान' बाट सम्मानित संस्थाहरू

१. शारदा साहित्यिक मासिक, काठमाडौं २०८०
२. साहित्य सन्ध्या, काठमाडौं, २०८०
३. साहित्य सङ्गम, मकवानपुर, २०८०
४. दायित्व वाङ्मय प्रतिष्ठान, काठमाडौं, २०८०
५. प्युठान साहित्य परिषद्, प्युठान, २०८०
६. नुवाकोट साहित्य प्रतिष्ठान, नुवाकोट, २०८०


सस्तोमा विजुली दिँदै नेपाल विद्युत प्राधिकरण ।
उच्च उत्पादकत्वका लागि कृषिमा आधुनिकीकरण ।।
नेपाल विद्युत प्राधिकरण
स्थापित-२०४२
NEPAL ELECTRICITY AUTHORITY
ESTD. 1985
नेपाल विद्युत प्राधिकरण
'उज्यालो नेपालको संवाहक'

उज्यालो नेपालको संवाहक

GO GREEN SAVE EARTH

# देशको ऊर्जा देशमै खपत

